छिटो र सर्वाधिक बिक्री हुने

मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily

www.ejanakpurtoday.com

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १५ • २०८३ साल जेठ २१ गते विहीबार (4 June, Thursday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## भारतमा लामिछानेको सम्मान

**डा.ओपी यादव**

नयाँदिल्ली । भारतले राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा)का सभापति रवि लामिछानेको भ्रमणलाई विशेष महत्व दिएको छ ।

गृहमन्त्री अमित शाहले हतपत विदेशी नेताहरूलाई भेट्दैनन् । लामिछानेलाई विशेष महत्व दिएर नै उनले भेटवार्ता गरेको टिप्पणी भारतीय पत्रकारहरुले गरेका छन् ।

विदेश मामिलाकी जानकार वरिष्ठ पत्रकार सुहासिनी हैदरले 'एक्स' एकाउण्टमा लेखेकी छन् "गृहमन्त्रीले विदेशी नेतालाई भेट्नु एकदमै दुर्लभ थियो । प्रधानमन्त्री नरेन्द्र मोदीले पनि भेटेका छन् ।

'नेपालका प्रधानमन्त्री बालेन्द्र साहको चर्का कुरा र विदेश सचिव मिश्रीलाई भेट्न अस्वीकार गरेपछि दिल्लीले उनको पार्टी प्रमुखका लागि ओछ्याएको रातो कार्पेट रोचक छ ' हैदरले लेखेकी छन् ।

साह प्रधानमन्त्री बनेको लगत्तै नेपाल पुगेका भारतीय विदेश सचिव मिश्रीलाई भेट्न अस्वीकार गरेका थिए । त्यसपछि सभापति लामिछाने भारतको भ्रमणमा रातोकार्पेटमा सम्मान पाएका छन् ।

लामिछाने र शाहको भेटघाट भएपछि भारतको गृह मन्त्रालयले सामाजिक सञ्जालमा गरेको पोस्टमा 'दुवै पक्षले भारत र नेपालबीचको विशेष सम्बन्धलाई अभिवृद्धि गर्ने मिलेर काम गर्ने दृढ संकल्प व्यक्त गरेको ' उल्लेख छ ।

### रविको भारत भ्रमण

# प्रधानमन्त्री बालेनको विकल्प खडा गर्ने काम: डा.सीके राउत

**टुडे समाचारदाता**



जनकपुरधाम । सत्तारुढ राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का सभापति रवि लामिछाने भारत भ्रमणमा रहेको बेला जनमत पार्टीका नेता डा. सीके राउतले मधेशीलाई सफाया गर्ने रणनीति नहोस् भन्ने टिप्पणी गरेका छन् ।

भारतको सत्तारुढ भारतीय जनता पार्टी(भाजपा) को निमन्त्रणमा लामिछाने भारत भ्रमणमा गएका छन् । त्यहाँ उनले भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, गृहमन्त्री अमित शाह, विदेश मन्त्री एस.जयशंकर, भाजपाका राष्ट्रिय अध्यक्ष नितिन नवीन लगायतसित भेटवार्ता गरेका छन् ।

सभापति लामिछानेलाई भाजपाको मुख्यालयमा भव्य स्वागत गरिएको थियो । गृह, विदेश मन्त्रीसित मंगलबार नै भेटेका रविले बुधवार प्रधानमन्त्री मोदीसित भेटवार्ता गरेका हुन् ।

मोदी र लामिछानेबीच भेटवार्ता सम्पन्न भएपछिको संयुक्त फोटो समाजिक सञ्जाल फेसबुकमा शेयर गर्दै जनमत पार्टीका अध्यक्ष राउतले रास्वपा सभापति रवि लामिछानेको भारत भ्रमणलाई लिएर मधेशीलाई सफाया गर्ने र तह लगाउने रणनीति नहोस् भन्ने टिप्पणी गरेका छन् ।

'प्रधानमन्त्रीमा बालेनको विकल्प खडा गर्ने काम भइरहेको छ' उनले भने, बालेनको नाम नलिइ उनले उसको दुर्दिन र हैसियत देखाइदिने षड्यन्त्र बुनिएको छ।

सामाजिक सञ्जालमा राउतले लेखेको प्रतिक्रियामा भारतको नाम त उल्लेख गरिएको छैन । तर उनले सम्पूर्ण आक्रोश भारतमाथि नै पोखेका छन् । सभापति लामिछाने र भारतीय प्रधानमन्त्री मोदीको संयुक्त फोटोलाई साझा गर्दै उनले लेखेको स्ट्याट्समा आक्रोश पोखेका छन् ।

'चाहे जसको भरमा होस्, जुनसुकै पार्टीबाट होस्, एउटा मधेशी प्रथम पटक नेपालको प्रधानमन्त्री बनेको छ' सभापति लामिछानेलाई दिएको उच्च सम्मानप्रति कटाक्ष गर्दै उनले फेसबुकमा लेखेका छन्, तर बडो ऐतिहासिक तामझामको मञ्चन गरेर उसको विकल्प खडा गर्ने र अरू मधेशी नेतालाई झैं उसलाई पनि दुर्दिन र हैसियत देखाइदिने षडयन्त्र बुनिँदैछ ।

'रास्वपा सभापति रवि लामिछानेको भारत भ्रमण मधेशीलाई झन् अर्को सफाया गर्ने र तह लगाउने रणनीतिको रूपमा नहोस् । चाहे जसको भरमा होस्, जुनसुकै पार्टीबाट होस्, एउटा मधेशी प्रथम पटक नेपालको प्रधानमन्त्री बनेको छ,' राउतले सभापति लामिछाने र प्रधानमन्त्री मोदीको फोटो शेयर गर्दै भनेका छन्, 'तर बडो ऐतिहासिक तामझामको मञ्चन गरेर उसको विकल्प खडा गर्ने र अरू मधेशीलाई झैं उसलाई पनि दुर्दिन र हैसियत देखाइदिने षड्यन्त्र बुनिँदैछ ।'

'मधेशका कुनै पनि नेतालाई स्थापित हुन नदिइएको उल्लेख गर्दै राउतले थपेका छन्, 'तराई कांग्रेसदेखि जसपा नेपाल र जनमतसम्म, चाहे पार्टी फोडेर होस्, बदनाम गराएर होस्, देशद्रोहीको बिल्ला भिडाएर होस्, पक्राउ र इन्काउन्टर गराएर होस्, शून्यमा झारेर होस्, कुनै पनि मधेशी नेतालाई आजसम्म स्थापित हुन दिइएन ।' दुर्भाग्यले अहिले निशानामा विचरा मधेशी प्रधानमन्त्री छन् ।

आजसम्म नेपालमा कुनै पनि मधेशी नेतालाई स्थापित हुन दिइएन । तराई कांग्रेसदेखि जसपा र जनमतसम्म, चाहे पार्टी फोडेर होस्, बदनाम गराएर होस्, देशद्रोहीको बिल्ला भिडाएर होस्, पक्राउ र इन्काउन्टर गराएर होस्, शून्यमा झारेर होस्, कुनै पनि मधेशी नेतालाई आजसम्म स्थापित हुन दिइएन ।

भारतको नाम नलिइकनै नेपालमा कुनै पनि मधेशी नेता, मधेशी दललाई स्थापित हुन नदिएको आरोप लगाएका छन् । पछिल्लो चुनावमा मधेशी दलहरु शून्यमा झरेको प्रति पनि राउतले परोक्ष रुपमा भारतलाई नै आरोप लगाएका छन् ।

भारतले सभापति रविलाई निम्तो दिएर मधेशी प्रधानमन्त्री समेतलाई निशाना बनाएको आक्षेप राउतले लगाएका छन् ।हुनत राउत बाहेक कुनै नेताले यस प्रकारको प्रतिकृया दिएका छैनन् ।

सभापति लामिछानेलाई विशेष महत्वका साथ भारतका उच्च नेता र प्रधानमन्त्री मोदी सम्मले भेंटवार्ता गरेका छन् । मोदीले सामाजिक सञ्जाल एक्समा भेटवार्तापछि दिएको प्रतिक्रियामा रास्वपा सभापति लामिछानेसंगको भेटघाटपछि खुसी व्यक्त गरेका छन् । रास्वपा सभापति लामिछानेसंग भेट्न पाउँदा अत्यन्तै खुसी लागेको उनले एक्समा लेखेका छन् ।

दुई देशबीचको सम्बन्धलाई थप उचाइमा पुऱ्याउने प्रतिबद्धता जनाउँदै साझा र समृद्ध भविष्यका लागि मिलेर काम गर्ने लामिछानेको चाहनालाई आफूले पूर्ण रूपमा स्वागत र समर्थन गरेको मोदीले प्रस्ट पारेका छन् ।

नेपाल 'नेभरहुड फस्ट' नीतिको एक प्राथमिकतामा परेको साझेदार देश रहेको उल्लेख गर्दै मोदीले भनेका छन्, 'नेपालको नयाँ सरकारसँग मिलेर दुई देशबिचको विशेष र बहुआयामिक सम्बन्धलाई अझ उच्च स्थानमा पुऱ्याउन हामी उत्सुक छौँ ।'

भेटघाटका क्रममा दुवै नेताबीच आपसी सहकार्य र साझा समृद्धिका लागि संगै अगाडि बढ्ने विषयमा सकारात्मक कुराकानी भएको उनले जनाएका छन् । भारतले आफ्नो विदेश नीतिमा नेपाललाई सदैव उच्च प्राथमिकतामा राखेको स्पष्ट पार्दै मोदीले नेपालको नयाँ सरकारसंग ऐतिहासिक र बहुआयामिक सम्बन्धलाई नयाँ उचाइमा पुऱ्याउने तत्परता समेत देखाएको बताइएको छ ।

# जानकी मेडिकल कलेजका अध्यक्ष पाण्डे पक्राउ

**टुडे समाचारदाता**




जनकपुरधाम । शुरुदेखि नै विवादित रहँदै आएका जानकी मेडिकल कलेज तथा रामजानकी हेल्थ फाउन्डेसनका समेत अध्यक्ष रहेका ओमप्रसाद पाण्डेलाई कृत्रिम व्यवसाय (शेल कम्पनी) खडा गरी बैंकबाट लिएको कर्जा दुरुपयोग गरेको आरोपमा प्रहरीले पक्राउ गरेको छ ।

अध्यक्ष ओमप्रसाद पाण्डेलाई बैंकिंग कसुरसम्बन्धी मुद्दामा प्रहरीले पक्राउ गरेको जनाएको छ । केन्द्रीय अनुसन्धान ब्युरो (सीआईबी) को टोलीले उनलाई धनुषाको क्षिरेश्वरनाथ नगरपालिका-१ रमदैयास्थित जानकी मेडिकल कलेज परिसरबाट नियन्त्रणमा लिएको जनाइएको छ ।

प्रहरी स्रोतले जनाए अनुसार अध्यक्ष पाण्डेविरुद्ध बैंकिंग कसुरसम्बन्धी उजुरी तथा अनुसन्धान चलिरहेको थियो ।

सोही अनुसन्धानका क्रममा सीआईबीको टोलीले उनलाई पक्राउ गरेको छ । घटनाबारे थप कानुनी प्रक्रिया अगाडि बढाइएको बताइएको छ ।

अध्यक्ष पाण्डेले प्रभु बैंकबाट लिएको कर्जाको प्रयोग र व्यवस्थापनमा गम्भीर अनियमितता देखिएपछि बैंकिङ कसुर तथा सजाय ऐन, २०६४ अन्तर्गत अनुसन्धान थालिएको छ ।

सीआईबीका एसएसपी शिवकुमार श्रेष्ठले जनाए अनुसार उच्च अदालत पाटनबाट पक्राउ अनुमति प्राप्त भएपछि पाण्डेविरुद्धको अनुसन्धान प्रक्रिया अगाडि बढाइएको छ ।

प्रारम्भिक अनुसन्धानका क्रममा उनले कृत्रिम व्यावसायिक संस्था खडा गरी आवश्यक प्रक्रिया पूरा नगरी कर्जा लिएको, धितो सम्पत्तिको मूल्य अस्वाभाविक रूपमा बढाएर देखाई ऋण स्वीकृत गराएको तथा कर्जा रकम तोकिएको उद्देश्यभन्दा फरक क्षेत्रमा खर्च गरेको देखिएको प्रहरीले जनाएको छ ।

## अव्यवस्थित र अपारदर्शी कलेजको हालबेहाल

**टुडे समाचारदाता**

जनकपुरधाम । वि.सं. २०५६ मा धनुषाको रमदैयालाई मेडिकल हबको रुपमा अगाडि बढाउने भन्दै जानकी मेडिकल कलेजका संस्थापक अध्यक्ष डा. रामानन्द सिन्हाले त्यहाँका स्थानीय किसानहरुसंग जमिन लिएर स्थापना गरेको थियो ।

त्यतिबेला किसानले साढे सात विगाह जग्गा प्रतिकट्ठा १५ हजार रुपैयाँका दरले कलेजलाई बेचेका थिए । जग्गा जमिन बेच्ने किसान परिवारका एकजनालाई सोही कलेजमा जागिर दिनुपर्ने शर्त उनीहरुले राखे । शर्त स्वीकार्दै कलेजका संस्थापक सिन्हाले सस्तोमै जमिन खरिद गरे ।

स्थापनाकालमा जनकपुरधाम क्षेत्रकै लोकप्रिय कलेजसमेत बन्न पुग्यो । तर केही वर्ष नवित्दै विभिन्न खाले समस्याहरु उत्पन्न हुन थालेपपछि कलेज भित्र विवाद पनि चर्किदैं गयो । पछि कलेजका संस्थापक सिन्हा केही कारणवश कलेज बिक्री गरी बाहिरिए । त्यसको केही समयपछि सर्लाहीवासी ओमप्रसाद पाण्डेले सो कलेज लिए । तर उनले कलेज आफ्नो हातमा लिएदेखि नै कर्मचारी आन्दोलन, विद्यार्थी आन्दोलन, व्यवस्थापन पक्षबीचको विवाद, स्थानीयहरुलाई विगतमा दिएको जागिरको आश्वासनले गर्दा पनि कलेज विवादरहीत बन्न पुगेन ।

जानकी मेडिकल कलेज विगत केही वर्षदेखि विभिन्न विवाद र समस्याका कारण चर्चामा रहँदै आएको छ । कलेजमा अध्ययनरत विद्यार्थीहरूले पटकपटक पठनपाठन नियमित गर्न, शैक्षिक वातावरण सुधार गर्न तथा आवश्यक शैक्षिक सेवा उपलब्ध गराउन माग गर्दै आन्दोलन गर्दै आएका छन् । विद्यार्थीहरूले कलेज प्रशासनको व्यवस्थापन शैलीप्रति असन्तुष्टि जनाउँदै कक्षाहरू नियमित सञ्चालन गर्न दबाब दिँदै आएका थिए ।

त्यस्तै कलेजका कर्मचारी तथा प्राध्यापकहरूले पनि तलब तथा सेवासुविधा सम्बन्धी माग राख्दै विभिन्न समयमा आन्दोलन गरेका घटनाहरू सार्वजनिक भएका छन् । कर्मचारीहरूले लामो समयसम्म तलब भुक्तानी नपाएको भन्दै विरोध कार्यक्रम सञ्चालन गरेका थिए । यस्ता आन्दोलनका कारण कलेजको शैक्षिक गतिविधि प्रभावित भएको र पठनपाठनसमेत पटकपटक अवरुद्ध भएको आरोप लाग्दै आएको छ ।

कलेजको व्यवस्थापन र आर्थिक अवस्थाबारे पनि विभिन्न प्रश्नहरू उठ्दै आएका छन् । सरोकारवालाहरूले कलेजमा शैक्षिक गुणस्तर, प्रशासनिक पारदर्शीता तथा वित्तीय अनुशासनको विषयमा चिन्ता व्यक्त गर्दै आएका छन् ।

सो घटनाक्रमलाई नियाल्दै प्रभु बैंकले कलेजमै आफ्नो शाखासमेत स्थापना गरे । सो कलेजबाट आउने सम्पूर्ण रकम बैंकले लिदैं आएको कलेज स्रोतले जनाएको छ । अध्यक्ष पाण्डेको अपारदर्शी व्यवहारका कारण बैंकले समेत उनीलाई विश्वासमा लिन सकेनन् ।

यता विभिन्न समस्या र विवादका बीच पनि जानकी मेडिकल कलेजले सरकारबाट प्राप्त हुने निश्चित शैक्षिक तथा संस्थागत सुविधाहरू पाइरहेको विषयमा समेत सार्वजनिक बहस थालिएको छ । सरोकारवालाहरूले संस्थाको अवस्था र सेवा प्रवाहको प्रभावकारिताका आधारमा सरकारी अनुगमन तथा मूल्यांकन थप प्रभावकारी हुनुपर्ने धारणा व्यक्त गर्दै आएका छन् ।

अध्यक्ष पाण्डे पक्राउ परेपछि कलेजको भविष्य, विद्यार्थीहरूको अध्ययन, कर्मचारीहरूको सेवासुविधा तथा संस्थाको समग्र व्यवस्थापनबारे पुनः प्रश्न उठ्न थालेको छ । यस घटनाले मेडिकल शिक्षाको गुणस्तर, निजी शैक्षिक संस्थाको उत्तरदायित्व तथा नियामक निकायहरूको भूमिकामाथि समेत बहस सिर्जना गरेको छ ।

प्रहरीले भने बैंकिङ कसुरसम्बन्धी मुद्दामा अनुसन्धान जारी रहेको जनाएको छ । अदालतमा मुद्दाको प्रक्रिया अगाडि बढेसंगै घटनाको थप विवरण सार्वजनिक हुने छ ।



# कृषि उद्यमबाट सहकारीमा जम्दै मधेशका महिला



महोत्तरी। आम रुपमा मधेशमा महिलाको गणना चुलोचौकाको काममा मात्र गनिन्छ भन्ने गुनासो सुनिन्छ। तर पछिल्ला समयमा मधेसका महिलाले सहकारीका माध्यमले कृषि क्षेत्रका कामबाटै आफूलाई सामाजिक र आर्थिक क्षेत्रमा सफल उद्यमीका रुपमा उभ्याएका छन्।

महिला मात्र आबद्ध महिला सामाजिक उद्यमी सहकारी मधेसमा स्थापित मानिन्छन्। मधेसका महोत्तरी, धनुषा, सर्लाही, रौतहट, सिरहा र बारासहित छ जिल्लामा महिला सामाजिक उद्यमी सहकारीमा आबद्ध महिलाले पशुपालन, तरकारी खेती र कृषि उत्पादनकै बेचबिखन गरिने पसल संस्थागत रुपमा सञ्चालन गरेर सफल उद्यमीको परिचय बनाएका छन्। महिलालाई यो कार्यमा अन्तरराष्टिय सामाजिक संस्था हेफर इन्टरनेसनलले सहयोग र उत्प्रेरणा गर्दै आएको छ।

महोत्तरीको बर्दिबास-१० र ११ को खयरमारा सेरोफेरोलाई कार्यक्षेत्र बनाएको ज्योति महिला सामाजिक उद्यमी सहकारी बर्दिबास-११ का अध्यक्ष चनावती श्रेष्ठ भन्नुहुन्छ, "अहिले हामीलाई काम भ्याइनभ्याइ छन्।" यो सहकारीले दूधका लागि गाई/भैँसीपालन, बाख्रापालन, बङ्गुरपालन, उपभोक्ता पसल सञ्चालन गर्दै आएको छ। समूहले पशुपालनलाई प्रवर्द्धन गर्न जई, मेण्डोला, स्टाइलो, नेपियर र डालेघाँसको बीउ उत्पादन गर्दै आएको छ।

"हामीले यो वर्ष एक हजार बढी खसी बेचिसकेका छौँ, तीन हजारभन्दा बढी खसी पालेका छौँ," ज्योति महिला सामाजिक उद्यमी सहकारीका सचिव सरस्वती विश्वकर्मा भन्नुहुन्छ, "खयरमारामा पर्ने दुवै वडाभित्र १० भन्दा बढी बस्ती छन्, सबै बस्तीका महिला अहिले सहकारीमा आबद्ध हुने क्रम बढ्दो छ।" सुरुमा २५ महिलाले सुरु गरेका यो सहकारीमा अहिले एक हजार ३७८ सेयर सदस्य पुगेका छन्।

सहकारीका कार्यसमितिको नियमित बैठक, साधारणसभालगायत गतिविधिमा सरिकता बढ्दै जाँदा अब यहाँका महिलाको विभिन्न क्षेत्रका स्थानीय विकासका सरोकारमा सहभागिता बढ्दै गएको बर्दिबास नगरपालिकाका उपप्रमुख तारादेवी महतो बताउनुहुन्छ।

यसैगरी, सर्लाहीको हरिपुर महिला सामाजिक उद्यमी सहकारी हरिपुरले दूध उत्पादनका लागि आफ्ना सदस्यलाई भैँसीपालनमा ऋण सहयोग गरेको छ। यो सहकारीले अहिले दूध सङ्कलन गर्न पाँच ठाउँ केन्द्र बनाएको छ। विसं २०६७ मा स्थापित यस सहकारीमा अहिले ८७४ सेयर सदस्य छन्। सहकारीको कुल कारोबार रु सात करोड नाघेको छ। सेयर सदस्यको बचत नै रु तीन करोड नौ लाख २८ हजार रहेको अध्यक्ष मञ्जु चौधरी थारू बताउनुहुन्छ।

"सहकारीमा दूधका लागि भैँसीपालन गर्ने र बाख्रापालन गर्ने सदस्यले मुख्य काम पाएका छन्," चौधरी भन्नुहुन्छ, "यसपालि भर्खर बकर इद पर्वमा दुई हजार ५०० खसी बेचेका छौँ।" सोअघि गत फागु पर्व र दसैँमा गरी तीन हजार खसी बेचिएको उहाँले बताउनुभयो। यो सहकारीले आफ्ना सदस्यको घरमा हुने दूध किनेर विभिन्न परिकार बनाई बिक्री वितरण गर्ने गरेको छ। यसरी कृषि कार्यमा जुटेका महिलाको आर्जन निरन्तर बढ्दै गएको उहाँको भनाइ छ।

यस्तै, सर्लाहीकै लालबन्दी-१६ न्यू उदय महिला सामाजिक उद्यमी सहकारीका १० भन्दा बढी सदस्यले दूध उत्पादनका लागि गाई, भैँसीपालनको कृषि फार्म नै सञ्चालन गरेका छन्। विसं २०७८ मा २५ जनाले सुरु गरेका यो सहकारीमा अहिले एक हजार ३० सेयर सदस्य पुगेका छन्। विदेशबाट फर्केका युवालाई कृषि कार्यमा जोड्न विशेष योजनासाथ लागिएको यस सहकारीकी व्यवस्थापक शर्मिला मोक्तान बताउनुहुन्छ। यो सहकारीका सदस्यले पछिल्लो एक महिनाभित्र एक हजार २०० खसी बेचेको मोक्तानको भनाइ छ। यसैगरी, यो सहकारीले ८०० लिटरसम्म दूध सङ्कलन गरेर दूधजन्य परिकारको उद्योग सञ्चालन गरेको छ।

यस्तै रौतहटको गजुरा-३ का महिलाले आरम्भ महिला सामाजिक उद्यमी सहकारी सञ्चालन गरेका छन्।

यो सहकारीले खसीपालन, मासु बिक्री वितरण र निगुरोको साग (मुन्टा) बिक्री वितरण गरेर प्रशस्त आर्जन गर्दैछ। अहिले ३५४ महिला आबद्ध यो सहकारीले चालु आर्थिक वर्ष २०८२/८३ को हालसम्मको अवधिमा दुई हजार ५०० खसी बिक्री गरेको अध्यक्ष पुनम चौधरी थारूले बताउनुभयो।

महिलाको सहकारीमार्फत कृषि कार्यमा बढ्दो चासोमा घरका परिवारजनको राम्रो साथ सहयोग पाइने गरिएको उद्यमी महिलाको अनुभव छ। अवसर र सहयोग मिल्नसके महिलाले जस्तोसुकै काम पनि व्यवस्थित रुपले गर्न सक्छन् भन्ने मधेसका महिला सामाजिक उद्यमी सहकारीमा आबद्ध महिलाले चरितार्थ गरेका बर्दिबास-११ खयरमाराका सामाजिक अगुवा चन्द्रलाल गौतम बताउनुहुन्छ।

हेफर इन्टरनेसनलले सहकारीमा आबद्ध महिलालाई व्यवसाय विस्तार र दिगोपनाका लागि आवश्यक साझेदारी र लगानीका अवसर खोज्न सहयोग समन्वय गर्दै आएको छ। हेफरको जनकपुरस्थित क्षेत्रीय कार्यालयले पूर्वी नेपालका १२ जिल्लाका महिला सामाजिक उद्यमी सहकारीलाई सहयोग समन्वय गर्दै आएको छ। यीमध्ये मधेसका छ जिल्ला छन्। अन्य जिल्लामा बागमती प्रदेशका चार र कोशी प्रदेशका दुई जिल्ला रहेका हेफर इन्टरनेसनल जनकपुर क्षेत्रीय कार्यालयका प्रमुख दीपेश पोखरेलले जानकारी दिनुभयो।

मधेसका महिला सामाजिक उद्यमी सहकारीहरुको समीक्षा र मूल्याङ्कनसहितको मङ्गलबार बर्दिबासमा सम्पन्न योजना तथा लगानी सम्मेलनमा सहकारी प्रतिनिधिले हालसम्मको कामको समीक्षा गर्नसँगै भावी योजना पनि प्रस्तुत गरेका छन्। सम्मेलनको मुख्य ध्येय यी सहकारीहरुको व्यवसाय वृद्धि योजना तयार गर्ने, नवीन सोच र उद्यमशीलता विकास गर्ने र लगानीकर्तासम्म प्रभावकारी पहुँच बढाउने रहेको महिला सामाजिक उद्यमी सञ्जाल बागमती प्रदेश उपाध्यक्ष होमकुमारी ठकुरीले स्पष्ट पार्नुभयो।

हेफरको जनकपुर क्षेत्रीय कार्यालयको समन्वयमा रहेका १२ जिल्लाका महिला सामाजिक उद्यमी सहकारीमा ६२ हजार महिला आबद्ध छन्। यो सङ्ख्याभित्र मधेसका २० हजार बढी महिला आबद्ध रहेका क्षेत्रीय कार्यालय प्रमुख पोखरेलको भनाइ छ। यी सहकारीमा महिलाले देखाएका तत्परता र गरेका कामको उपलब्धि साँच्चै हौसला बढाउने तहको भएको हेफर क्षेत्रीय कार्यालय जनकपुरको मूल्याङ्कन छ। उद्यमी महिलाले घर, परिवार, समाज र यहाँका निकायबाट सकारात्मक सहयोग र समन्वय पाउनसके सहकारीका माध्यमबाट निकै उपलब्धि हासिल हुने सामाजिक आन्दोलनकी नेत्री बर्दिबास-३ का बासिन्दा सरस्वती चौधरीको प्रतिक्रिया छ। रासस

# तापक्रम बढेसंगै मधेशको जनजीवन प्रभावित

**टुडे समाचारदाता**

जनकपुरधाम। गर्मीयाम शुरु भएसंगै दैनिक रुपमा तराई मधेशको तापक्रम बढ्दै जाँदा यहाँको जनजीवन प्रभावित भएको छ।

मधेश प्रदेशको आठ वटै जिल्लामा केही सातादेखि ३८ डिग्रीदेखि ४० डिग्रीसम्म तापमान पुगेको छ।

जसका कारणले यहाँको सामान्यय जनजीवनमा व्यापक असर परेको छ। यससंगै तातो हावा र लू को महामारी फैलिने सम्भावना समेत रहेको मौसम पूर्वानुमान महाशाखाले जनाएको छ।

'लू' का कारण अत्यधिक थकान हुने, कमजोरी हुने, तिर्खा लाग्ने, अचेत हुने, बान्ता हुने, चक्कर आउने, स्वासप्रवासमा समस्या उत्पन्न हुनेलगायत जोखिम निम्तन सक्नेछ।



यस्तो अवस्थामा 'लु' बाट बच्न घरभित्र वा चिसो ठाउँमा रहन, घाममा हिँडडुल नगर्न, हलुका लुगा लगाउन, घर बाहिर निस्कँदा कपडा वा अरू कुराले टाउको छोप्न, पानी र झोल पदार्थ पर्याप्त पिउन सुझाव चिकित्सकले दिएको छ।

मधेश प्रदेशमा अत्यधिक गर्मीले विगत केही दिनदेखि दैनिक ज्यालादारी गर्ने मजदुहरुको जनजीवनसमेत कष्टकर बनेको छ। सहरी क्षेत्रमा भने मानिसको चहलपहल निकै कम देखिन्छ। दिउँसोका समयमा घरबाहिर निस्किएर काम गर्न मुस्किल भइरहेको सर्वसाधारणले बताउँछन्।

गर्मीको समयमा पानीको कमीका कारण एलर्जीको समस्या धेरैमा हुने गर्छ। शरीरमा पानी कमी भयो भने शरीरबाट विषाक्त पदार्थ बाहिर आउन सक्दैन।

## वीरगञ्ज नाकाबाट १० महिनामा २० अर्ब ७९ करोडको खाद्यान्न आयात

वीरगञ्ज। पर्साको वीरगञ्ज नाका हुँदै चालु आर्थिक वर्षको १० महिनामा २० अर्ब ७९ करोड मूल्यको खाद्यान्न आयात भएको छ।

गत आवको सोही अवधिको तुलनामा चालु आवमा यो नाका हुँदै हुने आयात मूल्यमा तीन अर्ब ८७ करोड अर्थात् १५ प्रतिशतले गिरावट आएको वीरगन्ज भन्सार कार्यालयका सूचना अधिकारी उदयसिंह विष्टले जानकारी दिनुभयो।

गत आवको १० महिनामा यहाँबाट २४ अर्ब ६६ करोड मूल्य पर्ने १६ थरिका खाद्यान्न आयात गरिएको थियो।

चालु आवमा १० अर्ब ९४ करोड मूल्य पर्ने धान, पाँच अर्ब ३१ करोड मूल्यको मकै आयात र दुई अर्ब ८५ करोडको चामल आयात भएको छ। यसैगरी ५९ करोड मूल्यको माल्ट र ३३ करोड मूल्य बराबरको फापर, कोदो र अन्य खाद्यान्न आयात भएको सूचना अधिकारी विष्टले जानकारी दिनुभयो। रासस

## दलित पत्रकार सङ्घको अध्यक्षमा बराइली



काठमाण्डु। राष्ट्रिय दलित पत्रकार संघ नेपालको अध्यक्षमा रेडियो धनकुटाका व्यवस्थापक गोपाल बराइली निर्वाचित हुनुभएको छ।

यहाँ मङ्गलबार सम्पन्न सङ्घको दोस्रो महाधिवेशनबाट उहाँको नेतृत्वमा ४५ सदस्यीय कार्यसमिति निर्वाचित भएको हो। सङ्घको वरिष्ठ उपाध्यक्षमा गोरखापत्रका लक्ष्मण दर्नाल, खुला उपाध्यक्षमा विनोद परियार (रेडियो जागरण), महिला उपाध्यक्षमा सावित्री रसाइली (नेपाल टेलिभिजन), कोशी प्रदेश उपाध्यक्षमा सरिता बराइली (रेडियो नेपाल), मधेस प्रदेशबाट भोला पासवान (अवलोकृत डटकम) र बागमती प्रदेशबाट सुशील दर्नाल (रासस) निर्वाचित हुनुभएको छ।

यसैगरी, नरभूपाल विक (गण्डकी प्रदेश), मानसिंह विक (लुम्बिनी प्रदेश), टेकेन्द्र रसाइली (कर्णाली प्रदेश) र प्रेम विक (सुदूरपश्चिम प्रदेश) र समावेशी उपाध्यक्षमा भीमबहादुर गन्धर्व निर्वाचित हुनुभएको छ।

महासचिवमा करन ताम्राकार, सचिवमा चिन्ता परिवार, राजेशकुमार पासवान, सुनिता नेपाली र वसन्त विश्वकर्मा र कोषाध्यक्ष सञ्जय सौगातसहित ३५ सदस्यीय कार्यसमिति निर्वाचित गरिएको छ। ४५ सदस्यीय कार्यसमितिमा १० जना पछि मनोनित गरिने नवनिर्वाचित अध्यक्ष बराइलीले बताउनुभयो। रासस

## सांस्कृतिक सम्पदाका प्रतीकका साथ नेपाल प्रदर्शनीमा सहभागी

काठमाण्डु। सांस्कृतिक महत्वका सम्पदाका प्रतीकका साथ नेपाल अन्तरराष्ट्रिय प्रदर्शनीमा सहभागी भएको छ।

सांस्कृतिक विविधता, मित्रता र मानवीय एकताको भावनालाई प्रवर्द्धन गर्ने उद्देश्यका साथ संयुक्त



राष्ट्रसङ्घको प्रतिनिधिमण्डलका जीवनसाथीको क्लब (युएनडिएससी)ले आज न्युयोर्कमा आयोजना गरेको वार्षिक युएन इन्टरनेशनल बजारमा संयुक्त राष्ट्रसङ्घका लागि न्युयोर्कस्थित नेपालको स्थायी नियोगले नेपालका समृद्ध सांस्कृतिक सम्पदा तथा मौलिक पहिचानका प्रतीकात्मक सामग्री प्रस्तुत गरेको छ।

उक्त नियोगका अनुसार बजारमा नेपालले परम्परागत कला, हस्तकला तथा विभिन्न सांस्कृतिक सामग्रीको आकर्षक प्रदर्शनीमार्फत आफ्नो सिर्जनशीलता, सीप र राष्ट्रिय पहिचान झल्काएको थियो। नेपाली स्टलमा राखिएका सामग्रीले आगन्तुकको ध्यान आकर्षित गरेको थियो।

बजारमा विश्वका विभिन्न मुलुकले आ-आफ्ना मौलिक उत्पादन, परिकार, संस्कृति र परम्परासँग सम्बन्धित सामग्री प्रदर्शन गरेका थिए।

उक्त नियोगले संस्कृति, मित्रता र सहानुभूतिमार्फत अझ समावेशी, एकताबद्ध र आपसी सम्बन्धयुक्त विश्व निर्माणमा यस्ता कार्यक्रमको महत्वपूर्ण भूमिका निर्वाह हुने विश्वास व्यक्त गरेको छ। रासस

# झुपडीबाट पक्की घरमा: फेरिँदै लहानको मुसहर बस्ती

सिरहा। सिरहाको लहान नगरपालिका–२२ जहदी गमहरियास्थित मुसहर बस्तीको अचेल रूपरेखा फेरिएको छ। हिजोसम्म च्यातिएका त्रिपाल र जीर्ण फुसका छाप्राहरूले भरिएको यो बस्तीमा अहिले लहरै २४ वटा आधुनिक पक्की घरहरू ठडिएका छन्।

लहान नगरपालिका र 'ह्याबिट्याट फर ह्युमानिटी नेपाल'को कुल रु एक करोड २८ लाखभन्दा बढीको द्विपक्षीय लगानी, स्थानीय भवानी एकीकृत विकास केन्द्रको प्राविधिक सहयोग तथा सहजीकरण र स्थानीयको श्रमदानमा निर्माण गरिएका यी सुरक्षित घरहरूले वर्षौंदेखि ओत खोजिरहेका दलित




परिवारको जीवनस्तर नै बदलिदिएको छ।

यो सुखद परिवर्तनले बस्तीकी ५० वर्षीया शान्ति सदायको अनुहारमा पनि बेग्लै चमक ल्याएको छ। वर्षाको समयमा छानोबाट पानी चुहिएर रातभर जाग्राम बस्नुपर्ने र जाडोमा शीतलहरले जीउ काप्ने कष्टकर दिनहरू अब सदाका लागि अन्त्य भएका छन्। नयाँ पक्की घरको छेवैमा रहेको पुरानो जीर्ण फुसको छाप्रोलाई देखाउँदै उहाँ हर्षित मुद्रामा भन्नुहुन्छ, "छोरा धर्मदेव, बुहारी सोनी र चार जना नातिनातिनाको साथमा यो सानो झुपडीमा कति कष्ट सहेर बस्यौँ, त्यो त भगवान्लाई मात्र थाहा छ। अब त आफ्नै पक्की घर भयो, ढुक्कले निदाउन पाइने भयो।"

शान्तिको जस्तै खुसी सोही टोलका जहर मोची र घुघरी मोचीको अनुहारमा पनि प्रस्टै देखिन्छ। मजदुरी गरेर जेनतेन जीविका चलाउँदै आएका उनीहरूका लागि पक्की घर केवल एक सपना जस्तै थियो, जुन अहिले विपनामा परिणत भएको छ।

जहदी गमहरियाका यी मुसहर तथा दलित बस्तीका २४ विपन्न परिवारका लागि मङ्गलबारको दिन उत्सव जस्तै बन्यो, जब 'विपन्न परिवारका लागि सुरक्षित आवास निर्माण कार्यक्रम' अन्तर्गत निर्मित घरहरूको चाबी लहान नगरपालिकाका नगरप्रमुख महेशप्रसाद चौधरीले एक विशेष समारोहबीच उनीहरूलाई हस्तान्तरण गर्नुभयो। यो आवास परियोजनाका लागि लहान नगरपालिकाले रु ८२ लाख ८५ हजार र ह्याबिट्याट फर ह्युमानिटी नेपालले रु २० लाख आर्थिक सहयोग गरेका हुन् भने लाभग्राही घरधनीहरूले रु २५ लाख ७१ हजार बराबरको श्रमदान गरेका छन्।

भवानी एकीकृत विकास केन्द्रका कार्यक्रम निर्देशक सुजित चौधरीका अनुसार नवनिर्मित प्रत्येक घरमा दुईवटा कोठा, एक भान्सा कोठा, बरन्डा र व्यवस्थित शौचालयको व्यवस्था गरिएको छ। यी घरहरू पूर्ण रूपमा भूकम्प प्रतिरोधी हुनाका साथै यिनीहरूको न्यूनतम आयु ३० वर्षभन्दा बढी रहेको छ।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : नयाँ जिम्मेवारी प्राप्त हुने सम्भावना प्रबल देखिन्छ।
वृष : कामकाजमा केही ढिलाइ वा अवरोध देखा पर्न सक्छ।
मिथुन : भविष्यमा लाभदायक हुने रणनीति तय गर्न सकिनेछ।
कर्कट : नयाँ कार्य वा जिम्मेवारीले सम्मान र लाभ दुवै दिलाउने संकेत देखिन्छ।
सिंह : सामाजिक तथा सार्वजनिक क्षेत्रमा सक्रियता बढ्नेछ।
कन्या : स्वास्थ्यप्रति विशेष ध्यान दिनु उचित हुन्छ।
तुला : रोकिएका तथा अधुरा कार्यहरु पुनः गति लिनेछन्।
वृश्चिक : स्वास्थ्यमा सामान्य कमजोरी अनुभव हुनसक्छ।
धनु : चुनौतीपूर्ण परिस्थितिका बीच पनि लक्ष्य प्राप्त गर्न सकिने सम्भावना देखिन्छ।
मकर : अध्ययनमा अपेक्षित सफलता प्राप्त गर्न थप प्रयास आवश्यक देखिन्छ।
कुम्भः यात्राबाट नयाँ अनुभव प्राप्त हुनसक्छ।
मीनः व्यवसायिक क्षेत्रमा सुधार हुनेछ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378


## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# अध्ययन बिदा दुरुपयोग गरेका ४१ प्राध्यापकबाट दश करोडभन्दा बढी असुल



काठमाण्डु। अध्ययन बिदाकमा गएर लामो समय सेवामा नफर्किएका त्रिभुवन विश्वविद्यालयका प्राध्यापकहरूले धमाधम रकम फिर्ता गर्न थालेका छन्।

अध्ययन बिदाको दुरुपयोग गरी विश्वविद्यालयलाई हानि पुऱ्याएकोबारे सरकारले चासो लिएपछि लामो समयदेखि बिदामा रहेर सेवामा नफर्किएका प्राध्यापकहरूले रकम फिर्ता गर्न थालेका हुन्।

विश्वविद्यायलका अनुसार हालसम्म ४१ जना प्राध्यापकले रकम फिर्ता गरेका छन्। यसबाट रु १० करोड ४६ लाख ५६ हजार ८०४ रकम विश्वविद्यालयको पेन्सन कोषमा दाखिला भएको छ।

अध्ययन बिदामा रहेका १९१ प्राध्यापकमध्ये ४१ जनाले रकम फिर्ता गरेको छानबिन समितिका संयोजक डा. जीवन काफ्लेले जानकारी दिनुभयो। उहाँका अनुसार ६२ जनाले रकम फिर्ताका लागि समितिसमक्ष निवेदन दिएका छन्। यीमध्ये ५४ जनालाई समितिले पत्र काटेको छ।

शिक्षा तथा खेलकुद मन्त्री सस्मित पोखरेलको चासो र सक्रियताले गर्दा त्रिविले कामलाई तीव्र गतिमा अगाडि बढाएको छ। मन्त्रालयले अध्ययन बिदामा गएर नफर्किने प्राध्यापकहरूलाई कबुलियतनामाअनुसार चाँडो रकम फिर्ता गराउन निर्देशन पनि दिएको छ।

संयोजक काफ्लेले अध्ययन बिदामा गएर सेवामा नफर्किने प्राध्यापकहरूबाट रकम फिर्ता गर्ने क्रम जारी रहेका जानकारी दिँदै रकम फिर्ता नगरेकाहरूलाई अविलम्ब रकम बुझाउन आह्वान गर्नुभएको छ।

विश्वविद्यालयका प्राध्यापक सेवामा नफर्किँदा दुई अर्ब बढीको नोक्सानी भएको जनाइएको छ। विश्वविद्यालयको नियमअनुसार शिक्षक-कर्मचारीले पाँच वर्षसम्म अध्ययन बिदा पाउँछन्।

विश्वविद्यालयका निमित्त उपकुलपति डा सुशीलबहादुर बज्राचार्यले अध्ययन बिदामा गएर सेवामा नफर्किने प्राध्यापकहरूले नियमअनुसार बिगो रकम चाँडो फिर्ता गरेर सहजीकरण गरिदिन आग्रह गर्नुभएको छ। उहाँले कानुनअनुसार सबै प्रक्रिया पूरा गरेर पटक पटक सूचना प्रकाशन गरिएको राससलाई बताउनुभयो। निर्धारित समयमा सम्पर्कमा नआए कानुनअनुसार हुने उहाँले बताउनुभयो।

मन्त्रालयको पहलपछि त्रिविले छानबिन समिति बनाएर अध्ययन बिदाको दुरुपयोग गर्ने प्राध्यापकहरूको खोजी गरी उनीहरूबाट रकम असुली गरिरहेको छ।

यससम्बन्धी समाचार प्रकाशित भएपछि त्रिविले अध्ययन बिदामा गएर नफर्किने शिक्षक-कर्मचारीहरूको खोजबिन गर्न डा काफ्लेको संयोजकत्वमा तीन सदस्यीय समिति बनाएको थियो। समितिमा कृष्णहरि आचार्य र दीपक तिवारी सदस्य हुनुहुन्छ।

उक्त समितिले खोजबिन गर्दा करिब ३९८ प्राध्यापकले अध्ययन बिदाको दुरुपयोग गरेको भेटिएको थियो। समितिका संयोजक डा. काफ्लेले अध्ययन बिदामा विदेश गएकामध्ये नफर्किनेको स८्या बढ्दा विश्वविद्यालयले आर्थिक क्षतिका साथै शैक्षिक समस्या र नैतिक नोक्सानी व्यहोरिरहेको बताउनुभयो।

त्रिवि कार्यकारी परिषद्ले २०८१ पुस २५ गते छानबिन समिति बनाएको थियो। छानबिन समितिले तयार पारेको प्रतिवेदनमा नफर्किएका १९१ जना र बिदा लिएर अध्ययन पूरा नगर्नेमा २०७ जना गरी ३९८ प्राध्यापक छन्।

छानबिन समितिले बिदामा गएर नफर्किनएका प्राध्यापकबाट रकम असुलका लागि पटक पटक सूचना निकालेर ताकेता गरिरहेको छ।रासस

# सङ्गठन सुदृढीकरणमा लाग्न अध्यक्ष ओलीको आग्रह

काठमाण्डु। नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीले सङ्गठन सुदृढीकरणमा लाग्न पार्टीका नेता तथा कार्यकर्ताहरूलाई आग्रह गर्नुभएको छ।

एमालेको केन्द्रीय सङ्गठन विभागको आयोजनामा 'सदस्यता नवीकरण तथा विस्तार उत्प्रेरणा' राष्ट्रिय कार्यशालाको उद्घाटन गर्दै उहाँले पार्टी एकता कायम गर्नुपर्नेमा जोड दिनुभयो। अध्यक्ष ओलीले सङ्गठनमा देखिएका चुनौतीको सामना गर्न सक्ने शक्ति बनाउने गरी एकताबद्ध भएर लाग्न आह्वान गर्नुभयो।

अध्यक्ष ओलीले भन्नुभयो, "एमाले देश, शान्ति, विकास, समृद्धि र लोकतन्त्रप्रति समर्पित पार्टी हो। यसले आत्तिने र हरेश खाने काम गर्नु हुँदैन। आँधी चल्नेबित्तिकै ढलिहाल्ने हाम्रो पार्टी होइन।" उहाँले प्रतिशोधको भावनामा कसैले पनि काम गर्न नहुने बताउनुभयो।



आजको कार्यक्रमबाट पार्टीभित्रका भ्रम चिर्दै नयाँ विश्वास र जोशका साथ कार्यक्षेत्रमा परिचालित हुन सम्बद्ध सबैलाई अनुरोध गर्नुभयो।

कार्यशालामा प्रदेश तथा जिल्ला इन्चार्ज (भारत प्रवाससमेत), प्रदेश कमिटी वा सो सरहका कमिटीका पदाधिकारी, कार्यालय सचिव, जिल्ला कमिटी अध्यक्ष, सङ्गठन विभाग प्रमुख तथा जनसङ्गठन केन्द्रीय कमिटीका अध्यक्ष र सङ्गठन विभाग प्रमुख सहभागी छन्। रासस

# चिकित्सा शिक्षा आयोगको २४ औँ बैठक सम्पन्न



काठमाण्डु। प्रधानमन्त्री वालेन्द्र साहको अध्यक्षतामा चिकित्सा शिक्षा आयोगको २४ औँ बैठक आज प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सम्पन्न भएको छ।

बैठक प्रधानमन्त्री एवं आयोगका अध्यक्ष साह, शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेल र स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताको सहअध्यक्षतामा भएको थियो।

बैठकले चिकित्सा शिक्षा आयोगबाट विगतमा जारी भएका सबै निर्देशिका तथा कार्यविधिहरूलाई कानुनी प्रक्रिया पुऱ्याएर पुनः जारी गर्ने निर्णय गरेको छ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अनुसार विधायन ऐन, २०८१ को दफा ३५ को व्यवस्थाका कारण चिकित्सा शिक्षा आयोगले विगतमा जारी गरेका सम्पूर्ण निर्देशिका तथा कार्यविधिहरू स्वतः निष्क्रिय भएका थिए।

केही नेपाल ऐनलाई संशोधन गर्न बनेको अध्यादेश, २०८३ बमोजिम राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ५४ ख थप गरिएको छ। नयाँ दफाले आयोगलाई ऐनको अधीनमा रही आवश्यक निर्देशिका तथा कार्यविधि बनाउन सक्ने स्पष्ट अधिकार प्रदान गरेसँगै कार्यविधि र निर्देशिका पुनः प्रयोगका लागि निर्णय गरिएको हो।

बैठकले चिकित्सा शिक्षाको नियमन र समन्वयलाई चुस्त बनाउन आयोगका उपाध्यक्षलाई चिकित्सा शिक्षाको विषयमा विश्वविद्यालय, प्रतिष्ठान र परिषद् ९काउन्सिल०हरूलाई आवश्यकताअनुसार निर्देशन दिने अधिकार प्रत्यायोजन गरेको छ।

बैठकमा आयोगका उपाध्यक्ष प्रा डा श्रीकृष्ण गिरी, सदस्यहरू प्रा डा मन्दिरा शाही, बन्दना खनाल र सहसचिव वसन्तप्रसाद कोइराला, राष्ट्रिय योजना आयोगका सदस्य शेषु दुङ्गानालगायत सहभागी हुनुहुन्थ्यो। रासस

# सुकुमवासी स्थानान्तरणका लागि जग्गा खोजी



गण्डकी। पोखरा महानगरपालिकाले पोखरा बसपार्क क्षेत्रमा बसोबास गर्दै आएका भूमिहीन दलित तथा सुकुमवासी परिवारको स्थानान्तरणका लागि जग्गाको खोजी गरिरहेको छ।

यही जेठ १२ गते गठित जग्गा व्यवस्थापन समितिले महानगरभित्रका विभिन्न वडामा पुगेर सम्भावित जग्गाको स्थलगत अध्ययन गरिरहेको समितिका संयोजक वडा नं १७ का वडाध्यक्ष राधिका शाही योगीले बताउनुभयो।

उहाँले भन्नुभयो, "समितिलाई दिइएको जिम्मेवारीअनुसार जग्गा खोज्ने काम भइरहेको छ, तोकिएको समायावधिमा महानगरपालिकालाई प्रतिवेदनबुझाउँछौं",महानगरपालिकाले वडाध्यक्ष योगीको संयोजकत्वमा सात सदस्यीय जग्गा व्यवस्थापन समिति गठन गरेको छ।

समितिको सदस्यमा वडा नं ९ का अध्यक्ष दीपेन्द्र मर्सानी, वडा नं १९ का अध्यक्ष तोरण बानियाँ, वडा नं १४ का अध्यक्ष बोधराज कार्की, वडा नं २५ का कार्यवाहक अध्यक्ष धना पोख्रेल, महानगरको नापी शाखाका प्रमुख सीता कार्की र प्रशासन महाशाखाका प्रशासकीय अधिकृत टीकाराम बजगाईं रहनुभएको छ।

दश कार्यदिनभित्र जग्गाको अध्ययन तथा स्थलगत खोज गरी महानगरमा प्रतिवेदन पेस गर्ने गरी समितिलाई जिम्मेवारी तोकिएको महानगरपालिकाले जनाएको छ। महानगरले बसपार्क क्षेत्रको अतिक्रमित जग्गा खाली गराई आधुनिक सुविधासम्पन्न बसपार्क बनाउने योजना अघि सारेको छ। बसपार्कको जग्गामा ५७२ सुकुमवासी तथा भूमिहीन परिवार बसोबास गर्दै आएका छन्।

महानगरपालिकाले बसपार्कको जग्गामा रहेका सुकुमवासी तथा भूमिहीन परिवारको लगत छानबिन तथा सत्यतथ्य पहिचानको कामलाई पनि अगाडि बढाएको छ। वास्तविक सुकुमवासीलाई अन्यत्र स्थानान्तरण गरी बसपार्कको अतिक्रमित जग्गा खाली गराउने तयारीमा महानगरपालिका लागिपरेको छ।

महानगरपालिका र पोखरा उपत्यका नगर विकास समितिले बसपार्क क्षेत्रभित्र रहेका पसल कबललगायत सबै संरचना हटाउन सार्वजनिक रुपमा सूचना जारी गरिसकेको छ। यही जेठ १० गते पोखरा उपत्यका नगर विकास समितिले सूचना जारी गरी १५ दिनभित्र त्यस्ता संरचना खाली गर्न निर्देशन दिएको थियो।

समितिले पोखरा घरदेखि सेती पुलसम्म, पृथ्वी राजमार्गदेखि दक्षिण, विमानस्थलदेखि उत्तर र पूर्वमा सेती नदी क्षेत्रमा निर्माण गरिएका पसल कबललगायत संरचना हटाई पोखरा बसपार्क निर्माणको प्रक्रियामा सघाउन सूचित गरेको हो। तोकिएको अवधिभित्र संरचना नहटाएमा समिति आफैँले हटाउने र सो क्रममा लाग्ने लागतसमेत सम्बन्धित व्यक्ति तथा संस्थाबाट असुलउपर गरिने जनाइएको छ।

विसं २०३२ मा बसपार्क निर्माणका लागि २०५ रोपनी जग्गा अधिग्रहण गरिएपनि अहिलेसम्म पोखरामा व्यवस्थित बसपार्क बन्न सकेको छैन। पोखरा उपत्यका नगर विकास समितिको स्वामित्वमा रहेको उक्त जग्गा अतिक्रमण परेर अहिले करिब ६० रोपनी क्षेत्रफलमा सीमित रहेको महानगरपालिकाले जनाएको छ। रासस

# मालिकार्जुनका केही बस्तीमा अझै पुगेको छैन खानेपानी, "पानी देऊ" भन्दै बित्दैछन् वर्षहरु

दार्चुला। मालिकार्जुन गाउँपालिका-२ का बजानी, सिराड, श्रीराड र ठिङका बासिन्दाका लागि पानी माग गर्दै आएको वर्षौं भयो। यहाँका महिला, बालबालिका र वृद्धहरू पानीको खोजीमै समय बित्ने गरेको छ।

यी बस्तीहरूमा अझै पनि खानेपानी पुगेको छैन। बर्खायाममा केही मुहानहरूबाट थोरै पानी उपलब्ध भए पनि हिउँदयाम सुरु हुनासाथ गाउँभर पानीको हाहाकार मच्चिन्छ। पानीका थोपा जोगाउन अधिकांश परिवारले घरमा दर्जनौँ प्लास्टिकका जर्किन, गाग्री र ड्रम थन्क्याएर राखेका छन्।

स्थानीय गजेन्द्रसिंह धामी भन्नुहुन्छ, "अहिलेको समयमा पनि नागरिकले खानेपानीको लागि यति दुःख पाउनुपर्ने अवस्था रहनु दुःखद् हो। पानी त आधारभूत आवश्यकता हो, तर हामीले अझै पनि यसको लागि सङ्घर्ष गर्नुपरेको छ। पानीको जोहो बिना कसरी बाँच्नु ? हरेकपटकको समस्या भनेकै यो क्षेत्रका नागरिकको खानेपानी हो। घरघरमा धारा नपुग्ला तर बस्तीमै राम्रो पानी भए पनि जोहो टर्थ्यो।"

बस्तीभन्दा करिब एक किलोमिटर तल बग्ने जतारी खोलाबाट लिफ्टिङ प्रविधिमार्फत पानी ल्याउने उद्देश्यसहित २०७९ सालमा खानेपानी योजना सुरु गरिएको छ। योजना सुरु भएको चार वर्ष बित्न लाग्दा पनि योजना अझै अधुरै छ।

हालसम्म मुहान क्षेत्रमा पानी ट्याङ्की निर्माणबाहेक उल्लेख्य प्रगति हुन सकेको छैन। गाउँलेहरू योजना सुरु हुँदा केही वर्षभित्रै घरघरमा धारा पुग्ने अपेक्षा गरेका थिए। तर अहिले पनि उनीहरू पुरानै दुःख दोहोऱ्याउन बाध्य छन्। स्थानीय चन्द्रसिंह धामी भन्नुहुन्छ, "अरू ठाउँमा प्रत्येक घरमा धारा पुगेका छन्। यहाँ भने अहिले पनि पानीकै लागि घण्टौं हिँड्नुपर्छ। पानी बिना जीवन सम्भव छैन, तर हाम्रो पीडा कसैले सुनेजस्तो लाग्दैन।" अरु ठाउँमा अन्य विकासको योजना माग्छन्, तर मेरो गाउँका नागरिकले अहिले पनि राज्यले गर्नैपर्ने आधारभूत खानेपानी मागेकोमाग्यै गर्नुपर्ने अवस्था छ। खानेपानी गाउँमा समयमै नपुग्नुमा नागरिक एकतासमेत नहुनु उहाँले अर्थ्याउनुभयो। यी सबै बस्तीमा झण्डै डेढ सय घरधुरीको बसोबास रहेको छ।



"अहिलेको समयमा पनि नागरिकले खानेपानीको लागि यति दुःख पाउनुपर्ने अवस्था रहनु दुःखद् हो। पानी त आधारभूत आवश्यकता हो, तर हामीले अझै पनि यसको लागि संघर्ष गर्नुपरेको छ। पानीको जोहो बिना कसरी बाँच्नु ? हरेकपटकको समस्या भनेकै यो क्षेत्रका नागरिकको खानेपानी हो। घरघरमा धारा नपुग्ला तर बस्तीमै राम्रो पानी भए पनि जोहो टर्थ्यो।"

**बालबालिकाको काधमा पानीको भार**

खानेपानी अभावको सबैभन्दा ठूलो असर बालबालिकामा परेको छ। विद्यालय जाने उमेरका विद्यार्थीहरू दिनको ठूलो समय पानी बोकेर बिताउँछन्। कतिपय परिवारमा बिहान र साँझ पानी ल्याउने जिम्मेवारी नै बालबालिकाको काँधमा छ।

पूर्वशिक्षक धामीका अनुसार पानीको जोहो गर्नुपर्ने बाध्यताले उनीहरूको पढाइ प्रभावित हुने गरेको छ। कतिपय अवस्थामा विद्यार्थीहरू नियमित विद्यालय जानसमेत सक्दैनन्। आवासीय रूपमा विद्यार्थी पढाउ भन्दा बालबालिका पानी बोक्नुपर्छ भन्दै अभिभावक नै लगाउन मान्दैनन्।

"बालबालिकाको समेत घरमा पानी ल्याउनु पहिलो काम हुने गर्छ", अर्का स्थानीय तिलकसिंह धामी भन्नुहुन्छ, "पानी नभएपछि खाना पकाउन, पशु चौपाया पाल्न र दैनिक काम चलाउनै सकिँदैन।" यहाँको समस्या समाधान गर्न सबै निकायले खानेपानी कार्यालयलाई दबाव दिनुपर्छ। गाउँ नजिक भरपर्दो मुहान नहुँदा हिउँदयाममा समस्या अझ विकराल बन्ने गरेको उहाँले बताउनुभयो। त्यसबेला स्थानीयले खच्चडमार्फत ड्रममा पानी ढुवानी गर्नुपर्ने बाध्यता छ। वडा सचिव खगेन्द्रसिंह धामीका अनुसार अधिकांश परिवारले पानी सञ्चयका लागि घरघरमा ठूला ड्रम राखेका छन्। "हिउँद लागेपछि गाउँमा पानीको काकाकुल अवस्था हुन्छ", उहाँले भन्नुभयो, "त्यसैले धेरैले पानी भण्डारण गरेर राख्न घरघरमा ड्रम, जरकिन धेरै राख्ने गरेका छन्।"

खानेपानी योजना उपभोक्ता समितिका अध्यक्ष पुष्करसिंह धामीका अनुसार योजना ढिलो हुनुको मुख्य समस्या भनेकै बजेट पनि हो। उहाँका अनुसार आर्थिक वर्ष २०७९/८० मा रु १५ लाख, २०८०/८१ मा रु २५ लाख र २०८२/८३ मा रु २५ लाख बजेट विनियोजन भएको छ।

चालु आर्थिक वर्षमा ट्याङ्कीको ढोका निर्माण तथा सिराडसम्म ९५ वटा पिलर निर्माणको काम भइरहेको छ। अहिले पनि योजनाको काम चलिरहेको छ। "बजेट सानो-सानो आउँदा कामले गति लिन सकेको छैन", उहाँले भन्नुभयो, "अर्कोतर्फ समयमै मजदुर पाइँदैनन्। पाइएका मजदुर पनि सरकारी ज्यालामा काम गर्न तयार हुँदैनन्। अहिले आफैँ मिस्त्री भएर काम गर्दा थोरै काम गराउन सकिएको छ।" गाउँमा योजनाको काम गराउनु निकै चुनौतीपूर्ण भएको एकैपटक ठूलो बजेट हालेर योजनासम्पन्न गराउनतर्फ सबैले लाग्नुपर्नेमा उहाँले जोड दिनुभयो। खानेपानी तथा सरसफाइ सब-डिभिजन कार्यालय दार्चुलाबाट सञ्चालन भइरहेको योजनामा बजेट क्रमशः थपिँदै गए पनि आवश्यकताअनुसार रकम नपुग्दा निर्माण कार्य लम्बिएको स्वीकार गरिएको छ।

मालिकार्जुन गाउँपालिका अध्यक्ष हीरासिंह धामी खानेपानी योजना सम्पन्न गर्न कार्यालयसँग नियमित बजेटको लागि माग भइरहेको बताउनुहुन्छ। "हामीले पर्याप्त बजेट विनियोजन गर्न आग्रह गरेका छौँ", अध्यक्ष धामीले भन्नुभयो, "नयाँ आर्थिक वर्षमा कति आउँछ आशा गरौँ।" रासस

# बजेटले निजी क्षेत्रको आत्मविश्वास अभिवृद्धि गरेको महासंघको निष्कर्ष

काठमाण्डु। नेपाल घरेलु तथा साना उद्योग महासङ्घले सरकारले हालै प्रस्तुत गरेको बजेटले निजी क्षेत्रको आत्मविश्वास अभिवृद्धि गरेको महासंघको निष्कर्ष निकालेको छ।

महासंघको २६ औँ महाधिवेशन तथा २३ औँ राष्ट्रिय महिला उद्यमी सम्मेलनका बारेमा जानकारी दिन आज यहाँ आयोजित पत्रकार सम्मेलनमा महासङ्घका अध्यक्ष उमेशप्रसाद सिंहले आर्थिक पुनरुत्थान, उत्पादनमूलक क्षेत्रको प्रवर्द्धन, उद्यमशीलता विकास तथा निजी क्षेत्रको मनोबल अभिवृद्धिमा आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेटले योगदान पुऱ्याउने विश्वास व्यक्त गर्नुभयो।




अर्थतन्त्रलाई चलायमान बनाउन तथा निजी क्षेत्रको आत्मविश्वास अभिवृद्धि गर्न बजेटले महत्वपूर्ण आधार निर्माण गर्नेमा आफूहरु विश्वस्त रहेको उहाँले बताउनुभयो।

"बजेटमा उद्योग तथा व्यवसायमैत्री कर नीतिको सुधार, उद्यमशीलता विकास, डिजिटल अर्थतन्त्रको प्रवर्द्धन, उत्पादन र रोजगारी अभिवृद्धिमा केन्द्रित योजना, ऊर्जा तथा पूर्वाधार विकासलाई प्राथमिकता दिइएको विषयलाई सकारात्मकरुपमा लिन सकिन्छ", बजेटबारे महासङ्घको धारणा सार्वजनिक गर्दै उहाँले भन्नुभयो।

महासंघले आर्थिक गतिविधिमा भएको सुस्तता, लगानी विस्तारको चुनौती, उत्पादन तथा बजार व्यवस्थापनका समस्या, वित्तीय पहुँचमा कठिनाइ तथा सिना उद्योग व्यवसायीले भोग्दै आएका समस्या बजेटले सम्बोधन गर्ने अपेक्षा गरेको छ।

"नीतिगत सुधारको घोषणाबाट लघु, घरेलु तथा साना उद्योगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि, उत्पादन लागत घटाउन तथा बजार पहुँच विस्तार गर्न सहयोग पुग्नेछ", अध्यक्ष सिंहले भन्नुभयो।

बजेटमा समेटिएका जनमुखी, उत्पादनमुखी तथा विकासमुखी कार्यक्रमको सफल कार्यान्वयनका लागि सरकारसँग सहकार्य गर्न महासङ्घ प्रतिबद्ध रहेको उल्लेख गर्दै उहाँले निजी क्षेत्र र सरकार बीचको साझेदारीलाई अझ सुदृढ बनाउँदै लैजानुपर्ने आवश्यकता औँल्याउनुभयो।

जेठ २४ र २५ गते २६औँ महाधिवेशन

महासङ्घ स्थापनाको ३७ वर्ष प्रवेशका अवसरमा यही जेठ २४ र २५ गते ललितपुरमा २६औँ राष्ट्रिय महाधिवेशन तथा २३औँ राष्ट्रिय महिला उद्यमी सम्मेलन आयोजना गरिएको छ। रासस


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, धनुषा

सूचना ! सूचना !! सूचना !!!

सूचना प्रकाशित मितिः- २०८३/२/२०

उप्रान्त जिल्ला धनुषा, मिथिला नगरपालिका वडा नं. ३ बस्ने रम्वाज नदाफको नाती रजाक नदाफको छोरा सफिरुल नदाफले अंगीकृत नागरिकता प्रमाण पत्र पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा सफिरुल नदाफको पिता रजाक नदाफ हो, होइन ? निजलाई अंगीकृत नागरिकता प्रमाण पत्र दिएमा फरक पर्ने छ, छैन ? सो सम्बन्धी निज विरुद्ध कुनै प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा पेश गर्नु हुन सर्वसाधारणको जानकारीको लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

प्रशासकिय अधिकृत



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# फुटको बाटोमा कांग्रेस

नेपालको सबै भन्दा जेठो र गत चुनाव सम्म देशको पहिलो लोकतान्त्रिक पार्टी नेपाली कांग्रेस फेरि फुटको बाटोमा अग्रसर भएको छ। नेपाली कांग्रेसमा संस्थापन र इतर पक्षबीच सहमतिका लागि पटक पटक भएको प्रयास विफल भएको छ। कांग्रेसमा नेतृत्वबाट विस्थापित भएको समूहले अर्को पार्टी बनाउने तयारीमा जुटेको छ। संस्थापन पक्षले असन्तुष्ट समूहलाई फकाउन हरसम्भव प्रयास गरिरहेकोछ। केन्द्रीय समिति र पदाधिकारीमा असन्तुष्ट समूहलाई समावेश गर्ने, निर्णयमा सहभागिता गराउने, संगठनको हरेक निकायमा भागवण्डा दिनेलगायतको 'अफर' संस्थापन पक्षले दिएको छ। तर असन्तुष्ट पक्ष सन्तुष्ट हुन चाहिरहेको छैन। सात प्रदेश मध्ये असन्तुष्ट पक्ष सर्वाधिक कमजोर मधेश प्रदेशमा देखिएको छ। सुदुरपश्चिममा असन्तुष्ट पक्ष नै बलियो छ। कांग्रेसमा चलिरहेको आन्तरिक कलहले प्रतिनिधिसभामा समेत प्रभावकारी भूमिका निर्वाह गर्न सकेको छैन। सडक र सदन दुबैमा कांग्रेस कमजोर देखिएको छ। त्यसको प्रमुख कारण नै कांग्रेसको आन्तरिक कलह हो। असन्तुष्ट पक्षले अन्यत्र नै पार्टी कार्यालय सञ्चालन गरिरहेको छ। उनीहरु सानेपामा रहेको कांग्रेस मुख्यालयम जान छाडिसकेका छन्। कांग्रेस संस्थापनको कुनै पनि कार्यक्रममा असन्तुष्ट पक्षका नेताहरुको सहभागिता देखिदैन। गत हप्तासम्म असन्तुष्ट पक्षका शीर्ष नेताहरुसित संस्थापन पक्षले पहल गरे पनि हाल त्यो बन्द भएको छ। संस्थापन पक्ष लचकता देखाउन थालेसंगै असन्तुष्ट पक्ष झन् कडा भएको छ। एक प्रकारले उनीहरु सहमतिको सबै मार्गलाई अवरुद्ध गरेका छन्। संस्थापन पक्षले सहमतिको लागि गरेका प्रयासहरु हालसम्म सार्थक हुन सकेको छैन। संस्थापन पक्षले नै भदौमा हुने राष्ट्रिय महाधिवेशनबाट निरन्तरता पाउने निश्चित छ। पार्टीको क्रियाशील सदस्यता समेत असन्तुष्ट पक्षले नवीकरण गर्न चासो देखाएको छैन। असन्तुष्ट पक्षले क्रियाशील सदस्यताको अद्यावधिक गर्ने कार्यको विरोध गरिरहेको छ। उनीहरुले फेरि क्रियाशील सदस्यता फारम नभर्ने अडानमा कायमै छन्। तर असन्तुष्ट पक्षमा विगतमा रहेका कतिपयले सदस्यता नवीकरणमा सक्रियता देखाएको छ। कांग्रेसमा अहिले संस्थापन पक्षका लागि तीन चुनौती छ। पहिलो त कांग्रेसलाई एक ढिक्का बनाउने, दोस्रो संसदमा प्रमुख प्रतिपक्षी दलको सशक्त भूमिका निर्वाह गर्ने र तेस्रो सत्तारुढ दलबाट भइरहेको गडबडी विरुद्ध सडकबाट जनतालाई सचेत गराउने रहेको छ। कांग्रेस नेतृत्व अहिले तीनै चुनौतीलाई सामना गर्ने शक्तिशाली स्थितिमा छैन। अत्यन्त प्रतिकूल परिस्थितिमा समेत प्रमुख प्रतिपक्षी दलको भूमिकामा रहनु कम्ती उपलब्धि होइन। तर त्यो भन्दा ठूलो चुनौती सामना गर्न कांग्रेस सक्षम देखिएको छैन। कांग्रेस कमजोर भएकै कारण सत्तारुढ दलले विपक्षीहरुलाई पेलेर अगाडि बढिरहेको छ।

# उपेक्षामा आँखाको हेरचाह



प्रा. डा. डिबी कार्की

सर्वविदितै छ, जीवनमा आँखाको महत्व अवर्णनीय छ। जीवन र जगत् देख्नका लागि अत्यावश्यक आँखाको हाम्रो जीवनमा सर्वोपरि महत्व छ।

आँखा अत्यन्त सम्वेदनशील अङ्ग पनि हो, यसको हेरचाह र रक्षाका सन्दर्भमा उच्च सम्वेदनशीलता अपनाउन आवश्यक छ। पछिल्लो समय साना बालबालिकादेखि वयस्क र वृद्धावस्थाका मानिसले मोबाइल, कम्प्युटर र टिभीको प्रयोग अधिक गरेसँगै आँखामा अनेक समस्या आउने गरेको छ। उद्योग, कलकारखाना, कृषिलगायत विभिन्न क्षेत्रमा काम गर्ने व्यक्ति तथा खेलाडीले आँखामा हुने चोटपटकको समयमै आवश्यक सावधानी र उपचार नगर्दा जीवनभर अन्धकारमा बस्नुपर्ने हुन्छ। कतिपय रोगका बिरामीले पनि आँखाको स्वास्थ्यमा ध्यान दिनुपर्ने हुन्छ।

यी विभिन्न अवस्थामा कसरी आँखालाई सुरक्षित र दृष्टि शक्तिलाई कायमै राख्न सकिन्छ भन्नेबारेमा यसलेखमा केही सावधानीका उपायका बारेमा उल्लेख गरिएको छ। लामो समयसम्म मोबाइल, कम्प्युटर र टिभीको स्क्रिन हेर्दा आँखा थाक्ने, पोल्ने र टाउको दुख्ने समस्या हुने हुँदा २०-२०-२० नियम अपनाउन सकिन्छ अर्थात् हरेक २० मिनेट, २० फिट टाढाको वस्तु २० सेकेन्डका लागि हेर्ने बानी बसाल्न सकिन्छ। साथै, स्क्रिन आँखाबाट एकहात टाढा राख्ने, धेरै चम्किलो स्क्रिन प्रयोग नगर्ने, अँध्यारोमा मोबाइल प्रयोग गर्नुहुँदैन। त्यस्तै घाम, धुलो र धुवाँबाट जोगिनुपर्छ, घाममा निस्कँदा धुप चस्मा वा टोपी लगाउँदा आँखालाई दबाब पर्दैन। फलाम वेल्डिङको उज्यालो र घामलाई नाङ्गो आँखाले हर्दा पनि आँखाको दृश्य शक्ति ह्रास हुन्छ।

धुलो हुने ठाउँमा काम गर्नुपर्दा आँखाको सुरक्षाका लागि सुरक्षात्मक चस्मा लगाउनुपर्ने हुन्छ। सामान्यतः दिनमा एक-दुई पटक सफा पानीले अनुहार र आँखा पखाल्ने बानीले आँखामा धुलो, धुवाँको सङ्क्रमण हुन पाउँदैन। आँखा पोल्यो वा धुलो पर्‍यो भने धेरैले हात वा अन्य कुनै वस्तुले मिच्ने वा घोट्ने गर्छन्। यसो गर्नु हुँदैन, सफा पानीले विस्तारै पखाल्नुपर्छ। सफा पानीले सफा हात वा नरम कपडाले आँखा सफा गर्नुपर्छ। पढ्दा वा लेख्दा सही बत्ती प्रयोग गरिएमा आँखालाई बोझ पर्दैन। धेरै तेज वा धमिलो नभएको बत्तीमा पढ्दा वा लेख्दा पर्याप्त प्रकाश हुनुपर्छ। सुतिरहेका अवस्थामा वा सवारीसाधन हिँड्दा पढ्न वा मोबाइल चलाउने राम्रो होइन। आँखा थाकेपछि आराम दिनुपर्छ। आँखालाई आराम दिन दैनिक सात-आठ घण्टा सुत्नुपर्छ। लामो समय काम गरेपछि केही मिनेटका लागि आँखालाई बन्द गरेर विश्राम दिनुपर्छ।

आँखाको स्वास्थ्यका लागि केही गलत बानी त्याग्नुपर्छ। अन्य स्वास्थ्यको जस्तै आँखाको स्वास्थ्यका लागि पनि धुमपानको आदत हुनुहुँदैन। यसले आँखाको नसामा असर गर्छ। रक्सीको सेवनले आँखालाई सुक्खा र कमजोर बनाउने हुँदा यसबाट टाढै बस्नु राम्रो हुन्छ। आँखा बिझाउने वा पोल्नेबित्तिकै डाक्टरको सल्लाहबिना नै आइ-ड्रपलगायत आँखाको औषधि प्रयोग गर्नुहुँदैन।

आँखाको स्वास्थ्यका लागि दुई वर्षमा एकपटक परीक्षण आँखाको जाँच गराउने गर्नुपर्छ। दृष्टि धमिलो देखिएमा, आँखा दुखेमा, रातोपन बढेमा वा पानी आउने गरेमा, राति देख्न गाह्रो भएमा, दृष्टि अचानक घटेमा तुरुन्तै नेत्र चिकित्सक कहाँ जानुपर्छ। चस्मा वा लेन्स प्रयोग गर्दा सामान्य ध्यान नदिँदा पनि समस्या आउने गर्दछ। चस्मा प्रयोगकर्ताले सधैँ सफा कपडाले पुछ्नुपर्छ भने अरुको चस्मा वा लेन्स प्रयोग गर्नुहुँदैन। अभिभावकले बालबालिकाको आँखाको हेरचाहमा विशेष ध्यान दिन आवश्यक हुन्छ।

### बालबालिकाको आखाको स्वास्थ्य

बालबालिकालाई गाजर सागपात, अण्डा, दूध, आँप, कागती, गोलभैँडा, माछाजस्ता स्वस्थ खाना खुवाउनुका साथै पर्याप्त पानी पिउन प्रेरित गर्नुपर्छ। भिटामिन ए, सी र ई युक्त खानेकुराले आँखालाई बलियो र स्वस्थ राख्न मद्दत गर्छ। उनीहरुलाई धेरैबेर मोबाइल वा टिभी हेर्न दिनु हुँदैन, यसले आँखा पोल्ने, थाक्ने र टाउको दुख्ने समस्या आँउछ। बच्चालाई २०-२०-२० नियम अर्थात् हरेक २० मिनेटमा २० फिट टाढाको वस्तु २० सेकेन्ड हेर्ने बानी लगाउनुपर्छ। स्क्रिन धेरै नजिक राख्न र अध्याँरोमा मोबाइल चलाउन दिनुहुँदैन। बच्चाको आँखालाई धुलो र घामबाट बचाउन बाहिर खेल्दा टोपी वा धुप चस्मा लगाइदिने,



धुलो वा धुवाँ हुने ठाउँमा लामो समय खेल्न नदिने, बच्चालाई आँखामा धुलो वा किरा आँखामा परेमा मिच्न सिकाउनु हुँदैन। जथाभावी आँखा मिच्दा आँखामा सङक्रमण हुनसक्छ। साबुनपानीले हात धुन सिकाउने, सफा पानीले आँखा पखाल्न लगाउनुपर्छ।

साथै, अरूसँग रुमाल, टाबेल वा तकिया साटेर प्रयोग गर्न दिनुहुँदैन। पढ्ने ठाउँमा पर्याप्त र मृदु प्रकाशको व्यवस्था मिलाउनुपर्छ। अँध्यारोमा वा सुतिरहेका अवस्थामा पढ्न दिनुहुँदैन। पढ्दा आँखाबाट करिब एक फिट टाढा किताब राख्ने बानी बसाल्नुपर्छ। बच्चालाई दैनिक केही समय खेल्न दिएमा यसले आँखाको दृष्टि प्राकृतिक रूपमा सुदृढ बनाउँछ। क्रिकेट, फुटबल, व्याडमिन्टनजस्ता खेलमा सुरक्षात्मक चस्मा लगाउन दिनुपर्छ। धारिलो वा सिसाजन्य खेलौना खेल्न दिनुहुन्न। बच्चाले दैनिक सात-नौ घण्टा राम्रोसँग सुत्नुपर्छ। लामोसम्म पढेपछि वा टिभी हेरेपछि आँखालाई केहीबेर आराम गर्न लगाउनुपर्छ। कुनै समस्या नदेखिए पनि हरेक एक-दुई वर्षमा बच्चाको आँखा परीक्षण गराउनुपर्छ। बच्चाले किताब वा टिभी नजिकै हेर्छ भने, बारम्बार आँखामा हात लगाउँछ वा मिच्छ भने, दृष्टि धमिलो भएको गुनासो गर्छ भने आँखाको दिशा फरक दखिन्छ भने तुरुन्त नेत्र चिकित्सक कहाँ लैजानुपर्छ।

### औद्योगिक क्षेत्रमा काम गर्नेले ध्यान दिनुपर्ने कुरा

औद्योगिक क्षेत्रमा काम गर्ने कामदार आँखामा चोटपटक वा धुलो धुवाँबाट बढी प्रभावित हुन्छन्। काम गर्दा धुलो, धातुका टुक्रा, रासायनिक पदार्थ वा चिङ्गारीले आँखामा चोट पुर्‍याउन सक्छ। त्यसैले उनीहरुले आँखाको हेरचाहका लागि काम गर्दा फिल्टर भएको हेल्मेट र सुरक्षा चस्मा लगाउनुपर्छ भने वेल्डिङ, ग्राइल्डिङ, काट्ने वा पेन्ट गर्ने काममा विशेष चस्मा प्रयोग गर्नुपर्छ। वेल्डिङको तेज प्रकाशले आँखामा 'वेल्डर बर्न' नामको जलन ल्याउँछ।

पेन्ट, एसिड, सोल्भेन्ट, ग्रीस, वा अन्य केमिकलहरू आँखामा परेमा तरुन्त सफा पानीले १०-१५ मिनेटसम्म पखाल्नुका साथै तुरुन्त नेत्र चिकित्सक कहाँ तुरुन्त जानुपर्छ। सुरक्षात्मक मास्क र चस्मा लगाएर रासायनिक पदार्थ प्रयोग गरेका सम्भावित जोखिम कम हुन्छ। अध्याँरोमा वा छायाँमा काम गर्दा आँखामा बढी चाप पर्ने हुँदा पर्याप्त बत्ती भएको ठाउँमा काम गर्नुपर्छ। काम गर्दा धुलो र धुवाँ बढी हुने ठाउँमा भेन्टिलेसन राम्रो भएको ठाउँ रोज्नुपर्छ। आँखामा धुलो धातुका टुक्रा वा रासायनिक पदार्थ परेमा आँखा मिच्नुहुँदैन। तुरुन्त सफा पानीले पखाल्नुहोस्। यसपछि नजिकको स्वास्थ्य केन्द्र वा नेत्र चिकिल्सकलाई देखाउनुपर्छ। सामान्य हो भनेर पर्खिनु कहिल्यै हुँदैन। सानो चोटले पनि ठूलो समस्या ल्याउन सक्छ। औद्योगिक क्षेत्रमा काम गर्ने व्यक्तिले हरेक छ महिनामा एकपटक आँखाको जाँच गराउने तथा दृष्टि धमिलो, पोल्ने, रातो हुने वा पानी आउने समस्या भएमा तुरुन्त नेत्र विशेषज्ञलाई देखाउनुपर्छ।

### खेलाडीले अपनाउनुपर्ने सतर्कता

खेलकुदका क्रममा प्रयोग हुने खेल सामग्री अन्य खेल उपकरणले आँखामा चोट पुर्‍याउन सक्छ। क्रिकेट, ब्याडमिन्टन, टेबल टेनिस, बास्केटबल, फुटबल रग्बी खेलमा आँखाको सुरक्षा अनिवार्य छ। त्यसैले खेलको प्रकारअनुसार सुरक्षात्मक चस्माको प्रयोग गर्नुपर्छ। धाममा खेल्दा सूर्यको हानिकारक किरणबाट बच्न धुप चश्मा लगाउनुपर्छ। धुलो र हावावालो ठाउँमा खेल्दा आँखा पोल्ने पानी आउने र रातो हुने समस्या हुनसक्ने भएकाले टोपी वा हेडब्यान्ड लगाउने गर्नुपर्छ। खेलाडीले आफ्नो आँखा स्वस्थ राख्न केही सावधानी अपनाउनुपर्ने हुन्छ।

जस्तै : खेलपछि हात सफा नगरी आँखामा नछुने, पसिना वा धुलो आँखामा पेरमा सफा पानीले पखाल्ने, रुमाल वा टाबल अरूसँग साटेर प्रयोग नगर्ने। बल, औँला वा कुनै वस्तुले आँखामा चोट लाग्दा भित्री चोट लाग्नसक्छ। तुरुन्त ठण्डा पानी वा बरफले सेक्ने र त्यसलाई बेवास्ता नगरी नेत्र चिकित्सक कहाँ जानुपर्छ।

कन्ट्र्याक्ट लेन्स प्रयोग गरेका खेलाडीले थप सावधानी अपनाउनुपर्ने हुनसक्छ। खेल्दा पसिना वा धुलोका कारण कन्ट्र्याक्ट लेन्स बिग्रिन सक्छ। सम्भव भएसम्म स्पोर्टस् गगल्स प्रयोग गर्ने र लेन्स प्रयोज गर्दा हरेकपटक सफा हातले लगाउने र निकाल्ने बानी बसाल्नुपर्छ। अध्याँरो वा अत्यधिक तेज बत्ती भएको मैदानमा खेल्दा आँखामा तनाव आउने हुँदा उचित प्रकाश भएको ठाउँमा खेल्नुपर्छ, जसबाट वस्तु स्पष्ट देखियोस्।

आँखाको शक्ति बढाउन गाजर, सागपात, आँप, सुन्तला, अण्डा, माछा, दूधजस्ता खानेकुराले भिटामिन ए, बी, सीले दृष्टि समृद्ध तुल्याउँछ। खेलपछि शरीर मात्र होइन, आँखालाई पनि विश्राम चाहिन्छ। राति सात-आठ घण्टा सुत्नुहोस ताकी आँखाले पनि पुनः शन्ति पाओस्। लामो समयको अभ्यासपछि केहीबेर आँखा बन्द गरेर विश्राम लिने गर्नुपर्छ। खेलाडीहरूले हरेक वर्षमा कम्तीमा एकपटक आँखाको परीक्षण गराउनुपर्छ। दृष्टि धमिलो भएमा, आँखा पोलेमा, पानी आउने वा दोहोरो देखिने समस्या भए तरुन्त नेत्र चिकित्सकहाँ सम्पर्क गर्नुपर्छ।

### विभिन्न रोगका बिरामीले दिनुपर्ने ध्यान

अधिकांश मानिस विभिन्न सर्ने वा नसर्ने खालका रोगबाट पीडित हुन्छन्। त्यस्त बिरामीले आफूलाई लागेको रोगको उपचारसँगै त्यसले आँखामा पार्नसक्ने जटिलता हुन नदिन विशेष सावधानी अपनाउनुपर्ने हुन्छ। यहाँ केही रोगका बिरामीले दिनुपर्ने ध्यानका बारेमा उल्लेख गरिएको छ।

मधुमेहका बिरामीले दिनुपर्ने ध्यान : लामो समय उच्च मधुमेहको समस्यामा जेलिँदा आँखाका साना नसा बिग्रन्छन्। यसलाई डाइबेटिक रेटिनोप्याथी भनिन्छ। यसले मधुमेहका बिरामीको दृष्टि हराउन सक्छ। सर्वप्रथम त उनीहरुले चिनी, रक्तचाप र कोलेस्ट्रोल नियन्त्रणमा राख्नुका साथै नियमित रूपमा औषधि र खानामा ध्यान दिनुपर्छ। दृष्टि धमिलो हुने, कालो डाबर देखिने वा उज्यालोमा समस्या देखिए तुरुन्त डाक्टरलाई देखाउनुपर्ने हुन्छ। दृष्टि ठीक भए पनि वर्षको एकपटक आँखाको जाँच गराउनु आवश्यक हुन्छ। यदि आँखामा समस्या देखिएको छ भने तीन-छ महिनामा नेत्र चिकित्सक कहाँ जानुपर्ने हुन्छ।

रक्तचाप भएका बिरामीले दिनुपर्ने ध्यानः रक्तचाप बढी हुँदा आँखाका नसामा असर पर्छ जसलाई 'हाइपरटेन्सिभ रेटिनोप्याथी' भनिन्छ। यस्ता बिरामीले आफ्नो रक्तचाप नियमित रूपमा नाप्नुहोस् र औषधि समयमा लिने, नुन कम खानुहोस्, तनाव घटाउने र नियमित व्यायाम गर्नुपर्छ। आँखामा परिवर्तन देखिएको छ भने छ महिनामा एकपटक र सामान्य अवस्थामा पनि बिरामीले प्रत्येक एक -दुई वर्षमा आँखाको जाँच गराउनुपर्छ।

क्षयरोगका बिरामीले दिनुपर्ने ध्यान : कुनैकुनै औषधि जस्तै इथामबुटोलले आँखाको नसामा असर पारी दृष्टि धमिला बनाउन सक्छ। त्यसैले यस्ता औषधि सुरु गर्नुअघि आँखाको जाँच गराउनुपर्छ। उपचारका क्रममा दृष्टि धमिलो हुने, रङ्ग देख्न गाह्रो भएमा वा आँखामा दुखाई भएमा तुरुन्त सम्बन्धित चिकित्सकलाई देखाउनुपर्छ। यस्तो अवस्थामा औषधि आफैँ रोक्न हुन्न। यस्ता बिरामीले औषधि सुरु गर्नुअघि आँखाको जाँच गराउने, बीचमा पनि महिनामा एकपटक दृष्टि जाँच गर्दा राम्रो हुन्छ भने उपचार समाप्त भएपछि अन्तिम जाँच गराउँदा जटिलता आउन पाउँदैन।

गठियाका बिरामीका लागि : गठिया रोगले कहिलेकाहीँ आँखामा युभेटिइस सुजन वा कण जम्मा हुने समस्या ल्याउनसक्छ। यस्ता बिरामीले युरिक एसिड नियन्त्रणमा राख्ने, प्रशस्त पानी पिउने, रातो मासु, रक्सी र माछा कम खाने गर्नुका साथै आँखामा रातोपन आएमा, आँखा पोलेमा वा दृष्टि धमिलो भएमा तुरुन्त जाँच गराउनुपर्छ। रोग नियन्त्रणमा भइसकेका अवस्थामा पनि वर्षमा एकपटक आँखाको जाँच गराउन र आँखामा कुनै समस्या देखापरेमा तुरुन्त नेत्र विशेषज्ञकहाँ जानुपर्छ। (प्रस्तुत विचार वरिष्ठ नेत्ररोग विशेषज्ञ डा कार्कीसँग राससका आलेख प्रमुख कृष्ण अधिकारीले गर्नुभएको कुराकानीमा आधारित)

# मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणका परम्परागत उपाय



दिलबहादुर केसी

बाँदरको समस्या समाधान गर्न संसद्बाट केही सांसदहरूले सरकारलाई अल्टिमेटम नै दिए। बाँदरकै कारण गाउँबस्ती रित्तिइरहेको र किसानहरूका पीडाका विषय अहिले मिडियामा छ्यापछ्याप्ती छन्। हुन त यो विषय पुरानो होइन। एक दशकयता यो समस्या झनै जटिल बन्दै आएको छ।

यो विषय विगतमा स्थानीय र जिल्ला स्तरमा जिल्ला वन, प्रशासनसम्म सीमित थियो। अहिले संसद्मा प्रवेश पायो। बालेन्द्र शाह प्रधानमन्त्री भए लगत्तै प्रदेशगत छलफलका क्रममा सांसदहरूले समेत सरकारको ध्यानाकर्षण गराएका छन्। संसद्को चालु अधिवेशनमा केही सांसदहरूले बाँदरको समस्या समाधानका लागि स्पष्ट सरकारी नीति आवश्यक रहेको विषय उठाएका थिए।

वन्यजन्तु र मानवले आफ्नो आवश्यकता पूरा गर्ने तथा आफ्नो क्षेत्राधिकार विस्तार गर्ने क्रममा एक-आपसमा गर्ने सङ्घर्षलाई मानव-वन्यजन्तु द्वन्द्व भनिन्छ। मानव-वन्यजन्तु द्वन्द्व कुनै नयाँ विषय होइन। मानव सभ्यताको विकाससँगै यी दुई पक्षबिच द्वन्द्व रहँदै आएको छ। अहिलेको विकास मोडल र प्राकृतिक स्रोतको दोहनको वर्तमान अवस्थालाई हेर्दा आगामी दिनमा यो द्वन्द्व अझ बढ्ने निश्चितप्रायः देखिन्छ।

नेपाल जैविक विविधताले भरिपूर्ण देश हो। यहाँ मानव र वन्यजन्तुबिचको सहअस्तित्व ऐतिहासिक रूपमा कायम रहँदै आएको छ। तर पछिल्ला वर्षहरूमा मानव-वन्यजन्तु द्वन्द्व गम्भीर सामाजिक, आर्थिक र वातावरणीय समस्याको रूपमा देखापरेको छ। विशेषगरी पहाडी क्षेत्रहरूमा बाँदर, चरा, दुम्सी, मृग, चितुवा, भालु, बँदेल (जङ्गली सुँगुर) लगायतका वन्यजन्तुले कृषिमा ठुलो क्षति पुर्‍याउँदै आएका छन्। यसको परिणामस्वरूप गाउँबाट मानिस विस्थापित हुने, खेतीयोग्य जमिन बाँझो बस्ने र बिस्तारै बारीहरू जङ्गलमा परिणत हुने प्रवृत्ति तीव्र बन्दै गएको छ।

यसरी गाउँदेखि सदनसम्म बहसको विषय बनेको मानव-वन्यजन्तु द्वन्द्व किन र कसरी बढ्यो भन्ने प्रश्न महत्त्वपूर्ण छ। मानव र वन्यजन्तुबिचको द्वन्द्व मुख्यतः दुई प्रकारले देखिन्छ। पहिलो, मानवले वन्यजन्तुलाई पुर्‍याउने क्षति र दोस्रो, वन्यजन्तुले मानवद्वारा सिर्जित सम्पत्तिमा पुर्‍याउने नोक्सानी।

मानव जनसङ्ख्या र आवश्यकतामा वृद्धि भएसँगै वन्यजन्तुको प्राकृतिक बासस्थानमा मानवीय हस्तक्षेप बढ्दै गयो। जङ्गल फडानी, सडक विस्तार, पूर्वाधार निर्माण र अतिक्रमणका कारण वन्यजन्तुको क्षेत्र साँघुरिँदै गयो। परिणामस्वरूप वन्यजन्तु आहारा र सुरक्षित वासस्थानको खोजीमा मानव बस्ती नजिक आउन थाले।

सरकार र स्थानीय समुदायको प्रयासले कतिपय वन्यजन्तुको सङ्ख्यामा वृद्धि भएको छ। तर सङ्ख्या बढेसँगै आहारा र वासस्थानको दबाब पनि बढेको छ। त्यसैले जनावरहरू जङ्गलबाहिर निस्केर खेतबारीमा पस्ने, घरपालुवा जनावरमाथि आक्रमण गर्ने, घरगोठमा क्षति पुर्‍याउने र कतिपय अवस्थामा मानिसमाथि समेत आक्रमण गर्ने घटना बढेका छन्।

यसरी एकातिर वन तथा वन्यजन्तुको अवस्थामा सुधार देखिएको छ भने अर्कोतर्फ मानव-वन्यजन्तु द्वन्द्व पनि तीव्र बन्दै गएको छ। यो अवस्था मानव र वन्यजन्तु दुबैका लागि नकारात्मक छ।

पछिल्लो समय अव्यवस्थित सहरीकरण, जथाभाबी सडक तथा पूर्वाधार निर्माण, जङ्गल फडानी, वन अतिक्रमण, डढेलो तथा वन्यजन्तुको प्राकृतिक वासस्थानको विनाशले समस्या झन् बढाएको छ। मृग, बँदेलजस्ता वन्यजन्तुको चोरी शिकारीका कारण ठुला मांसाहारी जनावरको आहार शृङ्खला प्रभावित भएको छ। यसका साथै कतिपय वन्यजन्तुको आनीबानी परिवर्तन हुँदै कृषिबालीप्रति निर्भरता बढेको देखिन्छ। पोसिलो र सजिलै उपलब्ध हुने कृषिबालीले वन्यजन्तुलाई आकर्षित गरिरहेको छ।

मानव-वन्यजन्तु द्वन्द्व अहिले मात्रै बढेको हो कि परम्परागत रूपमा पनि यस्तो समस्या थियो भन्ने विषयमा मैले दोलखाको गौरीशंकर संरक्षण क्षेत्रभित्र रहेका किसानहरूसँग छलफल तथा स्थलगत अवलोकन गरेको थिएँ।

गौरीशंकर र विगू गाउँपालिकाभित्र फैलिएको संरक्षण क्षेत्रमा पछिल्लो समय बाँदरको समस्या बढ्नुमा आधुनिक विकास निर्माणका गतिविधिलाई स्थानीयले मुख्य कारण मानेका छन्। विगू गाउँपालिका-३ का वडा अध्यक्ष ढालबहादुर तामाङका अनुसार, 'पहिला बाँदरहरू खोला र तामाकोसी नदी आसपास मात्रै बस्ने गर्थे। त्यहाँका बालीमा सामान्य क्षति पुर्‍याए पनि गाउँसम्म आउँदैनथे। अहिले हाइड्रोपावर निर्माणका लागि सडक खन्ने क्रममा डोजर र विस्फोटक पदार्थको प्रयोग भएपछि उनीहरूको पुरानो वासस्थान प्रभावित भयो र बाँदरहरू माथिल्लो गाउँबस्तीमा सरे।'

स्थानीयवासीका अनुसार विगतमा बाघले घरपालुवा जनावर खाने समस्या बढी थियो। अहिले त्यो समस्या कम भए पनि बाँदर, बँदेल, चरा र भालुको समस्या बढेको छ।

गौरीशंकर गाउँपालिका-५ का उद्धव खड्काका अनुसार गाउँमा खेती गर्ने मानिस घटेसँगै समस्या झन् बढेको हो। उनका अनुसार, 'पहिले गाउँका अधिकांश खेतबारीमा खेती हुन्थ्यो। तलदेखि माथिसम्म मान्छे खेतमै हुने भएकाले जनावर धपाउन सजिलो थियो। अहिले आधाभन्दा बढी खेत बाँझो छन्। सहर र विदेश जाने क्रम बढेपछि बारी जङ्गलमा परिणत भएका छन्।'

उनका अनुसार पहिले सबै ठाउँमा खेती हुने भएकाले वन्यजन्तु छरिएर जान्थे, अहिले थोरै खेतमा मात्र खेती हुने हुँदा सबै जनावर त्यही क्षेत्रमा केन्द्रित भएका छन्।

वन डढेलो पनि समस्या बढाउने अर्को कारण बनेको छ। अघिल्ला वर्षहरूमा फागुनदेखि जेठसम्म लाग्ने डढेलोले वन्यजन्तुको वासस्थान र आहारा नष्ट गरिदियो। जङ्गलमा आहारा अभाव भएपछि वन्यजन्तु मानव बस्ती र खेतबारीतर्फ आकर्षित भए।

वन क्षेत्रको अतिक्रमण, सडक विस्तार, पूर्वाधार निर्माण तथा प्राकृतिक वासस्थानको खण्डीकरणले वन्यजन्तुहरू खाद्यान्नको खोजीमा बस्ती नजिक आउन बाध्य भएका छन्।

त्यसैगरी कृषि प्रणालीमा आएको परिवर्तनले पनि समस्या बढाएको छ। पहिले विविध बाली लगाइन्थ्यो, जसले वन्यजन्तुलाई धेरै आकर्षित गर्दैनथ्यो। अहिले मकै, आलु, गहुँ जस्ता बालीको एकल खेती बढेकाले वन्यजन्तुका लागि सजिलो लक्ष्य बनेको छ।

### द्वन्द्वका प्रमुख असरहरू

मानव-वन्यजन्तु द्वन्द्वले ग्रामीण जीवनमा गम्भीर असर पारेको छ। बाँदरले मकै, आलु र तरकारी नष्ट गर्छन्। चराले धान र गहुँमा क्षति पुर्‍याउँछन् भने बँदेलले रातारात खेत जोतेर सखाप पारिदिन्छ। यसले किसानको वर्षभरिको मेहनत नष्ट हुन्छ।

खानेकुराको खोजीमा भालु बस्ती नजिक आउँदा बेला-बेलामा मानवसँग जम्काभेट हुने गरेको छ। भालुको आक्रमणबाट हरेक वर्ष मानिस घाइते हुने गरेका छन्। कतिपय स्थानमा समस्या यति बढेको छ कि जिरी नगरपालिकाले भालुको गतिविधि निगरानी गर्न सडक क्षेत्रमा सिसिटिभी जडान गर्नुपरेको थियो।

कृषि उत्पादन घट्दै जाँदा ग्रामीण अर्थतन्त्र कमजोर बन्दै गएको छ। धेरै किसानले खेती नै छोड्न थालेका छन्। परिणामस्वरूप खेतीयोग्य जमिन जङ्गलमा परिणत हुँदै गएको छ, जसले फेरि वन्यजन्तुको वासस्थान विस्तारमा सहयोग पुर्‍याएको छ।

लगातारको क्षतिले धेरै मानिस गाउँ छोडेर सहर वा विदेश जान बाध्य भएका छन्। गाउँमा बुढापाका मात्र बस्ने अवस्था सिर्जना हुँदै गएको छ। विगतमा प्रचलित पर्म, पर्मपात र सामूहिक श्रमजस्ता सामाजिक परम्पराहरू कमजोर बन्दै गएका छन्।

खेती छोडिएपछि बारी झाडी र जङ्गलमा परिणत हुँदै गएका छन्। यसले वन्यजन्तुको सङ्ख्या र आवागमन अझ बढाएको छ। किसानहरूमा निराशा, मानसिक तनाव र असुरक्षाको भावना बढ्दो छ।

### रोकथामका परम्परागत उपायहरू

नेपालका पहाडी क्षेत्रमा समुदायहरूले परम्परागत रूपमा वन्यजन्तु नियन्त्रणका विभिन्न उपाय अपनाउँदै आएका थिए। ती उपाय स्थानीय स्रोत, श्रम र अनुभवमा आधारित तथा वातावरणमैत्री थिए।

हात्तिबार एक प्रकारको काँडेदार बिरुवा हो, जसलाई बारका रूपमा प्रयोग गरिन्थ्यो। यसको बाक्लो काँडा र घना संरचनाले वन्यजन्तुलाई खेतमा पस्न कठिन बनाउँथ्यो। त्यसैगरी सिउँरी, घंगारु, ऐंसेलु लगायतका काँडेदार बिरुवाबाट काँडेबार बनाइन्थ्यो। यसले विशेषगरी बँदेल र अन्य जनावरलाई रोक्न प्रभावकारी भूमिका खेल्थ्यो। कतिपय ठाउँमा ढुङ्गाको पर्खालसमेत बनाउने चलन थियो।

पहिले गाउँमा पालैपालो खेतबारीमा पहरा दिने चलन थियो। रातभरि खेतमा बस्ने, गस्ती गर्ने तथा वन्यजन्तु धपाउने काम सामूहिक रूपमा गरिन्थ्यो। बुख्याचा बनाउने, टिनका डिब्बा बजाउने, ढ्याङ्ग्रो वा मादल बजाउने जस्ता उपाय अपनाइन्थे।

गाउँघरमा कुकुर पाल्ने र खेतबारी तथा गोठको सुरक्षामा प्रयोग गर्ने प्रचलन थियो। कुकुरको भुकाइले वन्यजन्तु डराउने भएकाले यो प्रभावकारी उपाय मानिन्थ्यो। गाउँलेहरू मिलेर ठुलो क्षेत्रफलमा खेती गर्दा निगरानी सजिलो हुन्थ्यो। साथै वन्यजन्तुले कम खाने बाली–जस्तै कोदो, फापर, गहत आदि लगाउने प्रचलन पनि थियो।

## समयानुकूल एमालेमा व्यापक पुनर्गठन तयारी

**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा एमालेका उपाध्यक्ष विष्णुप्रसाद पौडेलले चुनावी पराजयको निर्मम समीक्षा गर्दै पार्टी अगाडि बढेको बताएका छन् ।

संगठन विभागले काठमाण्डुमा बुधबार गरेको कार्यक्रममा पौडेलले पार्टी सामान्य अवस्थामा नरहेको बताएका हुन् । 'हामीबाट गल्ती भएको छ, गल्ती नभई धक्का खाइँदैन,' पौडेलले भनेका थिए ।

अध्यक्ष केपी शर्मा ओली प्रमुखवक्ता रहेको उक्त कार्यक्रममा पौडेलले गल्ती गर्नेहरूले सक्किनुपरेको उदाहरण नै प्रस्तुत गरेका थिए ।

'सन् १९२० मा स्थापना भएको भारतीय कम्युनिस्ट पार्टीले दोस्रो विश्वयुद्ध पछि सही निर्णय लिन नसक्दा सक्किनुपऱ्यो,' पौडेलले उदाहरण दिँदै भनेका थिए, 'तर चिनियाँ कम्युनिस्ट पार्टी सफलतातिर बढ्यो ।'

एमालेलाई सक्किनुबाट बचाउन पुनर्गठन नै विकल्प भएको निष्कर्ष पौडेलले सुनाएका थिए ।

'समयानुकूल व्यापक पुनर्गठन गर्नुको विकल्प हामीसँग छैन,' पौडेलले भनेका थिए, 'त्यसअघि यो एक महिना हामी निर्मम समीक्षा गर्नेछौं ।'

आफ्नै सामुन्ने पौडेलले गल्ती गरेकैले चुनावमा हार्नुपरेको निष्कर्ष सुनाएपछि अध्यक्ष केपी ओलीले प्रतिवाद गरेका थिए । ओलीले पार्टीले गरिरहेको समीक्षा पुनर्गठनका निम्ति नभएको प्रष्टोक्ति दिएका थिए ।

उनले भने, 'समीक्षा भनेको बिथोल्न होइन, समीक्षा भनेको जग हँसाइ गर्नलाई होइन,' ओलीले भनेका थिए, 'समीक्षा आन्तरिक कुरा हो, संघर्ष बाह्य कुरा हो ।'

# तीन तहका सरकारले सूचना तथा सञ्चार क्षेत्रमा गरेका कामको समीक्षा हुन्छः सञ्चारमन्त्री

काठमाण्डु । तीन तहका सरकारबीच समन्वय, कार्यगत स्पष्टता र सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले आयोजित विषयगत समितिको बैठकले सञ्चार क्षेत्रका संरचनागत समस्या समाधान, पुराना कानुन संशोधन, 'डिजिटल' प्रणाली विकास तथा सेवा एकीकरणलगायत विषयमा महत्वपूर्ण निर्णय गरेको छ ।

संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध) ऐन, २०७७ को दफा २२ अन्तर्गत गठित सूचना तथा सञ्चार क्षेत्रसम्बन्धी विषयगत समितिको आजको बैठकले सञ्चार क्षेत्रलाई सङ्घीय संरचनाअनुसार पुनःसंरचना गर्ने दिशामा महत्वपूर्ण निर्णय गरेको हो ।

सञ्चार मन्त्रालयमा भएको बैठकले विषयगत समितिको बैठक तथा निर्णयसम्बन्धी कार्यविधि-२०८३ स्वीकृत गर्दै भविष्यमा निर्णय कार्यान्वयनको नियमित अनुगमनको व्यवस्था गरेको छ ।

बैठकमा सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले बदलिँदो प्रविधिसँगै विद्यमान कानुनी ढाँचामा परिवर्तन अपरिहार्य भएको उल्लेख गर्दै संसद्बाट अधिकतम कानुन निर्माणका काम प्राथमिकतामा राखिने बताउनुभयो । सहज सेवा प्रवाह र विकास निर्माणका काममा गति दिन लागि तीन तहका सरकारबीच आपसी समन्वय, सहकार्य तथा सिकाइ आदानप्रदान र खुला छलफल आवश्यक रहेको धारणा उहाँले व्यक्त गर्नुभयो ।

सञ्चारमन्त्री तिमिल्सिनाले सञ्चार क्षेत्रभित्र देखिएको दोहोरो र तेहरो संरचनालाई निर्ममतापूर्वक समीक्षा गर्नुपर्नेमा जोड दिँदै विशेषगरी अनुदान वितरण, विज्ञापन प्रणाली र सञ्चारमाध्यमको प्रभावकारिताबारे पुनरवलोकन आवश्यक भएको बताउनुभयो ।

लोककल्याणकारी विज्ञापन वितरण प्रणालीलाई पारदर्शी बनाउनुपर्ने बताउँदै उहाँले जनताको करबाट उठेको स्रोत



नागरिक हितमै प्रयोग भइरहेको छ वा छैन भन्ने प्रश्नको उत्तर खोजिनुपर्छ भन्नुभयो ।

बैठकमा तीन तहका सरकारले एउटै प्रकृतिका कामका लागि छुट्टाछुट्टै संरचना निर्माण गर्दा सेवा प्रवाह जटिल बन्दै गएको, अधिकार र जिम्मेवारीमा अस्पष्टता रहेको तथा एक तहले गरेको काम अर्को तहले स्वीकार नगर्ने प्रवृत्तिले समन्वय कमजोर बनाएकोलगायत विषयहरु उठेका थिए ।

सञ्चारमाध्यम दर्ता र नवीकरण, सञ्चारकर्मीका लागि प्रेस पास वितरण, अनलाइन मिडिया व्यवस्थापन, प्रसारण क्षेत्र, चलचित्र र दूरसञ्चार क्षेत्रका कानुनी अस्पष्टता प्रमुख समस्याका रूपमा उठाइएको थियो ।

आजको बैठकले रेडियोयन्त्र लाइसेन्स व्यवस्थापनलाई व्यवस्थित बनाउन रेडियो ऐन, २०१४ तथा रेडियो सञ्चार (लाइसेन्स) नियमावली, २०४९ अनुसार प्रदेशले समन्वय गर्ने र कानुनी सुधारका लागि सबै प्रदेशबाट सुझाव सङ्कलन गरी कानुन संशोधन प्रक्रिया अघि बढाउने निर्णय गरिएको छ ।

अनलाइन सञ्चारमाध्यमको दर्ता तथा नवीकरणलाई लिएर देखिएको अन्योल हटाउन छापाखाना तथा प्रकाशनसम्बन्धी ऐन, २०४९ संशोधन गर्ने प्रक्रिया अघि बढाउने निर्णय बैठकले गरेको छ । विशेषगरी प्रदेश कानुनअनुसार दर्ता भएका अनलाइन मिडियाको नवीकरण प्रक्रियामा देखिएको समस्या समाधान गर्न तत्काल नियमावली संशोधन प्रक्रिया अघि बढाउने निर्णयसमेत भएको छ ।

सञ्चार क्षेत्रको डाटाबेस र नियमन प्रणालीलाई व्यवस्थित गर्न एकीकृत प्रणाली विकास गर्ने निर्णय पनि बैठकले गरेको छ । सञ्चार मन्त्रालय, प्रदेश, स्थानीय तह तथा प्रेस काउन्सिल नेपालसँग समन्वय गरी सञ्चारमाध्यमको एकीकृत प्रणाली विकास गरिनेछ । यसले सञ्चार संस्थाको दर्ता, नवीकरण, निगरानी र अभिलेखीकरणलाई एउटै प्रणालीमा ल्याउने छ ।

**सञ्चारमन्त्री तिमिल्सिनाले सञ्चार क्षेत्रभित्र देखिएको दोहोरो र तेहरो संरचनालाई निर्ममतापूर्वक समीक्षा गर्नुपर्नेमा जोड दिँदै विशेषगरी अनुदान वितरण, विज्ञापन प्रणाली र सञ्चारमाध्यमको प्रभावकारिताबारे पुनरवलोकन आवश्यक भएको बताउनुभयो ।**

हुलाक सेवालाई पुनर्जीवित गर्दै सरकारी कुरियर सेवाका रूपमा रूपान्तरण गर्ने विषय बैठकको अर्को महत्वपूर्ण 'एजेन्डा'का रुपमा रहेको थियो । राहदानी, सवारी चालक अनुमतिपत्र, सीमकार्ड, शैक्षिक प्रमाणपत्रलगायत सरकारी कागजात जनताको घरदैलोमा पुऱ्याउन हुलाक सेवा प्रयोग गर्ने सरकारको योजनाअनुसार यसका लागि प्रदेश र स्थानीय तहलाई आवश्यक समन्वय गर्न आग्रह गरिएको छ ।

हुलाक कार्यालयका जग्गा तथा सम्पत्तिमाथि भइरहेको अतिक्रमण रोक्न तथा अतिक्रमित सम्पत्ति फिर्ता गराउन सम्बन्धित स्थानीय तहसँग समन्वय गर्ने विषयमा पनि बैठकमा छलफल भएको थियो ।

साथै, सबै तहका सरकारले नीति तथा बजेटमार्फत हुलाक सेवाको विविधीकरण, आधुनिकीकरण र डिजिटल रूपान्तरणका लागि स्रोत सुनिश्चित गर्नेसक्नेबारे छलफल भएको छ । विज्ञापन क्षेत्रको व्यवस्थापनमा देखिएको असमानता हटाउन विज्ञापन बोर्डले तयार गरेको नमुना निर्देशिका र स्थानीय तहका लागि नमुना ऐन कार्यान्वयनमा ल्याउने तयारी थाल्ने पनि बैठकले निर्णय गरेको छ । तीन तहबीचको समन्वयमार्फत विज्ञापन प्रणालीलाई पारदर्शी, उत्तरदायी र एकरूप बनाउने लक्ष्य राखिएको छ ।

चलचित्र, वृत्तचित्र, फोटोग्राफी तथा डिजिटल सामग्री उत्पादनलाई उद्योगका रूपमा विकास गर्ने रणनीति पनि बैठकले अघि सारेको छ । प्राकृतिक तथा सांस्कृतिक सम्पदाको अन्तरराष्ट्रिय प्रवर्द्धन गर्दै नेपाललाई अन्तरराष्ट्रिय चलचित्र छायाङ्कन तथा सिर्जनात्मक गन्तव्य बनाउने उद्देश्य राखिएको छ । यसका लागि सबै तहका सरकारले सहजीकरण गर्ने प्रतिबद्धता जनाएका छन् ।

दूरसञ्चार क्षेत्रमा ग्रामीण दूरसञ्चार विकास कोषको प्रभावकारी उपयोग गरी स्थानीय तहमा 'ब्रोडब्याण्ड' सेवा निरन्तरता सुनिश्चित गर्ने, सरकारी प्रकाशन प्रणालीमा एकरूपता कायम गर्न प्रदेश र स्थानीय सरकारका राजपत्र छपाइ नेपाल सरकारले अपनाएको ढाँचाअनुसार गर्ने तथा भाषा आयोगले सिफारिस गरेका मातृभाषामा समाचार उत्पादन, प्रकाशन र प्रसारणलाई प्रोत्साहन गर्ने व्यवस्था मिलाउने निर्णय पनि बैठकले गरेको छ ।

मिथ्या सूचना नियन्त्रण र जिम्मेवार पत्रकारिता प्रवर्द्धनलाई प्राथमिकतामा राख्दै तीन तहका सरकारले जनचेतना अभिवृद्धि कार्यक्रम सञ्चालनलाई प्राथमिकतामा राख्ने निर्णय आजको बैठकले गरेको छ ।

बैठकमा सुदूरपश्चिम प्रदेशका आन्तरिक मामिला तथा कानुन मन्त्री हीरा सुनारले सञ्चारक्षेत्रलाई व्यवस्थित बनाउन संघीय मन्त्रालयले सबै प्रदेशलाई समेट्ने स्पष्ट 'छाता कानुन' ल्याउनुपर्ने आवश्यकता औँल्याउनुभयो ।

प्रदेशमा कर्मचारी अभाव गम्भीर समस्या रहेको उल्लेख गर्दै उहाँले प्रदेशस्तरमा आमसञ्चार विधेयक निर्माण प्रक्रिया अघि बढिरहेको जानकारी दिनुभयो । साइबर सुरक्षाजस्ता नयाँ चुनौतीमा स्पष्ट नीति अभाव रहेको उहाँले बताउनुभयो ।रासस

## संविधानसँग सम्बन्धित सम्झौताहरूको अध्ययनमा कार्यदल

काठमाण्डु । संविधान संशोधनसम्बन्धी बहसपत्र तयार गर्न गठित कार्यदलले विगतमा सरकार र विभिन्न आन्दोलनरत पक्षबीच भएका सम्झौता तथा सहमतिहरू अध्ययन गर्ने भएको छ ।

प्रधानमन्त्री वालेन्द्र शाहका राजनीतिक सल्लाहकार असिम शाहको संयोजकत्वमा गठित कार्यदलले संविधान संशोधनसँग प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सम्बन्धित सम्झौताका प्रतिलिपि उपलब्ध गराउन सम्बन्धित मन्त्रालय तथा सरकारी कार्यालयलाई आग्रह गरेको छ ।

कार्यदलका सदस्यसचिव लीलाधर सुवेदीका अनुसार बहसपत्र तयार गर्ने क्रममा विगतका वार्ता, छलफल तथा लिखित सहमतिहरूमा संविधानसम्बन्धी विषय कसरी समेटिएका थिए भन्ने अध्ययन गरिनेछ । यसका लागि कार्यदल सचिवालयले सबै मन्त्रालय तथा सम्बन्धित कार्यालयलाई पत्राचार



गरिसकेको छ । सचिवालयका अनुसार २०६३ सालको विस्तृत शान्ति सम्झौता, मधेस, थारुहट तथा आदिवासी जनजाति आन्दोलनसँग सम्बन्धित सहमति, विभिन्न धार्मिक समुदाय, शिक्षक, दलित, महिला, चिकित्सक तथा स्वास्थ्यकर्मी, कर्मचारी र स्थानीय तहका जनप्रतिनिधिका आन्दोलनपछि भएका सम्झौताहरू अध्ययनको दायरामा रहनेछन् ।

संविधान, सङ्घीयता, समावेशिता, प्रतिनिधित्व, पहिचान तथा राज्य पुनर्संरचनासँग सम्बन्धित विभिन्न प्रतिबद्धता र सहमतिहरूको पनि समीक्षा गरिने जनाइएको छ ।

कार्यदलले संविधान निर्माण तथा कार्यान्वयनका क्रममा विभिन्न समुदाय, क्षेत्र र सरोकारवाला पक्षले उठाएका माग तथा ती माग सम्बोधनका लागि सरकारले गरेका प्रतिबद्धताको समग्र अध्ययन गरी संविधान संशोधनका सम्भावित विषय पहिचान गर्ने उद्देश्य राखेको जनाएको छ । रासस

## राष्ट्रसंघीय प्रथम समिति अध्यक्षमा नेपाल निर्वाचित

काठमाण्डु । नेपाल संयुक्त राष्ट्रसङ्घीय महासभा (युएनजीए) को ८१औँ अधिवेशनअन्तर्गत प्रथम समिति (निःशस्त्रीकरण तथा अन्तरराष्ट्रिय सुरक्षा) को अध्यक्षमा निर्वाचित भएको छ ।

यो मुलुकका निम्ति ठूलो कूटनीतिक उपलब्धि हो । बहुपक्षीयता, अन्तरराष्ट्रिय शान्ति, सुरक्षा तथा विश्वव्यापी निःशस्त्रीकरणका प्रयासप्रति




सात दशकभन्दा लामो समयदेखि व्यक्त नेपालको प्रतिबद्धताप्रतिको अन्तरराष्ट्रिय मान्यता हो ।

प्रथम समितिको अध्यक्षमा निर्वाचित भएपछि संयुक्त राष्ट्रसङ्घका लागि नेपालका स्थायी प्रतिनिधि राजदूत लोकबहादुर थापाले सदस्य राष्ट्रहरूले नेपालमाथि गरेको विश्वास र समर्थनप्रति आभार व्यक्त गर्नुभएको छ ।

उहाँले उक्त जिम्मेवारी निष्पक्षता, पारदर्शिता र समावेशिताका आधारमा प्रभावकारी ढङ्गले निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको न्युयोर्कस्थित नेपालको स्थायी नियोगले जनाएको छ ।

उक्त समितिले निःशस्त्रीकरण, अन्तरराष्ट्रिय सुरक्षा तथा विश्व शान्तिसम्बन्धी विषयमा छलफल र निर्णय प्रक्रियामा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । रासस

## बजेटमा सूचना प्रविधिमा दिइएको जोडप्रति स्वागत

काठमाण्डु । आर्थिक वर्ष २०८३/८४ को बजेटमार्फत सूचना प्रविधि क्षेत्रलाई नेपालको आर्थिक रूपान्तरणको प्रमुख आधारका रूपमा स्थापित गर्ने दिशामा सरकारले लिएका सकारात्मक नीतिगत कदमहरूको नेपाल एसोसिएसन फर सफ्टवेयर एन्ड आइटी सर्भिसेस कम्पनीले स्वागत गरेको छ । नेपालको आइटी निर्यात वृद्धि, विदेशी मुद्रा आर्जन, उच्च गुणस्तरीय रोजगारी सृजना तथा नेपाललाई विश्वव्यापी डिजिटल सेवा गन्तव्यका रूपमा स्थापित गर्न सकारात्मक योगदान पुर्याउने विश्वास लिँदै कम्पनीले विज्ञप्तिमार्फत बजेटको स्वागत गरेको जनाएको छ ।

बजेटमा सूचना प्रविधि सेवा निर्यातबाट प्राप्त आम्दानीमा कर सहुलियत, आइटी क्षेत्रका जनशक्तिलाई प्रदान गरिने स्वेट इक्विटीसम्बन्धी कर व्यवस्थामा सुधार, पेसाकर्मीहरूका लागि उच्चतम व्यक्तिगत आयकर दरलाई ३९ प्रतिशतबाट २९ प्रतिशतमा सीमित गर्ने व्यवस्था, भ्याट फिर्ता प्रक्रियालाई थप व्यवस्थित र स्वचालित बनाउने प्रतिबद्धता, दोहोरो कर परिहार सम्झौता विस्तार गर्ने घोषणा तथा कृत्रिम बुद्धिमत्ता,



नवप्रवर्तन र डिजिटल अर्थतन्त्र प्रवर्द्धनका कार्यक्रमहरू समावेश गरिनु आइटी उद्योगको विकासका लागि महत्त्वपूर्ण उपलब्धि भएको कम्पनीले जनाएको छ ।

नेपाल सरकारको डिजिटल अर्थतन्त्र तथा सूचना प्रविधिसम्बन्धी दीर्घकालीन लक्ष्यहरू हासिल गर्न तथा नेपाललाई विश्वस्तरमा प्रतिस्पर्धी आइटी गन्तव्यका रूपमा स्थापित गर्न अन्तरराष्ट्रियस्तरमा प्रतिस्पर्धी र आकर्षक कर तथा लगानीमैत्री नीतिहरू अवलम्बन गर्नुपर्ने आवश्यकतामा जोड दिइएको छ ।

सरकारसँग सहकार्य गर्दै नेपाललाई दक्षिण एसियाको एक अग्रणी डिजिटल तथा आइटी सेवा केन्द्रका रूपमा स्थापित गर्न तथा नेपालमै लाखौँ उच्च पारिश्रमिकयुक्त प्रविधि रोजगारी सृजना गर्ने अभियानमा सक्रिय रहने प्रतिबद्धता पनि व्यक्त गरेको छ ।रासस

## 'सदनमा पेश भइसकेको करका दर सदन बाहिरबाट फेरिनु दण्डनीय कार्य'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का प्रमुख सचेतक युवराज दुलालले संसदमा पेश भैइसकेको करका दर सदन बाहिरबाट फेरिनु दण्डनीय कार्य भएको भन्दै आपत्ति जनाएका छन् ।

'कानुनी शासनको धज्जी उडाउँदै गम्भीर अपराध गर्दै अर्थमन्त्री र मन्त्रालय,' उनी सामाजिक सञ्जालमा लेख्छन्, 'सदनमा पेस भइसकेको करका दर फेर्न सदन बाहिरबाट पाइँदैन ।'

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले १५ जेठमा आर्थिक विधेयक ल्याएका थिए । उक्त विधेयकमा अर्थमन्त्रालयले पटक-पटक हेरफेर गरेर अर्थ मन्त्रालयको वेबसाइटमा राखेको छ ।

संसद्मा पेश गरेको र अर्थ मन्त्रालयले आफ्नो वेबसाइटमा पछिल्लो पटक राखेको आर्थिक विधेयकमा करसम्बन्धी व्यवस्थामै फरकपन छ ।

नेपाल सरकारले संसदमा दर्ता गरेको आर्थिक विधेयक पृष्ठ ४६४



छ । अर्थ मन्त्रालयले फेरबदल गरेर आफ्नो साइटमा राखेको यो विधेयकको पृष्ठ संख्या ४४८ छ ।

यो विषयमा सामाजिक सञ्जालमार्फत आफ्नो धारणा सार्वजनिक गर्दै प्रमुख सचेतक दुलालले आपत्ति जनाएका छन् ।

'विधिको हिसावले मन्त्रिपरिषद् बाट स्वीकृतिपछि मात्र विधेयक संसद् मा पेस भएको हुन्छ । संसद्मा पेस भएको विधेयक संसद्ले मात्र संशोधन गर्न सक्छ,' उनले लेखेका छन् ।

बजेट र करको महत्त्व के हो भनेर पनि उनले प्रष्ट्याउने प्रयास गरेका छन् । उनी भन्छन्, ' बजेट बनाउँदा मन्त्रिपरिषद्मा पनि जानकारी नदिई पास गरिने विषय हो करका दर । किनकी यसमा ठूलो चलखेल हुन्छ भनेर करका दर संसद्मा पेस नहुँदासम्म अर्थमन्त्री र मन्त्रालयका सीमित कर्मचारी बाहेक अरूलाई थाह नै हुँदैन ।'

यस्तो विषयमा समेत लापरबाही भएको भन्दै उनले खबरदारी गरेका छन् ।

उनले थपेका छन्, ' त्यति गम्भीर विषयमा यो स्तरको लापरबाही गर्न कानुनी र व्यावहारिक दुवै हिसावले दण्डनीय छ ।'


## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

प्रकाशित मिति : २०८३/०२/२१ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय जनकपुर, धनुषाबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

| बोलपत्र दर्ता गर्ने अन्तिम मिति | बोलपत्र खोलिने मिति/समय |
| --- | --- |
| २०८३/०२/२७ गते/स्थान : शाखा कार्यालय जनकपुर, धनुषा | २०८३/०२/२९ गते, शुक्रबार दिनको ३ बजे |

**क्र.सं.** **शाखा कार्यालय : जनकपुर, धनुषा**

**ऋणीको नाम, ठेगाना**

१. **नाम : न्यु सोनामाई मनकामना इन्जिनियरिङ्ग वर्कसप**
नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभागको कार्यालय
द.नं. ९१८६/५८६/०७३/०७४, दर्ता मिति : २०७४/०२/११, पान नं. ६०६१५०३७४, दर्ता मिति : २०७४/०२/११
ठेगाना : धनुषा जिल्ला, जनकपुर उ.म.न.पा. वडा नं. १४

**ऋणी तथा जमानतकर्ताको विवरण**

| | |
| --- | --- |
| **१. नाम : सुरेश कुमार साह**<br>ना.प्र.नं. ३३८८१२९८२, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६०/१२/११<br>बाबुको नाम : राम पुकार साह तेली<br>बाजेको नाम : अकलु साह तेली<br>ठेगाना : महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना वडा नं. ४<br>हाल : महोत्तरी जिल्ला, भंगहा वडा नं. ७ | **२. नाम : नरेश कुमार साह**<br>ना.प्र.नं. ३३८१३९९४, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/०८/२४<br>बाबुको नाम : राम पुकार साह तेली<br>बाजेको नाम : अकलु साह तेली<br>ठेगाना : महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना वडा नं. ४<br>हाल : महोत्तरी जिल्ला, भंगहा वडा नं. ७ |

**३. नाम : रामपुकार साह तेली**
ना.प्र.नं. १५२६३१२५, जि.प्र.का. सर्लाही, जारी मिति : २०३८/१२/०३
बाबुको नाम : अकलु साह तेली, बाजेको नाम : गुलाम साह
ठेगाना : सर्लाही जिल्ला, हरिपुर्वा वडा नं. ७, हाल : महोत्तरी जिल्ला, भंगहा वडा नं. ७

**जमानतकर्ताको विवरण**

| | |
| --- | --- |
| **१. नाम : सुगावती देवी**<br>ना.प्र.नं. १५२६३१२६, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०४४/११/०४<br>पतिको नाम : राम पुकार साह तेली<br>ससुराको नाम : अकलु साह तेली<br>ठेगाना : सर्लाही जिल्ला, हरिपुर्वा वडा नं. ७<br>हाल : महोत्तरी जिल्ला, भंगहा वडा नं. ७ | **२. नाम : गणेश साह तेली**<br>ना.प्र.नं. ३३८१३५६५, जि.प्र.का. सर्लाही<br>जारी मिति : २०५०/११/१५<br>बाबुको नाम : राम पुकार साह तेली<br>बाजेको नाम : अकलु साह तेली<br>ठेगाना : सर्लाही जिल्ला, हरिपुर्वा वडा नं. ७<br>हाल : महोत्तरी जिल्ला, भंगहा वडा नं. ७ |

**धितोको विवरण**

१. राम पुकार साह तेलीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीमा दर्ता श्रेष्ता रहेको महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना वडा नं. ५ क स्थित कि.न. ५०१, ४९३, ६११ र ८०६ को क्षेत्रफल क्रमश: ०-२-५-०, ०-४-५-०, ०-३-२.५-० र ०-२-०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
२. राम पुकार साह तेलीको नाममा मालपोत कार्यालय जनकपुर, धनुषामा दर्ता श्रेष्ता रहेको धनुषा जिल्ला, जनकपुर न.पा. वडा नं. १४ स्थित कि.न. १९६ को क्षेत्रफल ०-०-१०-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।
३. धनी ज्योति विकास बैंक लि. भई **ऋणी रामपुकार साह तेली**को नाममा दर्ता कायम रहेको प्र २-०३-००१ ख १०२४, च्यासिस नं. MB1PBEFD4KAYK9031, ईन्जीन नं. KLHZ413717 को Viking 222 Chassix, ना ८ ख ३३१५, च्यासिस नं. MB1PCEFC2HAEG4246, ईन्जीन नं. HFEZ406183 को ALPSV45.188 तथा ना ८ ख ३३१६, च्यासिस नं. MB1PCEFC0HAEG4245, ईन्जीन नं. HFEZ406180 को Cheetah 203 कायम सवारी साधन थान ३ ।
४.धनी ज्योति विकास बैंक लि. भई **ऋणी सुरेश कुमार साह**को नाममा दर्ता कायम रहेको मधेश प्रदेश ०३-००१ ख ९०२९, च्यासिस नं. MB1PBEFDXMAJL4684, ईन्जीन नं. MJHZ405369 को Viking 222 Bus तथा मधेश प्रदेश ०३-००१ ख ९०३० च्यासिस नं. MB1PBEFD2MAJL4730, ईन्जीन नं. MKHZ402561 को Viking 222 Bus कायम सवारी साधन थान २ ।

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय: का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : जनकपुर, धनुषा, फोन नं. ०४१-५९०६२५
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# थाकसिनको सजाय समाप्त



रासस/एएफपी । थाइल्यान्डका पूर्वप्रधानमन्त्री तथा लामो समयदेखि देशको राजनीतिमा प्रभावशाली भूमिका निर्वाह गर्दै आउनुभएका थाकसिन सिनावात्रा शाही माफीपछि आफ्नो जेल सजायसँग सम्बन्धित सबै कानूनी दायित्वबाट औपचारिक रूपमा मुक्त हुनुभएको छ । चार महिनाको परीक्षण अवधि पूरा भएसँगै बुधबारदेखि उहाँको सजाय प्रक्रिया समाप्त भएको हो ।

छयत्तर वर्षीय अर्बपति तथा पपुलिस्ट नेताका रूपमा चिनिनुभएका थाकसिनलाई गत महिना बैङ्कको जेलबाट प्यारोलमा रिहा गरिएको थियो । त्यसयता उहाँ पुनः राजनीतिक रूपमा सक्रिय हुन सक्ने अनुमान भइरहेका छन्, यद्यपि उहाँको परिवारले उहाँले राजनीति छोड्ने चाहना राखेको बताएको छ । उहाँको प्रभाव सत्तारूढ गठबन्धनको हिस्सा रहेको फेउ थाई पार्टीभित्र अझै कायम रहेको मानिन्छ ।

राजा महा भाजिरालोङ्कोर्नद्वारा जारी आदेश मङ्गलबार राति रोयल गजेटमा प्रकाशित भएको थियो र बुधबारदेखि लागू भएको हो । थाइल्यान्ड संवैधानिक राजतन्त्र भएको मुलुक भएकाले राजासँग दोषी अपराधीलाई माफी दिने अन्तिम अधिकार रहन्छ ।

यसपटकको माफी र निर्णय रानी सुथिदाको जन्मदिनको अवसरमा गरिएको बताइएको छ । सो अवसरमा विशेष शर्त पूरा गर्ने कैदीहरूलाई लागू हुने गरी व्यापक माफी व्यवस्था गरिएको थियो । थाकसिन आफ्नो सजायको बाँकी अवधि एक वर्षभन्दा कम भएकाले तथा प्रोबेशन (शर्तसहितको रिहाइ) मा रहँदा पूर्ण रिहाइका लागि योग्य ठहरिनुभएको हो ।

थाकसिनले लामो समयदेखि दूरसञ्चार व्यवसायमा संलग्न रहँदै सन् १९९८ मा राजनीतिक पार्टी स्थापना गर्नुभएको थियो । उहाँ सन् २००१ देखि प्रधानमन्त्री बनेर कार्यरत रहनुभएको थियो तर सन् २००६ मा विदेश भ्रमणमा रहेका बेला भएको सैन्य कूले उहाँलाई पदबाट हटाएको थियो ।

उहाँको निष्कासनपछि झण्डै दुई दशकसम्म थाइल्यान्डको राजनीति तीव्र ध्रुवीकरणमा गएको थियो । उहाँसँग निकट रहेका दलहरू समय-समयमा सत्तामा फर्किए पनि उहाँको लोकप्रियतावादी नीति ग्रामीण क्षेत्रका मतदाताबीच अत्यधिक लोकप्रिय रह्यो भने सहरी अभिजात वर्ग, राजावादी र सैन्य समूहबीच गहिरो मतभेद कायम रह्यो ।

भ्रष्टाचारसम्बन्धी मुद्दामा एक वर्षको सजाय तोकिएपछि थाकसिनले आठ महिना जेल सजाय भोग्नुभएको थियो । त्यसपछि उहाँलाई मे ११ मा प्यारोलमा रिहा गरिएको थियो । प्रारम्भमा चार महिनाको प्रोबेशन अवधि तोकिएको थियो, जसअन्तर्गत उहाँलाई इलेक्ट्रोनिक निगरानी ब्रेसलेट लगाउनुपर्ने व्यवस्था गरिएको थियो ।


उहाँका वकिल विन्यात च्याटमन्ट्रीका अनुसार थाकसिन अब सबै कानूनी दायित्वबाट मुक्त हुनुभएको छ । यद्यपि ब्रेसलेट हटाउने औपचारिक प्रक्रिया केही दिनसम्म लाग्न सक्ने बताइएको छ ।

थाकसिनलाई आफ्नो व्यापारिक हितका लागि पदको दुरुपयोग गरेको र राज्य लटरी परियोजनालाई अवैध रूपमा अनुमोदन गरेको आरोपमा दोषी ठहर गरिएको थियो । सुरुमा उहाँलाई सन् २०२३ मा आठ वर्षको जेल सजाय सुनाइएको थियो, तर राजाले उक्त सजाय एक वर्षमा घटाउनुभएको थियो ।

उहाँलाई सुरुमा अस्पतालको विशेष कक्षमा राखी सजाय पूरा गर्न अनुमति दिइएको थियो । तर विशेष व्यवहार भएको भन्दै उठेको विरोधपछि सर्वोच्च अदालतले सेप्टेम्बर २०२५ मा उहाँलाई जेलमै सजाय भोग्न आदेश दिएको थियो ।

शाही माफीपछि थाकसिनको कानूनी अध्याय औपचारिक रूपमा समाप्त भएको भए पनि उहाँको राजनीतिक प्रभाव र भविष्यको भूमिकाबारे बहस भने अझै जारी रहने देखिएको छ ।

# बंगलादेशविरुद्धको सेमिफाइनल खेलका लागि नेपालको प्लेइङ एघार खेलाडीका नाम सार्वजनिक



भारत । भारतको गोवामा जारी साफ महिला च्याम्पियनसिप २०२६ अन्तर्गत आज पहिलो सेमिफाइनल खेलमा नेपालले बंगलादेशसँग प्रतिस्पर्धा गर्दैछ ।

गोवाको पण्डित जवाहरलाल नेहरू स्टेडियममा केही समयपछि हुने उक्त खेलको लागि आज नेपाली टोलीका मुख्य प्रशिक्षक नवीन न्यौपानेले प्लेइङ ११ खेलाडीको नाम सार्वजनिक गरेका छन् । मुख्य प्रशिक्षक न्यौपानेले कप्तान अञ्जिला तुम्बापो सुब्बाको नेतृत्वमा सुरुआती ११ खेलाडी मैदानमा उतारेका छन् ।


नेपालको सुरुआती टोलीमा कप्तान सुब्बासँगै पूजा राना, विमला विक, रेनुका नगरकोटी, सरु लिम्बू, गीता राना, रेखा पौडेल, प्रीति राई, रश्मीकुमारी घिसिङ, अनिता लाम्जेल र दीपा शाही रहेका छन् । बङ्गलादेशविरुद्धको खेलमा प्रशिक्षक न्यौपानेले आज चार खेलाडी परिवर्तन गरेका छन् । जसमा एन्जिला तुम्बापो सुब्बा, पूजा राना, प्रीति राई र अनिता लम्जेल रहेका छन् । उनीहरूले श्रीलङ्कासँग खेलेका थिएनन् ।

बङ्गलादेशले पनि कप्तान मारिया मन्डासहित ११ खेलाडीको नाम सार्वजनिक गरेको छ । कप्तान मारियासहित माइले अख्तर, शाम्सुन्नाहर, अफेदा खन्दाकर, कोहाती किस्कु, मस्त मोमिता खातुन, अनिका रानिया सिद्दिकी, उमेहा मरमा, साउरा अखन्दर प्रिटी, मस्त सुरोभी अख्तर अरफिन र रितु पोर्ना चक्मालाई सुरुआती टोलीमा समावेश गरेको हो ।

समूह चरणमा उत्कृष्ट प्रदर्शन गर्दै सेमिफाइनल पुगेका दुवै टोलीबीचको प्रतिस्पर्धा निकै रोमाञ्चक हुने अपेक्षा गरिएको छ । नेपाल घरेलु समर्थकको उत्साहसँगै फाइनल पुग्ने लक्ष्यमा रहेको छ भने यता बंगलादेश पनि लगातार सफलताको लय कायम राख्न चाहन्छ ।

यसअघि पटकपटक फाइनल पुगे पनि उपाधिबाट वञ्चित हुँदै आएको नेपालले बङ्गलादेशलाई हराउँदै फाइनल पुग्ने लक्ष्यका साथ मैदानमा उत्रिएको छ । नेपालले समूह चरणको खेलमा श्रीलंका र भुटानलाई पराजित गर्दै सेमिफाइनल यात्रा तय गरेको हो । यता बंगलादेशले माल्दिभ्सलाई हराएको थियो भने भारतसँग पराजित भएको थियो । नेपाल र बङ्गलादेशबीचको खेल स्थानीय समयअनुसार ४:०० शुरु भएको छ । रासस

# इरानी ड्रोन आक्रमणपछि कुवेत विमानस्थलमा क्षति, युद्धविराम संकटमा



रासस/एएफपी । इरान र अमेरिकाबीच जारी तनावका बीच फेरि आक्रमण-प्रतिआक्रमण भएको छ। यसले हालै लागू गरिएको नाजुक युद्धविरामलाई थप चुनौती दिएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले जनाएका छन् ।

बुधबार इरानी ड्रोन आक्रमणका कारण कुवेतको मुख्य अन्तर्राष्ट्रिय विमानस्थलको एक टर्मिनल भवनमा ठूलो क्षति पुगेको छ। आक्रमणमा एक जनाको मृत्यु भएको छ भने ६३ जना घाइते भएका छन्। घाइतेमध्ये केहीको अवस्था गम्भीर रहेको कुवेती स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

कुवेतका रक्षा मन्त्रालयका प्रवक्ता ब्रिगेडियर जनरल साउद अब्दुलअजिज अल-ओताइबीका अनुसार विमानस्थलको यात्रु टर्मिनललाई लक्षित गरी धेरै शत्रुतापूर्ण ड्रोनहरू प्रहार गरिएको थियो। घटनापछि विमानस्थल केही समयका लागि बन्द गरिएको थियो। पछि वैकल्पिक टर्मिनलबाट सीमित उडान सञ्चालन पुनः सुरु गरिएको छ ।

यसैबीच, इरानले युद्धविराम विस्तारका लागि मध्यस्थकर्तासँगको संवाद स्थगित गरेको बताइएको छ। क्षेत्रीय एक अधिकारीका अनुसार लेबनानमा युद्धविराम प्रभावकारी रूपमा लागू नभएसम्म तेहरान वार्तामा फर्किन इच्छुक छैन ।

तर अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले शान्ति वार्ता अझै जारी रहेको बताएका छन् ।

पछिल्ला केही सातादेखि इरान, अमेरिका र इजरायलबीचको द्वन्द्व अन्त्य गर्न वार्ता चलिरहेको भए पनि विभिन्न क्षेत्रमा भइरहेका लगातार आक्रमणहरूले शान्ति प्रयासलाई कमजोर बनाइरहेका छन् ।रासस

# गाजाको ७० प्रतिशत क्षेत्र नियन्त्रण गर्ने विषय अमेरिकी शान्ति योजनामा समावेश छैन : रुबियो



रासस/एएफपी । अमेरिकी विदेशमन्त्रीमार्कोरुबियोलेगाजापट्टीको ७० प्रतिशत भूभागमा इजरायली नियन्त्रण विस्तार गर्ने विषय अमेरिकाद्वारा प्रस्तावित द्वन्द्व समाधान तथा पुनर्निर्माण योजनामा समावेश नभएको बताउनुभएको छ ।

मंगलबार अमेरिकी सांसदहरूसमक्ष आयोजित एक सुनुवाइका क्रममा रुबियोले गाजामा जारी द्वन्द्व अन्त्य, पुनर्निर्माण तथा दीर्घकालीन स्थायित्व सुनिश्चित गर्ने उद्देश्यले तयार पारिएको २० बुँदे अमेरिकी योजनामा उक्त प्रकारको भूभाग नियन्त्रण विस्तारको व्यवस्था नरहेको स्पष्ट पार्नुभयो ।

उहाँले अमेरिका गाजामा दिगो शान्ति, सुरक्षा तथा स्थिर शासन व्यवस्थाको पक्षमा रहेको उल्लेख गर्दै त्यहाँको प्रशासन कुनै सशस्त्र समूहको नियन्त्रणमा नरही जनताको हितलाई केन्द्रमा राखेर सञ्चालन हुनुपर्ने धारणा व्यक्त गर्नुभयो । रुबियोका अनुसार गाजाको भविष्य शान्तिपूर्ण, सुरक्षित र पुनर्निर्माणमुखी हुनुपर्नेमा अमेरिका प्रतिबद्ध छ ।

यसअघि इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले गाजापट्टीमा इजरायली सेनाको नियन्त्रण विस्तार गर्ने सम्बन्धमा निर्देशन दिएको जानकारी सार्वजनिक गर्नुभएको थियो । उहाँका अनुसार हाल करिब ६० प्रतिशत भूभागमा रहेको सैन्य नियन्त्रणलाई बढाएर ७० प्रतिशतसम्म पुर्‍याउने लक्ष्य राखिएको छ ।

रुबियोको भनाइलाई गाजाको वर्तमान अवस्था, क्षेत्रीय सुरक्षा तथा द्वन्द्वपछिको व्यवस्थापनबारे अमेरिकी दृष्टिकोणको महत्वपूर्ण संकेतका रूपमा हेरिएको छ। अमेरिका गाजामा दीर्घकालीन शान्ति स्थापना, मानवीय सहायता प्रवाहको सहजता तथा पुनर्निर्माण प्रक्रियालाई प्राथमिकताका साथ अघि बढाउनुपर्ने पक्षमा रहेको बताइएको छ ।

# साफ च्याम्पियनसिपमा नेपाल सेमिफाइनबाट बाहिरियो




भारत। साफ च्याम्पियपनसिपमा नेपाल दोस्रो पटक सेमिफाइनलबाट बाहिरिएको छ। सन् २०१० देखि सुरु भएको यस प्रतियोगितामा आज नेपाल बङ्गलादेशसँग पराजित भएको हो । यसअघि सन् २०१६ मा भएको साफ च्याम्प्यिनसिपको सेमिफाइनलमा नेपाल भारतसँग पराजित भएको थियो ।

गोवास्थित पण्डित जवाहारलाल नेरु रङ्गशालामा आज भएको पहिलो सेमिफाइनल खेलमा बङ्गलादेशले नेपाललाई २-१ गोलअन्तरले पराजित गरेको हो । खेलमा पहिलो अग्रता नेपालले लिएको थियो । नेपालको लागि गीता रानाले खेलको २३ औं मिनेटमा गोल गरिन् । दीपा शाहीले प्रहार गरेको कर्नर किकमा गीताले डि बक्स एरियाबाट गोल गर्न सफल भएकी हुन् ।

नेपालको एक शून्य गोलको अग्रता लामो समयसम्म टिक्न सकेन । खेलको पहिलो हाफको अतिरिक्त समयमा बङ्गलादेशले गोल गर्दै खेल बराबरीमा फर्कायो । बङ्गलादेशको लागि रितु पोर्ना चक्माले गोल गरिन् । त्यसपछि खेलको दोस्रो हाफको अतिरिक्त समयमा बङ्गलादेशकी सागुरिकाले थप एक गोल गर्दै बङ्गलादेशको जित सुनिश्चित गरिन् । रासस

# ऊर्जा संकटबीच जापानको नवीकरणीय ऊर्जा विस्तारमा जोड



रासस/एएफपी । जापान सरकारले बढ्दो ऊर्जा मूल्य र मध्यपूर्वमा जारी तनावका प्रभावलाई सम्बोधन गर्न ३.११ खर्ब येन (झण्डै १९.५ अर्ब अमेरिकी डलर) बराबरको अतिरिक्त बजेटको प्रारम्भिक मस्यौदा स्वीकृत गरेको छ ।

मन्त्रिपरिषद्ले बुधबार उक्त बजेट पारित गरेको हो । यसलाई संसदबाट शुक्रबारसम्म अनुमोदन गरिने अपेक्षा गरिएको छ ।

विश्लेषकहरूले सरकारी खर्च बढ्नुले आर्थिक चुनौती र मुद्रास्फीतिसम्बन्धी चिन्ता बढाएको बताएका छन्, किनभने चालु आर्थिक वर्ष सुरु भएको दुई महिनाभित्रै अतिरिक्त बजेट ल्याइएको हो ।

नयाँ बजेटअन्तर्गत २.५ खर्ब येनको आपतकालीन कोष स्थापना गरिनेछ, जसको मुख्य उद्देश्य ऊर्जा मूल्यमा भएको तीव्र वृद्धिलाई नियन्त्रण गर्नु र पेट्रोलियम अनुदानलाई निरन्तरता दिनु हो । सरकारले मार्चदेखि नै खुद्रा पेट्रोल मूल्य करिब १७० येन प्रति लिटरमा सीमित राख्न तेल वितरकहरूलाई अनुदान दिँदै आएको छ ।

यसका लागि वित्तीय वर्ष २०२५ को आपतकालीन कोषबाट करिब ८०० अर्ब येन प्रयोग गरिएको छ । हाल उक्त कोषको मौज्दात घट्दै गएको र आगामी महिनामा सकिने जोखिम रहेको बताइएको छ ।

अतिरिक्त बजेटअन्तर्गत जुलाईदेखि सेप्टेम्बरसम्म घरपरिवारलाई ऊर्जा खर्चमा राहत दिन ५१३.५ अर्ब येन छुट्याइएको छ । साथै, स्थानीय तहहरूले आफ्नै आवश्यकताअनुसार प्रयोग गर्न सक्ने गरी १०० अर्ब येन पनि विनियोजन गरिएको छ, जसबाट तरल पेट्रोलियम ग्यास र उच्च भोल्टेज विद्युत् प्रयोग गर्ने उपभोक्ता तथा व्यवसायहरूलाई सहयोग गरिनेछ ।

जापानले मध्यपूर्वबाट ठूलो मात्रामा कच्चा तेल आयात गर्ने भएकाले त्यहाँको अस्थिरताले ऊर्जा आपूर्तिमा प्रत्यक्ष असर पार्ने चिन्ता बढेको छ। यही कारण सरकारमाथि मूल्य नियन्त्रण र आर्थिक स्थायित्वका लागि अतिरिक्त बजेट ल्याउने दबाब बढ्दै गएको बताइएको छ।

आर्थिक सहयोग तथा विकास संगठनले सार्वजनिक गरेको पछिल्लो आर्थिक प्रतिवेदन अनुसार विश्व अर्थतन्त्र आगामी वर्षहरूमा सुस्त गतिमा अघि बढ्ने देखिएको छ । सन् २०२५ मा विश्व आर्थिक वृद्धि करिब ३.४ प्रतिशत रहने अनुमान गरिएको छ भने सन् २०२६ मा यो दर घटेर २.८ प्रतिशतमा झर्नेछ ।

त्यसपछि सन् २०२७ मा विश्व अर्थतन्त्र केही सुधार गर्दै ३.१ प्रतिशतको वृद्धिदरमा पुग्ने अपेक्षा गरिएको छ । यो अनुमानले विश्व अर्थतन्त्रले अल्पकालीन दबाबको सामना गर्ने तर दीर्घकालीन रूपमा क्रमिक पुनःस्थापनाको सम्भावना रहेको संकेत गर्दछ।

प्रतिवेदनमा उल्लेख गरिएअनुसार, सन् २०२६ को सुरुआतमा विश्व अर्थतन्त्र अपेक्षाभन्दा केही बलियो देखिए पनि मध्यपूर्व क्षेत्रमा जारी तनाव र द्वन्द्वले विश्व आर्थिक दृष्टिकोणलाई प्रमुख रूपमा प्रभावित गरिरहेको छ। यो द्वन्द्वले ऊर्जा बजार, आपूर्ति शृंखला, लगानी वातावरण र अन्तर्राष्ट्रिय व्यापारमा प्रत्यक्ष तथा अप्रत्यक्ष असर पारिरहेको छ, जसका कारण विश्व आर्थिक स्थायित्वमा अनिश्चितता बढेको छ। आर्थिक सहयोग तथा विकास संगठनले यस परिस्थितिलाई ध्यानमा राख्दै दुई सम्भावित परिदृश्यको विश्लेषण गरेको छ । पहिलो परिदृश्यमा द्वन्द्वका कारण हुने अवरोधहरू छोटो समयमै सीमित रहन्छन् र ऊर्जा तथा आपूर्ति प्रणाली छिट्टै सामान्य अवस्थामा फर्किन्छन् । यस अवस्थामा विश्व अर्थतन्त्रमा पर्ने असर पनि तुलनात्मक रूपमा कम र अल्पकालीन हुन्छ । दोस्रो परिदृश्यमा भने द्वन्द्व लामो समयसम्म जारी रहन्छ, जसले ऊर्जा मूल्यमा निरन्तर उतारचढाव, आपूर्ति शृङ्खलामा लामा अवरोध र व्यापारिक लागतमा वृद्धि ल्याउनेछ, जसका कारण विश्व अर्थतन्त्रमा दीर्घकालीन र व्यापक नकारात्मक प्रभाव पर्ने अनुमान गरिएको छ।

आधारभूत अनुमान अनुसार, संयुक्त राज्य अमेरिका र इरानबीच शान्ति सम्झौताको सम्भावना क्रमशः बलियो हुँदै जाने र यसले मध्यपूर्व क्षेत्रमा तनाव कम गर्न मद्दत गर्ने अपेक्षा गरिएको छ । साथै, सन् २०२६ को मध्यतिरदेखि ऊर्जा मूल्यहरू क्रमशः घट्दै जाने सम्भावना पनि व्यक्त गरिएको छ, जसले विश्व बजारमा केही राहत प्रदान गर्नेछ।

यी सबै अवस्थालाई ध्यानमा राख्दा सन् २०२६ मा विश्व अर्थतन्त्र सुस्त भए पनि त्यसपछि सुधारतर्फ उन्मुख हुने र सन् २०२७ मा पुनः वृद्धि गति बढ्ने अनुमान गरिएको छ। रासस

# दुर्गम क्षेत्रमा इन्टरनेट विस्तारसँगै इन्डोनेसियाको नयाँ डिजिटल नीति




रासस/एएफपी। इन्डोनेसियाले विदेशी लो-अर्थ अर्बिट (एलइओ) स्याटेलाइट सेवा प्रदायक कम्पनीहरूका लागि नयाँ नियमहरू कडा बनाउने निर्णय गरेको छ। यसमा स्टारलिंक लगायतका अन्तर ाष्ट्रिय स्याटेलाइट सेवा प्रदायकहरू पनि समावेश छन्।

देशको सञ्चार तथा डिजिटल मन्त्रालयले मंगलबार जनाएको अनुसार अब विदेशी स्याटेलाइट कम्पनीहरूले इन्डोनेसियाको आन्तरिक नियमहरू पूर्ण रूपमा पालना गर्नुपर्नेछ र देशको डिजिटल सार्वभौमिकता (डिजिटल स्वायत्तता) सम्बन्धी लक्ष्यलाई सहयोग गर्नुपर्नेछ।

मन्त्रालयका महासचिव इस्माइलका अनुसार सरकार विदेशी लगानीलाई प्रोत्साहन गर्ने र राष्ट्रिय रणनीतिक हितको सुरक्षा गर्ने बीच सन्तुलन कायम गर्न चाहन्छ। उहाँले स्थानीय सञ्चार माध्यम बिस्निस डट कमसँग कुरा गर्दै विदेशी स्याटेलाइट सेवा प्रदायकहरूले इन्डोनेसियामै नेटवर्क सञ्चालन केन्द्र स्थापना गर्नुपर्ने र सामग्रीसम्बन्धी नियमहरू पनि पालना गर्नुपर्ने बताउनुभयो।

इन्डोनेसियाको विशाल द्वीपसमूह संरचनाका कारण देशका दुर्गम क्षेत्रमा इन्टरनेट पहुँच विस्तार गर्न स्याटेलाइट प्रविधि महत्वपूर्ण भएको मन्त्रालयले जनाएको छ। यसले परम्परागत मोबाइल र फाइबर नेटवर्कलाई पूरक भूमिका खेल्ने अपेक्षा गरिएको छ।

सरकारले स्याटेलाइट सेवासँग कृत्रिम बुद्धिमत्ता प्रविधि एकीकृत गर्दै ग्रामीण तथा दुर्गम क्षेत्रहरूमा इन्टरनेट पहुँच विस्तार गर्ने योजना बनाइरहेको छ।

# पाँचथरका रमेश र डोल्पाकी सुनसरीलाई अन्नपूर्ण हर्जोंग दौडको उपाधि



म्याग्दी । म्याग्दीको अन्नपूर्ण गाउँपालिका-४ नारच्याङमा बुधबार सम्पन्न दोस्रो अन्नपूर्ण हर्जोंग दौड प्रतियोगितामा पुरुषतर्फ ताप्लेजुङका रमेश लिम्बु र महिलातर्फ डोल्पाकी सुनसरी रोका बिजयी हुनुभएको छ ।

छैहत्तरऔँ अन्नपूर्ण आरोहण दिवसको अवसरमा अन्नपूर्ण गाउँपालिका-४ नम्बर वडा कार्यालयले आयोजना गरेको चार हजार १९० मिटर उचाइमा रहेको अन्नपूर्ण आधार शिविरदेखि नारच्याङ ३१ दशमलव छ किलोमिटर दूरीमा दौड प्रतियोगिता भएको थियो ।

उपाधि विजेता लिम्बूले दुई घण्टा चार मिनेट र रोकाले दुई घण्टा ४७ मिनेट १६ सेकेन्डमा उक्त दूरी पूरा गरी उपाधि हासिल गरेको एथलेटिक्स सङ्घ गण्डकीका महासचिव मनबहादुर थापाले जानकारी दिनुभयो ।

उहाँका अनुसार पुरुषतर्फ मनकुमार रोका काठमाडौँले दुई घण्टा १६ मिनेट ११ सेकेन्डमा दूरी पार गरेर दोस्रो र दुई घण्टा २३ मिनेट १२ सेकेन्डमा दूरी पार गरेर अर्जुन कुलिङ सोलुखुम्बुले तेस्रो स्थान हासिल गर्नुभएको छ।

महिलातर्फ पुष्पा शेरमा पाँचथरले दुईदुई घण्टा ५२ मिनेट सात सेकेन्डमा दूरी पार गरेर दोस्रो र निर्मला राई खोटाङले दुई घण्टा ५३ मिनेट ३० सेकेन्डमा उक्त दूरी पार गरेर तेस्रो हुनुभएको छ ।

बिहान ६:४५ मिनेटमा आधार शिविरदेखि सुरु भएको दौड पञ्चकुण्ड ताल, भुस्केटमेला, गुफाफाँट, साँधीखर्क, फुतफुते झरना, हुमखोला, छोटेपा हुँदै नारच्याङ गाउँ पुगेर समापन भएको थियो ।

प्रतियोगितामा प्रथम हुनेलाई रु एक लाख २५ हजार, दोस्रोलाई रु ७५ हजार, तेस्रोलाई रु ४३ हजार ७५० नगदसहित प्रमाणपत्र र सान्त्वना हुनेलाई रु १२ हजार ५०० का दरले नगद पुरस्कारसहित सम्मान गरिएको थियो ।

प्रतियोगितामा पुरुषतर्फ लोकन्द्र राई सोलुखुम्बु, होमलाल श्रेष्ठ रामेछाप, सनम गुरुङ तनहुँ र महिलातर्फ सन्देभा बुढा जुम्ला, आशमा विक रोल्पा, भिमु बुढा जुम्लाले सन्त्वना पुरस्कार प्राप्त गर्नुभयो ।

गाउँपालिका अध्यक्ष भारतकुमार पुन, उपाध्यक्ष दिवा पुन तिलिजा, प्रमुख जिल्ला अधिकारी रवीन्द्र आचार्य र वडाध्यक्ष लोकबहादुर फगामीले नगद र प्रमाणपत्र प्रदान गर्नुभयो ।

पुरुषतर्फ १२ जना र महिलातर्फ नौ जना धावकको सहभागिता जनाएका अन्नपूर्ण गाउँपालिका-४ का वडासदस्य श्याम पुर्जाले बताउनुभयो । उहाँका अनुसार नारच्याङको बैंसी गाउँदेखि सुरु हुने मौरिस हर्जोंग पदमार्गलाई विश्वव्यापी रुपमा प्रचारप्रसार गर्ने उद्देश्यले दोस्रो अन्नपूर्ण हर्जोंग दौड प्रतियोगिता आयोजना गरिएको हो । रासस

# बाह्र वर्षपछि टक्सार फर्किएर व्यापार



टक्सार । बाह्र वर्षअघि अवसरको खोजीमा टक्सार छाडेर काठमाण्डु गएका सुजन उदासले सोच्नुभएको थिएन, फेरि गाउँमै फर्किएर व्यवसाय सञ्चालन गर्नुपर्ला भनेर । तर, उहाँले सोचेजस्तो भएन- ‘बाह्र वर्षमा खोलो पनि फर्किन्छ’ भनेझैँ उहाँ पनि फेरि गाउँ फर्किनुभयो ।

उदास एक दशक लामो काठमाडौँ बसाइ बिट मार्दै गाउँ फर्किनुभयो । यहाँ आएपछि उहाँले भोजपुर नगरपालिका-१२ स्थित ऐतिहासिक टक्सार बजारमा ‘टक्सार नेवाः घासा’ सञ्चालन गर्नुभएको छ । पछिल्ला दिनमा उहाँको व्यवसाय स्थानीय तथा नेवारी परिकारको स्वाद लिने थलो बनेको छ ।

उदासले भन्नुभयो, “पहिले यहाँ सम्भावना देखिनँ, त्यसैले बाहिरिएँ, तर पछिल्ला वर्षमा पर्यटकको चहलपहल बढ्न थालेको देखेर आफ्नै ठाउँमा केही गर्न सकिन्छ भन्ने विश्वास जाग्यो र फर्किएँ । यसरी फर्किएकामा कुनै पछुतो छैन ।”

उदासको पुनरागमनले व्यवसायको सुरुआतमात्र होइन, लामो समयदेखि बसाइँसराइका कारण सुनसानजस्तै बनेको टक्सार बजारलाई चलायमान बनाउन योगदानसमेत गरिरहेको छ । उहाँको कदमले यसका साथै गाउँ छाडेर सहर गएकाहरूलाई गाउँ फर्किएर केही गर्न महत्त्वपूर्ण सन्देशसमेत दिएको छ ।

विगतमा नेपालमा ‘डोली पैसा’ उत्पादन हुने केन्द्रका रूपमा परिचित टक्सार पछिल्ला दशकमा जनशक्ति पलायनको मारमा परिरहेको थियो । यहाँ कलात्मक नेवारी घरहरू जीर्ण बन्दै गएका थिए भने बजारको चहलपहल पनि घट्दै गएको थियो । पछिल्ला वर्षमा भने आन्तरिक पर्यटकको आगमन बढ्न थालेसँगै टक्सारले फेरि जीवन पाउन थालेको उदासको बुझाइ छ । सोही बुझाइपछि आफू आफ्नै गाउँ फर्किएको उहाँले सुनाउनुभयो ।

स्थानीयवासी विमल रणपहेलीका अनुसार उदासमात्रै होइन विगतमा अवसरको खोजीमा बाहिरिएका अन्य केही स्थानीयहरूले गाउँ फर्किएर व्यवसायमा लगानी गर्न थालेका छन् । “पहिले बजार खाली हुँदै गएको थियो । यहाँबाट छोडेर गएकामध्ये केही व्यक्तिहरू आफ्नै ठाउँमा फर्केर व्यवसाय गर्न थालेका छन् । यसले उत्साह थपिएको छ । अब सरकारले उचित वातावरण बनाएर गाउँ फर्किने आधार बनाउन आवश्यक छ”, उहाँले भन्नुभयो ।

स्थानीयका अनुसार टक्सारको ऐतिहासिक सम्पदा, नेवारी संस्कृति, मौलिक परिकार र पुराना बस्तीले पर्यटक आकर्षित गर्न थालेका छन् । यसले स्थानीय अर्थतन्त्र चलायमान बनाउने अपेक्षा गरिएको छ ।

उदासले पनि स्थानीय अर्थतन्त्रमा थोरै भए पनि योगदान गर्ने योजनाअनुसार गाउँ फर्किएको र आफ्नो निर्णयमा सन्तुष्ट रहेको सुनाउनुभयो । “आफ्नो ठाउँमा काम गर्नुको छुट्टै आनन्द रहेछ”, उहाँले भन्नुभयो, “टक्सारको पहिचान जोगाउँदै आफ्नै ठाउँमा केही गर्न सकेँ भने त्यो मेरो सबैभन्दा ठूलो सफलता हुनेछ, त्यसका लागि मिहिनेत गरिरहेको छु ।”

टक्सार विसं १८७२ मा तत्कालीन राजा गीर्वाणयुद्धको पालामा स्थापित सहर हो । यसलाई बजारलाई ‘मिनी पाटन’का रूपमा पनि चिनिन्छ । ललितपुरको पाटनमा भएअनुसारका धार्मिकस्थलहरू उहाँ पनि रहेकाले यस स्थानलाई त्यस्तो भनिएको जानकारहरू बताउँछन् । पाटनबाट टक्सार आएका नेवार जातिले आफ्नो भाषा, धर्म, संस्कार र संस्कृति यस स्थानमा भित्र्याएका र यहाँ नेपालकै पहिलो शाक्यमुनि बौद्ध विहारसमेत रहेको छ । जसको स्थापना १९९३ सालमा भएको थियो । राणाहरूले टक्सारबाट डोली पैसा चलाएका बेला यहाँ मठमन्दिर, विहार, गुम्बा, चैत्य, धारा, पाटीपौवा र मूर्तिहरू बनाइने गरिएको स्थानीय रणपहेलीले बताउनुभयो ।

यही ऐतिहासि स्थानमा पछिल्लो समय नयाँ होटल, रेस्टुरेन्ट, क्याफे तथा सांस्कृतिक गतिविधि विस्तार हुन थालेका छन् । ऐतिहासिक सम्पदाको संरक्षणसँगै पर्यटन र स्थानीय व्यवसायलाई जोड्न सके टक्सार पूर्वी नेपालको आकर्षक पर्यटन गन्तव्यका रूपमा पुनः स्थापित हुनसक्ने सम्भावना रहेको स्थानीय किशोरकुमार ताम्रकारको भनाइ छ । रासस

# जर्मन सहयोगमा धुलिखेलमा स्वास्थ्य, खानेपानी र सौर्य ऊर्जा परियोजना शुभारम्भ



काठमाण्डु । नेपाल सरकार, धुलिखेल नगरपालिका, धुलिखेल अस्पताल, यहाँस्थित जर्मन दूतावास तथा जर्मन विकास सहकार्यका प्रतिनिधिले आज धुलिखेलमा स्वास्थ्य सेवा, सामुदायिक पूर्वाधार र नवीकरणीय ऊर्जा क्षेत्रसँग सम्बन्धित तीन महत्वपूर्ण परियोजनाको संयुक्त रूपमा शुभारम्भ गरेका छन् ।

कार्यक्रममा नेपालका लागि जर्मन राजदूत उडो यूजेन भोल्ज, केएफ डब्ल्यु विकास बैंक, जिआईजेड नेपालका साथै नेपाल सरकारका वरिष्ठ अधिकारी, धुलिखेल अस्पतालका प्रतिनिधि तथा स्थानीय सरोकार भएकाहरूको उपस्थिति थियो ।

कार्यक्रमअन्तर्गत धुलिखेल खानेपानी आपूर्ति प्रणालीको पुनर्निर्माण सम्पन्न भएको घोषणा गर्दै धुलिखेल नगरपालिकाका कार्यवाहक प्रमुख निराजन जंगम र राजदूत भोल्जले संयुक्त रूपमा उद्घाटन गर्नुभएको यहाँस्थित जर्मनीको राजदूतावासले जनाएको छ ।

सन् १९९२ मा स्थापना भएको उक्त प्रणालीले २० हजारभन्दा बढी स्थानीय बासिन्दाका साथै धुलिखेल अस्पताल र काठमाडौं विश्वविद्यालयलाई सुरक्षित खानेपानी उपलब्ध गराउँदै आएको छ ।

गत वर्षको बाढी र पहिरोबाट प्रणालीमा क्षति पुगेपछि जर्मन सरकारले यसको पुनर्निर्माणका लागि एक लाख २० हजार युरो सहयोग उपलब्ध गराएको थियो ।

त्यसैगरी, धुलिखेल अस्पतालमा अटोक्लेभसहितको नयाँ स्वास्थ्यजन्य फोहोर व्यवस्थापन उपचार केन्द्र (हेल्थकेयर वेस्ट म्यानेजमेन्ट ट्रिटमेन्ट साइट) को उद्घाटन भएको छ । अस्पतालमा वातावरणमैत्री फोहोर व्यवस्थापन प्रणालीलाई सुदृढ बनाउने उद्देश्यले स्थापना गरिएको उक्त केन्द्रमार्फत फोहरको वर्गीकरण, संकलन, उपचार र सुरक्षित निस्तारणका अभ्यासलाई थप प्रभावकारी बनाइने जनाइएको छ ।

जिआईजेडको सहयोगमा गत पुसदेखि अस्पतालमा स्वास्थ्यजन्य फोहर व्यवस्थापन सुधार कार्यक्रम सञ्चालन हुँदै आएको छ ।

कार्यक्रमका क्रममा जर्मन सरकारको सहयोगमा केएफडब्ल्यु विकास बैंकमार्फत धुलिखेल अस्पतालमा ५०० किलोवाटक्षमताको सौर्य ऊर्जाप्रणाली जडान परियोजनाको पनि शुभारम्भ भएको छ ।

परियोजना सम्पन्न भएपछि अस्पतालका आपत्कालीन सेवा, शल्यक्रिया कक्ष, प्रयोगशाला तथा अन्य महत्वपूर्ण सेवाका लागि भरपर्दो विद्युत् आपूर्ति सुनिश्चित हुने अपेक्षा गरिएको छ । उक्त प्रणालीबाट वार्षिक ७७८ मेगावाट घण्टा विद्युत् उत्पादन हुने तथा अस्पतालको ऊर्जा खर्चमा वार्षिक करिब ९५ लाख बचत हुने अनुमान गरिएको छ ।

कार्यक्रममा जर्मन पक्षले स्वास्थ्य सेवा, नवीकरणीय ऊर्जा तथा दिगो आर्थिक विकासका क्षेत्रमा नेपालसँगको दीर्घकालीन सहकार्यलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरेको थियो । जर्मनीले केएफडब्ल्यु जिआईजेडमार्फत नेपालको समावेशी, जलवायु प्रतिरोधी र दिगो विकासका प्रयासमा सहयोग गर्दै आएको छ । रासस

# आकस्मिक सेवा दिनुपर्ने बिरामीको मात्र उपचार गर्न बिमा बोर्डको निर्देशन




काठमाण्डु । स्वास्थ्य बिमा बोर्डले निजी स्वास्थ्य संस्था (अस्पताल)लाई आकस्मिक सेवा आवश्यक पर्ने बिरामीको बिमा सुविधाअन्तर्गत उपचारको प्रबन्ध मिलाउन निर्देशन दिएको छ ।

बोर्डका वरिष्ठ मेडिकल सुपरिन्टेन्डेन्ट डा पवनकुमार साहले कुनै पनि बिरामीलाई आकस्मिक उपचार गर्नुपर्ने देखिएमा मात्र बिमाअन्तर्गतका स्वास्थ्य सेवा प्रदान गर्न निर्देशन दिइएको बताउनुभएको हो ।

बोर्डले यही जेठ १६ गतेबाट वित्तीय स्रोतको अभावलाई मध्यनजर गर्दै अर्को निर्णय नभएसम्मका लागि बिमा कार्यक्रममा आबद्ध निजी स्वास्थ्य संस्थाबाट प्रदान गरिने आकस्मिकबाहेक सबै स्वास्थ्य सेवा स्थगित गरेको थियो । बोर्डले बिमामा भार पर्नेगरी सामान्य प्रकृतिका बिरामीलाई आकस्मिक उपचार सेवा प्रदान नगर्न आग्रहसमेत गरेको थियो ।

त्यसैगरी, सेवाग्राहीलाई समेत सेवा प्रदायक संस्था तथा स्वास्थ्यकर्मीमाथि अनावश्यक दबाब सृजना गरेर आश्यकताबाहेकका अवस्थामा पनि सेवा गर्न बाध्य नपार्न आग्रहसमेत गरिएको छ । बोर्डमा आबद्ध भई ३६ वटा निजी अस्पतालले बिमितलाई स्वास्थ्य सेवा उपलब्ध गराउँदै आएका छन् । रासस

# माडीका पर्यटकीयस्थलको प्रचारका लागि गोलघर



चितवन । यहाँको माडी नगरपालिकाले पर्यटकीय क्षेत्रको प्रचारका लागि जिल्ला प्रशासन कार्यालय परिसरमा गोलघर निर्माण गरेको छ ।

माडी नगरपालिकाभित्र रहेका पर्यटकीय क्षेत्रको जानकारी गराउँदै भ्रमणका लागि प्रोत्साहन गर्ने उद्देश्यले प्रशासनसँगको समन्वयमा गोलघर निर्माण गरिएको नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत जगतप्रसाद भुसालले जानकारी दिनुभयो ।

कार्यालयमा दैनिक आउने सेवाग्राहीलाई सहजतासँगै आफ्ना क्षेत्रको जानकारी दिन मिल्ने गरी गोलघर निर्माण गरिएको उहाँले बताउनुभयो । “गोलघरमा माडी क्षेत्रका १० वटा पर्यटकीयस्थलको नाम लेखिएको छ । अब ती नामअनुसारका तस्बिर राख्ने गरी तयारी भइरहेको छ”, प्रमुख प्रशासकीय अधिकृत भुसालले भन्नुभयो ।

गोलघरमा सोमेश्वरगढी, वैकुण्ठधाम, रामधाम, शनिधाम, विराठधुनी, गोद्धकधाम, पर्शुरामकुण्ड, वाल्मीकि आश्रम, भूमि इनार र सेवा त्रिवेणीजस्ता पर्यटकीय क्षेत्रका नाम लेखिएका छन् ।

प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले सेवाग्राहीलाई सेवा लिने विश्रामका साथै माडी क्षेत्रका पर्यटकीय क्षेत्रको प्रचारप्रसारका लागि नगरपालिकासँगको सहकार्यमा गोलघर बनाइएको बताउनुभयो । गोलघरमा माडीका पर्यटकीय दृश्य तस्बिरमा देख्न सकिने गरी व्यवस्थापन गरिएको उहाँले बताउनुभयो । रासस


## प्रभु बैंक लिमिटेड, शाखा कार्यालय, जनकपुरका, तपसिलमा उल्लेखित ऋणी तथा जमानतकर्तालाई कर्जा चुक्ता गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना तथा धितोमा रहेको सम्पत्ति गोप्य शिलबन्दी बोलपत्र मार्फत् लिलाम विक्री गर्ने बारेको ७ दिने सार्वजनिक सूचना ।

**(सूचना प्रकाशित मिति २०८३/०२/२१ गते बिहिबारको जनकपुर टुडे राष्ट्रिय दैनिक)**

यस बैंकका (साविक सेञ्चुरी कमर्सियल बैक लि.शाखा कार्यालय इलाम समेत) तपसिलमा उल्लेखित ऋणीले लिएको कर्जाको किस्ता (साँवा, व्याज) भुक्तानी सम्बन्धि शर्त कबुलियत उल्लघंन गर्नु भएकोले यस बैंकबाट कर्जा चुक्ता फछ्र्यौट गर्ने सम्बन्धमा पटक-पटक मौखिक तथा लिखित तर-ताकेता गर्दा समेत सोको पूर्ण बेवास्ता गरी ऋणी तथा जमानतकर्ताले कर्जा नियमित तथा चुक्ता फछ्र्यौट गर्ने तर्फ चासो नदेखाई आलटाल गरी बसेको हुँदा यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र बैंकमा सम्पर्क राखी सम्झौता बमोजिम बैंकलाई तिर्न बुझाउन बाँकी सम्पूर्ण रकम चुक्ता फछ्र्यौट गर्नु गराउनु हुन ऋणी, जमानतकर्ता तथा धितोसुरक्षण धनी लगायत सम्बद्ध सबैमा सूचित गरिन्छ । यस सूचनाको समेत बेवास्ता गरी उल्लेखित समयावधिभित्र कर्जा चुक्ता फछ्र्यौट नगरेको खण्डमा ऋणी तथा जमानतकर्ता लगायत नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कर्जा सूचना केन्द्रको कालोसूचीमा समाविष्ट गर्नुपर्ने सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा समावेश गर्न सिफारिस गरिने व्यहोरा जानकारी गराउँदै कर्जाको सुरक्षणको रुपमा बैंक समक्ष धितो रहेको तपसिलमा उल्लेखित सम्पत्ति जे जस्तो अवस्थामा छ सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा अन्य प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी प्रस्तुत सूचनाको म्याद भित्र प्राप्त हुन आएका गोप्य शिलवन्दी बोलपत्रको माध्यमबाट लिलाम विक्री गरिने भएकोले उक्त सम्पत्ति के कति मुल्यमा खरिद गरी लिने हो सो खुलाई यो सूचना प्रकाशित भएको मितिले ३६ औं दिन देखि ४२ औं दिनभित्र शिलबन्दी बोलपत्र बैंकको शाखा कार्यालय जनकपुरमा दाखिल गर्नु हुन ईच्छुक महानुभावहरु सबैको जानकारीको लागि समेत यो सूचना प्रकाशित गरिएको छ । प्राप्त बोलपत्रहरु यो सूचना प्रकाशित भएको मितिले ४३ औं दिन अर्थात मिति गते २०८३/०३/३२ बिहिबारको दिन (सो दिन सार्वजनिक बिदा परेमा सोको लगत्तै बैंक खुलेको पहिलो दिन) बैंकको शाखा कार्यलय जनकपुरमा दिनको ठीक ३:०० (तिन) बजे खोलिने भएकोले उक्त दिन उपस्थित हुन सम्बन्धित ऋणी, सुरक्षणधनी, ईच्छुक बोलपत्रदाता तथा सम्बद्ध सबैमा अनुरोध छ । प्राप्त बोलपत्रहरु बैंकले बिना कुनै कारण दर्शाइ स्वीकार वा अस्वीकार गर्न सक्ने व्यहोरा समेत जानकारी गराईन्छ । कुनै कारणबस तपसिलमा उल्लेखित सम्पत्ति लिलाम विक्री नभएमा सो सम्पत्ति अन्य व्यवस्था गरी बेच बिखन गर्न सक्ने वा प्रचलित कानून बमोजिम बैंकले सकार गरी लिन सक्ने व्यहोरा र उक्त सम्पत्तिबाट बैंकको सम्पूर्ण बक्यौता असूल उपर नभएमा प्रचलित कानून बमोजिम असुल उपर गरी लिईने व्यहोरा समेत जानकारी गराईन्छ ।

**तपसिल**

**क. ऋणी तथा जमानतकर्ताको विवरण :**

| | |
|---|---|
| **१. ऋणी :** नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय महोत्तरीमा प्राइभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम मिति २०७२/११/१३ मा प्रा.फ.र.नं. ३१०८/२५/०७२/७३ मा दर्ता कायम भई नेपाल सरकार अर्थ मन्त्रालय, आन्तरिक राजश्व विभाग, आन्तरिक राजश्व कार्यालय जनकपुरबाट मिति २०७२/११/१६ मा करताको नाम उपेन्द्र यादव कारोवारको नाम गढीमाई हार्डवेयर एण्ड ट्रेडिङ्ग सेन्टर भई स्थायी लेखा नम्बर (पान) दर्ता प्रमाण पत्र नं. ६०३९३४९७३ को प्रमाणपत्र प्राप्त **गढीमाई हार्डवेयर एण्ड ट्रेडिङ्ग सेन्टर ।** **रजिष्ट्रड ठेगाना :** महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. ३ (साविक भंगहा गा.वि.स. वडा नं. १) । | **प्रोप्राइटर तथा जमानतकर्ता : उपेन्द्र यादव** (ना.प्र.नं. १२७२३९२३, जारी मिति २०३८/१०/०८, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) । **ठेगाना :** महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. ३ (साविक भंगहा गा.वि.स. वडा नं. १) । बाबु : राम सेवक यादव । बाजे : विलट यादव । |
| **जमानतकर्ता : सरोज कुमार यादव** (ना.प्र.नं. १८-०१-७०-०८४५३, जारी मिति २०७०/१०/२३, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) । **ठेगाना :** महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. ३ (साविक भंगहा गा.वि.स. वडा नं. १) । बाबु : उपेन्द्र यादव । बाजे : राम सेवक यादव । | **जमानतकर्ता : उर्मिला देवी यादव** (ना.प्र.नं. १२७५५९३३, जारी मिति २०५५/०३/३०, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) । **ठेगाना :** महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. ३ (साविक भंगहा गा.वि.स. वडा नं. १) । बाबु : लक्ष्मी गादव । ससुरा : राम सेवक यादव । पति : उपेन्द्र यादव । |
| **जमानतकर्ता : अजय कुमार यादव** (ना.प्र.नं. १८-०१-७३-०५७४१, जारी मिति २०७३/०८/१६, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) । **ठेगाना :** महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. ३ (साविक भंगहा गा.वि.स. वडा नं. १) । बाबु : उपेन्द्र यादव । बाजे : राम सेवक यादव । | **जमानतकर्ता : अशोक कुमार यादव** (ना.प्र.नं. १८-१-०६२/३१६, जारी मिति २०६७/०४/१०, जारी गर्ने कार्यालय जि.प्र.का. महोत्तरी) । **ठेगाना :** महोत्तरी जिल्ला, भंगहा न.पा. वडा नं. ३ (साविक भंगहा गा.वि.स. वडा नं. १) । बाबु : उपेन्द्र यादव । बाजे : राम सेवक यादव । |

**ख. धितोका रहेको सम्पत्तिको विवरण :**

१. उपेन्द्र यादवको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला भंगहा गा.वि.स., वडा नं. १, नक्सा सिट नं. १ख, स्थित कित्ता नं. ३९३ क्षेत्रफल ०-२-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापत समेत ............१
२. उर्मिला देवी यादवको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला भंगहा गा.वि.स., वडा नं. १ नक्सा सिट नं १ख, स्थित कित्ता नं. ३२४ र ३०९ क्षेत्रफल ०-२-०-० र ०-२-०-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापत समेत ............१
३. उर्मिला देवी यादवको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला भंगहा गा.वि.स., वडा नं. ८, नक्सा सिट नं. ८क, स्थित कित्ता नं. २४० र १५८ क्षेत्रफल ०-२-०-० र ०-३-३.७५-० (बिघा) को घर/जग्गा तथा सो घर/जग्गाले चर्चेको सम्पूर्ण लिगलगापत समेत ............१
४. ऋणी **गढीमाई हार्डवेयर एण्ड ट्रेडिङ्ग सेन्टरको** स्वमित्वमा रहेको चालु सम्पत्तिहरु उपर हाइपोथिकेसन सुरक्षण ।

**पुनश्च :**

१. बोलपत्र सम्बन्धी शर्त बन्देज सहितको बोलपत्र फारम बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय जनकपुरबाट समेत प्राप्त गर्न सकिनेछ ।
२. सम्पत्ति दाखेलखारेज नामसारी गर्दा नेपाल सरकारले तोके बमोजिम लाग्ने राजश्व लगायत सम्पूर्ण दैदस्तुर सकारकर्ता स्वयंले तिर्नुपर्नेछ
३. लिलाम हुने सम्पत्ति निरीक्षण अवलोकन गर्नु परेमा वा धितो लिलाम सम्बन्धी अन्य थप जानकारी आवश्यक भएमा बैंकको प्रधान कार्यालय, बबरमहल, काठमाण्डौ स्थित कर्जा असुली विभाग र शाखा कार्यालय जनकपुरमा सम्पर्क राख्न सकिनेछ ।

prabhu bank
**प्रभु बैंक लिमिटेड**
प्रधान कार्यालय, बबरमहल, काठमाडौं, नेपाल
फोन नं. : ०१-५७१९०००



## धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हानको १५ दिने सूचना

प्रकाशित मिति : २०८३/०२/२१ गतेको जनकपुर टुडे राष्ट्रिय दैनिक

यस विकास बैंकको शाखा कार्यालय रामगोपालपुर, महोत्तरीबाट तपसिलमा उल्लेखित ऋणीहरुले लिनु भएको ऋण कर्जा वापत बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज, थप ब्याज, आदि नतिरी नबुझाई कर्जाको शर्त बन्देज उल्लंघन गर्नु भएकोले ऋण कर्जा लगायतको बैंकको लेना रकम तिर्न बुझाउनको लागि पटक पटक मौखिक, लिखित एवं विभिन्न मितिमा सार्वजनिक सूचना प्रकाशित गरी कर्जा चुक्ता गर्न अनुरोध गर्दा समेत कर्जा नबुझाई बैंकको अनुरोधलाई वेवास्ता गर्नु भएको हुँदा ऋण कर्जाको धितो सुरक्षणमा रहेको तपसिलमा उल्लिखित चल/अचल सम्पत्ति, जहाँ जे जस्तो अवस्थामा छ, सोही अवस्थामा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा बैंकको नियमानुसार गोप्य शिलबन्दी बोलपत्रद्वारा लिलाम बिक्री गरी बैंकको लेना रकम असुल उपर गर्नुपर्ने अवस्था आएकोले यो गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिएको छ । धितोमा रहेको तपसिलको सम्पत्ति सकार गरी लिन इच्छुक व्यक्ति वा संघ संस्थाहरुले बैंकको सम्बन्धित शाखा कार्यालयबाट प्राप्त हुने बोलपत्र फारम रितपूर्वक भरी यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र सम्बन्धित शाखा कार्यालयमा बुझाउन सक्नुहुनेछ । बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिएको छ । सो शर्तहरु यसै सूचनाको अभिन्न अङ्गको रुपमा लागु हुनेछन् । बोलपत्र दर्ता गर्ने अन्तिम दिन र/वा बोलपत्र खोलिने दिन कुनै सार्वजनिक बिदा परेमा सो लगत्तै बैंक खुलेको दिन बोलपत्र दर्ता गर्न सकिने र/वा बोलपत्र खोलिने छ । उल्लेखित समयावधि भित्रमा कर्जा चुक्ता गर्नु गराउनु हुन ऋणी लगायत सम्बन्धित पक्षहरुलाई अनुरोध गर्दछौं । अन्यथा उल्लेखित धितो सम्पत्ति लिलाम बिक्री गरी वा बैंक आफैले सकार गर्दा समेत साविकमा बैंकबाट भएको मुल्याङ्कन भन्दा कम मूल्यमा लिलाम बिक्री भएमा वा बैंक आफैले सकार गरि लिएमा पछि मेरो सम्पत्तिको उचित मूल्य प्राप्त नभई कम मूल्यमा लिलाम बिक्री भयो वा बैंक आफैले सकार गरि लियो भनि कहि कतै कुनै उजुर बाजुर गर्न पाउनु हुने छैन । उक्त सम्पत्ति लिलाम बिक्री गर्दा वा पुनर्मुल्याङ्कन गरी बैंक आफैले सकार गर्दा समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८, अन्य प्रचलित ऐन कानून तथा बैंकको नियमानुसार असुल उपर हुन बाँकी बक्यौता कर्जा रकम असुल उपरका लागि ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी ऋणी तथा सम्बन्धित पक्षहरुको अन्य चल अचल जायजेथा श्री सम्पत्तिबाट समेत बाँकी लेना रकम असुल उपर गरिने हुँदा यथाशिघ्र सम्बन्धीत कर्जा चुक्ता गरी गराई धितो सम्पत्ति फिर्ता लिन हुन ऋणी, धितो धनी तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा पुनः अनुरोध गरिन्छ ।

**बोलपत्र दर्ता गर्ने अन्तिम मिति** — **२०८३/०३/०४ गते/स्थान : शाखा कार्यालय रामगोपालपुर, महोत्तरी**
**बोलपत्र खोलिने मिति/समय** — **२०८३/०३/०८ गते, सोमबार दिनको ३ बजे**

**क्र.सं. | शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी**

**ऋणीको नाम, ठेगाना**

**१.** **नाम : जनकपुर ईट्टा सप्लायर्स**
नेपाल सरकार, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य विभाग
प्रा.फ.र.नं. १५७३९/०७५/०७६, दर्ता मिति : २०७५/०८/२४, पान नं. ६०८८७०६४७, दर्ता मिति : २०७५/०८/२४
ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. १०, **प्रोप्राइटर : विकास चौधरी**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : विकास चौधरी**<br>ना.प्र.नं. १८-०१-७२-०१०१०, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७२/०२/१४<br>बाबुको नाम : कालिचरन चौधरी<br>बाजेको नाम : मोतीचन चौधरी<br>ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ६<br>हाल : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ५ | **२. नाम : मिना देवी चौधरी**<br>ना.प्र.नं. १८-२-०४३/२२, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७३/०३/१५, महोत्तरी<br>पतिको नाम : कालिचरन चौधरी<br>ससुराको नाम : मोतीचन चौधरी<br>ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ६<br>हाल : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ५ |
| **३. नाम : कालिचरन चौधरी**<br>ना.प्र.नं. १४२६२८६६, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५७/०५/०५<br>पतिको नाम : मोतीचन चौधरी<br>ससुराको नाम : नन्दलाल चौधरी<br>ठेगाना : महोत्तरी जिल्ला, सोनामाई वडा नं. ७<br>हाल : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ५ | **४. नाम : विपिन चौधरी**<br>ना.प्र.नं. १८-२-०४३/८७१, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७५/०३/२८<br>बाबुको नाम : कालिचरन चौधरी<br>बाजेको नाम : मोतीचन चौधरी<br>ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ५ |

**धितोको विवरण**

मिना देवी चौधरीको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, रामगोपालपुर न.पा. वडा नं. ४ क स्थित कित्ता नं. ९९० को क्षेत्रफल ०-१-२-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ऋणीको नाम, ठेगाना**

**२.** **नाम : रोजिना किराना तथा जेनेरल स्टोर**
प्रदेश सरकार, प्रदेश नं. २, उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरी
प्रा.फ.र.नं. ५७३६/१६६/०७६/०७७, दर्ता मिति : २०७६/०५/१७, पान नं. ६११८८३८२१, दर्ता मिति : २०७६/०५/२५
ठेगाना : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ७, **प्रोप्राइटर : सिकिल देवी चौधरी**

**जमानतकर्ताको विवरण**

| | |
|---|---|
| **१. नाम : अरुण कुमार चौधरी**<br>ना.प्र.नं. १८-१-०५६/१४६, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६७/०६/१४<br>बाबुको नाम : राजेन्द्र चौधरी थारु<br>बाजेको नाम : जनकलाल चौधरी थारु<br>ठेगाना : महोत्तरी जिल्ला, मेघनाथ गोरहना वडा नं. ५<br>हाल : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ७ | **२. नाम : नविन कुमार चौधरी**<br>ना.प्र.नं. ३३८१२७०५, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०५६/०४/०९<br>बाबुको नाम : राजेन्द्र चौधरी थारु<br>बाजेको नाम : जनकलाल चौधरी थारु<br>ठेगाना : महोत्तरी जिल्ला, मेघनाथ गोरहना वडा नं. ५<br>हाल : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ७ |
| **३. नाम : राजेन्द्र चौधरी थारु**<br>ना.प्र.नं. ३३८१०१३५, जि.प्र.का. महोत्तरी<br>जारी मिति :२०३६/११/०४<br>बाबुको नाम : जनकलाल चौधरी थारु<br>बाजेको नाम : मिठु चौधरी<br>ठेगाना : महोत्तरी जिल्ला, मेघनाथ गोरहना वडा नं. ५<br>हाल : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ७ | **४. नाम : रिना कुमारी चौधरी**<br>ना.प्र.नं. १८-१-७४-००६०५, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०७४/०१/२५<br>पतिको नाम : अरुण कुमार चौधरी<br>ससुराको नाम : राजेन्द्र चौधरी थारु<br>ठेगाना : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ७ |
| **५. नाम : सिकिल देवी चौधरी**<br>ना.प्र.नं. १८३०५६/६७१, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०६३/११/०८<br>पतिको नाम : नविन कुमार चौधरी<br>ससुराको नाम : राजेन्द्र चौधरी थारु<br>ठेगाना : महोत्तरी जिल्ला, मेघनाथ गोरहना वडा नं. ५<br>हाल : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ७ | **६. नाम : कुश्मी देवी**<br>ना.प्र.नं. ३३८११७२५, जि.प्र.का. महोत्तरी<br>जारी मिति : २०४४/११/१४<br>पतिको नाम : राजेन्द्र चौधरी थारु<br>ससुराको नाम : जनकलाल चौधरी थारु<br>ठेगाना : महोत्तरी जिल्ला, मेघनाथ गोरहना वडा नं. ५<br>हाल : महोत्तरी जिल्ला, भंगाहा न.पा. वडा नं. ७ |

**धितोको विवरण**

राजेन्द्र चौधरी थारुको नाममा मालपोत कार्यालय महोत्तरीमा दर्ता श्रेष्ता कायम रहेको महोत्तरी जिल्ला, मेघनाथ गोरहना वडा नं. ५ क स्थित कित्ता नं. ९६ को क्षेत्रफल ०-१-१६-० भएको जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत ।

**ज्योति विकास बैंक लि.**
**JYOTI BIKASH BANK LTD.**
More than a Bank
(नेपाल राष्ट्र बैंकबाट “ख” वर्गको इजाजतपत्रप्राप्त वित्तीय संस्था)

केन्द्रीय कार्यालय : का.म.न.पा. वडा नं. ०१, कमलपोखरी, काठमाडौं, नेपाल
फोन नं. ०१-५९७०३०६-१२
शाखा कार्यालय : रामगोपालपुर, महोत्तरी, फोन नं. ०४४-४१००७३
Website: www.jbbl.com.np, Email: info@jbbl.com.np

# शिक्षा समितिद्वारा पाँच विषयगत उपसमिति गठन

**टुडे समाचारदाता**



काठमाण्डु । प्रतिनिधिसभा अन्तर्गतको शिक्षा, स्वास्थ्य तथा सूचना प्रविधि समितिले समितिका कामकारबाहीका सम्बन्धमा समन्वय एवं सहजीकरण गर्नका लागि सभापति ओजस्वी शेरचनको अध्यक्षतामा ८ सदस्यीय उपसमिति गठन गरिएको छ।

उक्त समितिको बुधबारको बैठकले समितिमा रहेका सबै राजनीतिक दलको प्रतिनिधित्व हुने गरी उक्त उपसमिति गठन गरिएको छ।

नवगठित उपसमितिमा सदस्यहरु पुकार बम, प्रभाव ढकाल, महावीर पुन, रिङ्गला यादव, रमेशकुमार मल्ल, राधिका रम्तेल, लेखजंग थापा र सीता थपलिया छन् ।

सो बैठकबाट समितिको कामकारबाहीलाई गतिशील बनाउने उद्देश्यले कार्यक्षेत्रभित्रको विषय अध्ययन गरी प्रतिवेदन पेस गर्न पाँच वटा विषयगत उपसमिति पनि गठन गरेको छ।

स्वास्थ्य तथा खाद्य स्वच्छतासम्बन्धी उपसमितिमा सांसद कामनी कुमारी, चन्द्रमोहन यादव, तोसिमा कार्की, प्रभा ढकाल, रिंगला यादव र लेखजंग थापा, शिक्षासम्बन्धी उपसमितिमा गणेश पौडेल, गुरुप्रसाद बराल, जगतप्रसाद जोशी, रमेशकुमार मल्ल र राधिका रम्तेल छन् ।

विज्ञान, प्रविधि तथा नवप्रवर्तनसम्बन्धी उपसमितिमा सांसद कुसुम महर्जन, झविलाल डुम्रे, पुकार बम, प्रमिलाकुमारी गच्छदार र महावीर पुन, सूचना तथा सञ्चारसम्बन्धी उपसमितिमा सांसदहरु खुसबु सरकार श्रेष्ठ, शम्भुकुमार यादव, रविन महतो, विष्णुबहादुर खड्का र हरिप्रसाद भुसाल तथा खेलकुदसम्बन्धी उपसमितिमा सांसद अच्युतम् लामिछाने, चन्दनकुमार सिंह, भीमकुमारी बुढामगर, राजन गौतम र सीता थपलिया सदस्य छन् ।

उपसमितिलाई प्रतिनिधिसभा नियमावली, २०८३ अनुसार विषयगत क्षेत्रमा अध्ययन गर्ने, सो सिलसिलामा सम्बन्धित निकायबाट विवरण माग गर्ने तथा ती निकायका पदाधिकारीलाई उपसमितिमा आमन्त्रण गरी छलफल गर्ने र समितिलाई भएका अधिकार प्रयोग गर्न सक्ने कार्यादेश दिइएको सभापति शेरचनले जानकारी दिए।। यस उपसमितिले आफ्नो कार्यावधि छ महिना रहेको जनाइएको छ।

# तलब माग्दै क्यान्सर पीडित कर्मचारी, पालिकामा तालाबन्दी

समाजसेवी विनोदलाल कर्णले जनाए अनुसार बरैले कटहरिया नगरपालिकाबाट पाउनुपर्ने करिब २० महिनाको तलब हालसम्म प्राप्त गरेका छैनन्।

**टुडे समाचारदाता**



रौतहट । रौतहटको कटहरिया नगरपालिका-२ मा पर्ने हथियाहीका कार्यालय सहयोगी श्रीराउत बरै यतिबेला क्यान्सर रोगसँग संघर्ष गरिरहेका छन् । भरतपुरस्थित क्यान्सर अस्पतालमा विगत डेढ महिनादेखि उपचाररत बरै आर्थिक अभावका कारण थप समस्यामा परेका छन् ।

परिवारका अनुसार उनको स्वास्थ्य अवस्था जटिल रहेकाले निरन्तर उपचार, औषधि तथा नियमित स्वास्थ्य निगरानी आवश्यक छ । तर उपचार खर्च बढ्दै जाँदा परिवारलाई आर्थिक व्यवस्थापन गर्न कठिन भइरहेको छ ।

समाजसेवी विनोदलाल कर्णले जनाए अनुसार बरैले कटहरिया नगरपालिकाबाट पाउनुपर्ने करिब २० महिनाको तलब हालसम्म प्राप्त गरेका छैनन्। लामो समयदेखि पारिश्रमिक रोकिँदा परिवारको आर्थिक अवस्था कमजोर बनेको र बिरामी परेपछि समस्या झन् जटिल भएको उनको भनाइ छ।

"एकातिर रोगसँग संघर्ष गरिरहेका छन् भने अर्कोतिर आर्थिक अभावले परिवारलाई थप पीडा दिएको छ," कर्णले भने, "उपचार, औषधि, अस्पतालमा कुरुवा बस्ने तथा आवतजावतको खर्च जुटाउन परिवारलाई निकै कठिन भइरहेको छ।"

हाल बरैको उपचार तथा हेरचाहमा उनका ज्वाइँ महेन्द्र प्रसाद चौरसिया खटिएका छन्। अस्पतालमा बिरामीको रेखदेखदेखि औषधि व्यवस्थापनसम्मका जिम्मेवारी उनले सम्हाल्दै आएका छन्। तर लामो उपचार र बढ्दो खर्चका कारण परिवार आर्थिक संकटमा परेको बताइएको छ।

कटहरिया नगरपालिकामा कार्यरत करार तथा ज्यालादारी कर्मचारीहरूले लामो समयदेखि तलब नपाएको भन्दै गत जेठ ११ गतेदेखि आन्दोलन गरिरहेका छन् । शुरुमा प्रमुख प्रशासकीय अधिकृत हरिप्रसाद पन्तको कार्यकक्ष बाहेक अन्य सबै कक्षमा तालाबन्दी गरिएको थियो । समस्या समाधानतर्फ कुनै पहल नभएको भन्दै गत सोमबार कर्मचारीहरूले प्रमुख प्रशासकीय अधिकृतको कार्यकक्षमा समेत तालाबन्दी गरेका छन् ।

आन्दोलनरत कर्मचारी मुकुन्द यादवले लामो समयदेखि तलब नपाउँदा कर्मचारीहरू आर्थिक तथा मानसिक समस्यामा परेको बताएका छन् । उनका अनुसार नगरपालिकाले कर्मचारीहरूको जायज मागप्रति बेवास्ता गर्दै आएको छ ।

कर्मचारी रामानन्द पासवानले पटक-पटक आवाज उठाउँदा नगरपालिकाले एक-दुई महिनाको तलब मात्रै उपलब्ध गराउने गरेको र मूल समस्या समाधान हुन नसकेको गुनासो गरेका छन् । नियमित तलब नपाउँदा दैनिक जीवन सञ्चालनमै समस्या भएको उनको भनाइ छ ।

उनले क्यान्सरबाट पीडित बरै आर्थिक अभावका कारण अस्पतालबाट डिस्चार्ज हुन नसकेको उल्लेख गर्दै नगरप्रमुख अजय प्रकाश जयसवाललाई कर्मचारीहरूको बाँकी तलब तत्काल भुक्तानी गर्न आग्रह गरेका छन् ।

आन्दोलनका कारण नगरपालिकाको दैनिक प्रशासनिक सेवा प्रभावित बनेको छ । आन्दोलनरत कर्मचारीहरूले आफ्ना माग पूरा नभएसम्म आन्दोलन जारी राख्ने चेतावनी दिएका छन् ।

यसैबीच कटहरिया-४ का वडा अध्यक्ष चन्दन कुशवाहाले नगरपालिकाका सम्पूर्ण कर्मचारी तथा जनप्रतिनिधिहरूलाई क्यान्सरपीडित श्रीराउत बरैको उपचारमा सहयोग गर्न हार्दिक अपिल गरेका छन् ।

## तस्करको आक्रमण : वन कर्मचारीसहित ५ जना घाइते



**टुडे समाचारदाता**

रौतहट । वन संरक्षणका लागि गस्तीमा खटिएको टोलीमाथि तस्कर समूहले आक्रमण गर्दा पाँच जना घाइते भएका छन् ।

रौतहटमा काठ चोरी भइरहेको सूचनाका आधारमा जंगल क्षेत्रमा पुगेको डिभिजन वन कार्यालय र रंगपुर साझेदारी वन उपभोक्ता समितिको संयुक्त टोलीमाथि काठ तस्कर समूहले आक्रमण गरेको छ ।

घटना सोमबार राति चन्द्रनिगाहपुर-मैरा सडकखण्डअन्तर्गत पुल नजिकै भएको बताइएको छा गस्ती गरिरहेको टोलीलाई तस्करहरूले घेरा हालेर कुटपिट गरेका थिए ।

आक्रमणमा डिभिजन वन कार्यालयका सहायक वन अधिकृत राजकुमार चौधरी, वन रक्षक सुरेन्द्र चौधरी, रङ्गपुर साझेदारी वन उपभोक्ता समितिका सदस्य अर्जुन चौधरी र बिमल थापा तथा गस्ती गाडीका चालक अरविन्द पटेल घाइते भएका छन् ।

रंगपुर साझेदारी वन उपभोक्ता समितिका अध्यक्ष अशोक यादवका अनुसार वन क्षेत्रमा काठ चोरी भइरहेको सूचनापछि टोली गस्तीमा गएको थियो । तर जंगलभित्र पुगेपछि तस्कर समूहले संगठित रूपमा उनीहरूमाथि आक्रमण गरेको हो ।

घटनापछि वन कर्मचारी तथा स्थानीय उपभोक्ता समूहले आक्रमणमा संलग्न व्यक्तिमाथि कडा कारबाही गर्न माग गरेका छन् । प्रहरी र वन कार्यालयले घटनामा संलग्न व्यक्तिहरूको पहिचान तथा खोजी कार्य सुरु गरेको जनाएको छ ।

# अज्ञात समूहद्वारा लुटपाट, यादव दम्पति घाइते

**टुडे समाचारदाता**

जलेश्वर । महोत्तरीमा हातहतियारसहित लुटपाट भएको छ । महोत्तरीको सोनमा गाउँपालिका- ३ मा पर्ने खखाना दक्षिणबारी टोलमा गएराती चोरी गर्न आएका ५/६ ज्कनाको समुहले प्रतिवाद गर्दा गोली चलाउँदा श्रीमान श्रीमती घाइते भएका छन् ।



गोली लागेर घाइते भएका दुवै जनालाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि जनकपुरधाम ल्याइएको छ ।

गएराति घरमै सुतिरहेको अवस्थामा एकदम्पतीमाथि गोली प्रहार गरी हत्या गर्ने प्रयास भएको थियो । अनुहार छोपेर आएका ७/८ जनाको अज्ञात समूहले मध्यरातमा घरमा प्रवेश गरी गोली प्रहार तथा कुटपिट गरेको महोत्तरी प्रहरीले जनाएको छ ।

जिल्लाको पिपरा गाउँपालिका-२ मा पर्ने अतरार स्थायी घर भई हाल ससुराली घर सोनमा-३ खखनामा बस्दै आएका सोनमा गाउँपालिकाको स्वास्थ्य शाखामा कार्यरत २८ वर्षीय रामईश्वर यादव र उनकी २२ वर्षीया श्रीमती किरणकुमारी यादव घाइते भएका छन् ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक (डीएसपी) पञ्चलाल गोलेले जनाए अनुसार घटनास्थलमा घरभित्रका सामान छरपस्ट अवस्थामा फेला परेका छन्। घरको दराज तथा विभिन्न बाकस फुटाइएको र तिलहरी, हनुमानीलगायतका गरगहना लुटिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

घाइते यादव दम्पतीलाई राति नै रामगोपालपुर नगरपालिका-९ स्थित जानकी एकेडेमिक अस्पतालमा प्राथमिक उपचार गराई थप उपचारका लागि जनकपुरधामस्थित निजी होस्पिटलमा पठाइएको थियो । उनीहरूको स्वास्थ्य अवस्था हाल स्थिर रहेको बताइएको छ ।

पीडित यादवले अज्ञात समूह घरभित्र प्रवेश गरी कुनै कुरा नगरी आफूलाई नियन्त्रणमा लिएर खुट्टा बाँधेर कुटपिट गरेको र त्यसपछि गोली प्रहार गरेको बताए । उनले आफूलाई बचाउन खोज्दा श्रीमतीमाथि पनि कुटपिट गरी गोली प्रहार गर्दा तिघ्रामा गोली लागेको बताए ।

यता महोत्तरी प्रहरीले घटनामा संलग्न व्यक्तिको खोजी तथा थप अनुसन्धान भइरहेको जनाएको छ ।

# जानकी ट्रेडर्समा आगलागी



**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका-१ मा पर्ने भानुचोकस्थित जानकी ट्रेडर्समा आगलागी भएको छ ।

जनकपुरधाममा मंगलबार राति आगलागी भएपछि स्थानीय, प्रहरी तथा दमकलको टोली परिचालन गरी आगो नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका अनुसार आगलागीको सूचना प्राप्त हुनासाथ प्रहरी टोली घटनास्थल पुगेको थियो । जनकपुरधाम उपमहानगरपालिकाको दमकल, नेपाल प्रहरी र स्थानीयवासीको सहयोगमा आगो नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार आगलागीबाट पसलभित्र रहेका सामानमा क्षति पुगेको प्रारम्भिक अनुमान गरिएको छ । यद्यपि, क्षतिको यकिन विवरण संकलन गर्ने कार्य जारी रहेको छ ।

घटनामा मानवीय क्षति भने नभएको जानकारी प्रहरीले जनाएको छ ।

आगलागीको कारण खुल्न बाँकी रहेको भन्दै प्रहरीले घटनाबारे थप अनुसन्धान भइरहेको जनाएको छ ।

यसका साथै, विद्युत् सर्ट वा अन्य सम्भावित कारणबारे प्राविधिक रूपमा अनुसन्धान गरिने जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

आगलागी घटनापछि सो क्षेत्रमा केही समय त्रासको वातावरण बनेको भए पनि आगो नियन्त्रणमा आइसकेकाले अवस्था सामान्य बनेको धनुषा प्रहरीले जनाएको छ ।

# रौतहटबाट शुरु भयो घरमै पासपोर्ट सेवा शुरु

**दिलिप पाण्डे**

रौतहट । सरकारी सेवा प्रवाहलाई नागरिकमैत्री बनाउने उद्देश्यका साथ सरकारले शुरु गरेको घरमै पासपोर्ट वितरण सेवा रौतहटबाट औपचारिक रूपमा कार्यान्वयनमा आएको छ । अब पासपोर्ट लिन सेवाग्राही कार्यालय धाउनु पर्ने बाध्यता हट्दै हुलाक सेवामार्फत नागरिककै घरआँगनमा पासपोर्ट पुग्ने भएको छ ।



जिल्ला हुलाक कार्यालय रौतहटमार्फत सञ्चालनमा आएको उक्त सेवाको शुभारम्भ रौतहटका प्रमुख जिल्ला अधिकारी दिनेश सागर भुसालले गर्नुभएको हो । शुभारम्भको अवसरमा उहाँले गौर नगरपालिका २ निवासी राजु रामका तर्फबाट उनकी आमा गुडिया देवीलाई पासपोर्ट हस्तान्तरण गर्नुभयो ।वैदेशिक रोजगारीका सिलसिलामा भारतको गुजरातमा रहेका राजु राम र विकास पासवान यस सेवाका पहिलो लाभग्राही बनेका छन् । उनीहरूको पासपोर्ट परिवारका सदस्यमार्फत बुझाइएको हो ।

कार्यक्रममा बोल्दै प्रमुख जिल्ला अधिकारी भुसालले नागरिकले सहज, छिटो र झन्झटरहित रूपमा सेवा प्राप्त गर्न सकून् भन्ने उद्देश्यले यो व्यवस्था लागू गरिएको बताउनुभयो । उहाँका अनुसार सेवा प्रवाहलाई आधुनिक र प्रभावकारी बनाउने सरकारको नीतिअनुसार हुलाक सेवाको माध्यमबाट पासपोर्ट घरमै पुऱ्याउने व्यवस्था गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय र जिल्ला हुलाक कार्यालयबीच २०८३ वैशाख २४ गते सम्पन्न सम्झौता अनुसार हालसम्म घरमै सेवा लिन आवश्यक प्रक्रिया पूरा गरेका २१ जना सेवाग्राहीका पासपोर्ट प्राप्त भइसकेका छन् । अब ती पासपोर्ट सम्बन्धित व्यक्तिको घरमै पुगेर वितरण गरिनेछ ।

घरमै सरकारी सेवा प्राप्त गरेपछि खुसी व्यक्त गर्दै गुडिया देवीले नयाँ व्यवस्थाले सर्वसाधारणलाई ठूलो राहत पुगेको बताउनुभयो । विशेषगरी वैदेशिक रोजगारी, अध्ययन तथा अन्य कारणले देशबाहिर रहेका नागरिकका परिवारका लागि यो सेवा निकै उपयोगी हुने अपेक्षा गरिएको छ ।

पासपोर्ट वितरणमा हुलाक सेवाको प्रयोगसंगै सेवाग्राहीको समय, श्रम र आर्थिक भार घट्ने विश्वास गरिएको छ । सरकारी कार्यालयसम्म पटक पटक धाउनुपर्ने अवस्था अन्त्य गर्दै नागरिकको दैलोसम्म सेवा पुऱ्याउने यो पहललाई सार्वजनिक सेवा सुधारतर्फको महत्वपूर्ण उपलब्धिका रूपमा हेरिएको छ ।

रौतहटबाट सुरु भएको यो अभ्यास सफल भएमा देशका अन्य जिल्लामा समेत प्रभावकारी रूपमा विस्तार हुने अपेक्षा गरिएको छ । यससँगै "राज्यको सेवा घर-घरमा" भन्ने सरकारको प्रतिबद्धताले व्यवहारिक रूप लिन थालेको स्थानीयवासीले बताएका छन् ।

# बालक अपहरण प्रकरणका एकजना पक्राउ

**टुडे समाचारदाता**



जलेश्वर । महोत्तरीमा बालक अपहरण प्रयासमा संलग्न रहेका आरोपमा एकजना फरार व्यक्तिलाई रौतहटबाट पक्राउ गरिएको जनाइएको छ ।

जिल्ला प्रहरी कार्यालय महोत्तरीले जनाए अनुसार पक्राउ पर्ने व्यक्ति रौतहट जिल्लाको गढीमाई नगरपालिका-७ निवासी २३ वर्षीय नवराज अधिकारी छन् ।

गत वैशाख ७ गते दिउँसो करिब २ बजे महोत्तरीबाट तीन जना अज्ञात व्यक्तिले नम्बर नखुलेको मोटरसाइकलमा एक ८ वर्षीय बालकलाई जबरजस्ती राखी अपहरण गर्ने प्रयास गरेका थिए । बालकले चिच्याएर सहायता मागेपछि स्थानीय बासिन्दाले घटनालाई देखेर मोटरसाइकल रोक्न खोजेका थिए । स्थानीयको प्रतिरोधपछि अपहरणकारीहरूले बालकलाई घटनास्थलमै छाडेर फरार भएका थिए ।

घटनाको अनुसन्धानका क्रममा प्रहरीले वारदातमा प्रयोग भएको ना ६४ प ७९९० नम्बरको मोटरसाइकल बरामद गरेको थियो। अनुसन्धानकै क्रममा संलग्न प्रतिवादीमध्येका नवराज अधिकारीलाई गत जेठ १५ गते दिउँसो करिब ३ः३० बजे पक्राउ गरिएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटको सहयोगमा महोत्तरीबाट खटिएको प्रहरी टोलीले गौर नगरपालिका-५ स्थित हस्पिटल चोकबाट उनलाई नियन्त्रणमा लिएको थियो । महोत्तरी प्रहरीका प्रवक्ता तथा सूचना अधिकारी प्रहरी नायब उपरीक्षक पन्चलाल गोलेका अनुसार पक्राउ परेका अधिकारीमाथि थप अनुसन्धानका लागि महोत्तरी जिल्ला अदालतबाट ६ दिनको म्याद थप गरिएको छ । यस घटनामा संलग्न अन्य व्यक्तिहरूको खोजी तथा थप अनुसन्धान कार्य जारी रहेको महोत्तरी प्रहरीले जनाएको छ ।

# चार हजारभन्दा बढी विद्यार्थी भएका सामुदायिक विद्यालय

**टुडे समाचारदाता**

काठमाण्डु । मुलुकभरका सामुदायिक विद्यालयमध्ये चार हजारभन्दा बढी विद्यार्थी हुनेमा रूपन्देहीका सबैभन्दा बढी देखिएका छन् । मुलुकभरमा चार हजारभन्दा बढी नौ सामुदायिक विद्यालय रहेकामा तीन विद्यालय रूपन्देहीकै रहेका छन् । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयका अनुसार रूपन्देहीको बुटवल उपमहानगरपालिकास्थित कालिका मानवज्ञान माविमा देशभरिमै सबैभन्दा बढी आठ हजार दुई सय ३९ विद्यार्थी छन् । रूपन्देहीकै तिलोत्तमा नगरपालिकाको शान्ति नमूना माविमा सात हजार एक सय २०, बुटवल उपमहानगरपालिकाकै कान्ति माविमा छ हजार ३४ र नवीन औद्योगिक कदरबहादुर रीता माविमा पाँच हजार तीन सय ४० विद्यार्थी रहेका छन् ।




रूपन्देहीपछि काठमाडौंमा बढी विद्यार्थी भएका सामुदायिक विद्यालय रहेका छन् । काठमाडौं महानगरपालिकाको ज्ञानोदय माविमा चार हजार सात सय ४६ र विश्वनिकेतन माविमा चार हजार तीन सय एक विद्यार्थी रहेको छन् ।

धनुषाको विदेह नगरपालिकाको जनता नमूना माविमा छ हजार दुई सय ६६, मोरङको सुन्दरहरैचा नगरपालिकाको सुकुना माविमा चार हजार छ सय ४२, भक्तपुरको भक्तपुर नगरपालिकाको वागीश्वरी माविमा चार हजार एक सय ८५ र कपिलवस्तुको शिवराज नगरपालिकाको नेपाल आदर्श माविमा चार हजार एक सय १४ विद्यार्थी रहेका छन् ।

अर्थ मन्त्रालयद्वारा प्रकाशित आर्थिक सर्वेक्षण, २०८२/८३ का अनुसार पछिल्लो समयमा विद्यालय व्यवस्थापन, नेतृत्व, लगानी र गुणस्तर वृद्धिका लागि भएका विभिन्न प्रयासका कारण सामुदायिक विद्यालयमा विद्यार्थीको आकर्षण बढ्दै गएको छ । हाल देशभरका परम्परागतसहित २७ हजार १० सरकारी विद्यालय छन् । रासस

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१–५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८